"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र संमृद्धिको आधार"

# वार्षिक गतिविधि प्रतिवेदन

## आ.व. २०८२/०८३




## राष्ट्रिय मानव अधिकार आयोग

### कोशी प्रदेश कार्यालय, विराटनगर

# राष्ट्रिय मानव अधिकार आयोग

## कोशी प्रदेश कार्यालय, विराटनगरका कर्मचारीहरू


वीर बहादुर बुढा मगर
सह-सचिव/कार्यालय प्रमुख


दयाराम पाठक
उप-सचिव


चिरञ्जीवी कोइराला
मानव अधिकार अधिकृत


कृष्ण नारायण श्रेष्ठ
लेखा/प्रशासन अधिकृत


डिल्लीराम लम्साल
मानव अधिकार अधिकृत


तुलशा कार्की
मानव अधिकार अधिकृत


यमराज आङदेम्बे
मानव अधिकार अधिकृत


भिमसेन थापा मगर
मानव अधिकार अधिकृत


सुमिना आचार्य
सूचना प्रविधि सहायक


श्री राम साह
सहायक प्रथम


विष्णु पराजुली
सवारी चालक


पशुपति चौधरी
सवारी चालक


देवेन्द्र रेग्मी
कार्यालय सहयोगी


मथुरा थापा रेग्मी
कार्यालय सहयोगी


ज्ञानचन्द्र राजवंशी
सुरक्षा गार्ड

# वार्षिक गतिविधि प्रतिवेदन

## आ.व. २०८२/८३

## राष्ट्रिय मानव अधिकार आयोग

### कोशी प्रदेश कार्यालय, विराटनगर

**प्रकाशक:**

राष्ट्रिय मानव अधिकार आयोग
कोशी प्रदेश कार्यालय, विराटनगर
फोन नं. ०२१-५९०९९३, ५१२९३१, ५१११००

**इमेलः** nhrcbrt@nhrcnepal.org
**वेबसाइटः** www.koshi.nhrcnepal.org
**फेसबुक:** www.facebook.com/nhrckoshi

**प्रकाशन मितिः** २०८३ असार
**प्रकाशन प्रतिः** ५००

**मुद्रणः** जनक छापाखाना, विराटनगर

**सर्वाधिकारः** राष्ट्रिय मानव अधिकार आयोग
कोशी प्रदेश कार्यालय, विराटनगर

*नोटः आयोगको पूर्व स्वीकृतिबिना यस गतिविधि प्रतिवेदनलाई पुनःउत्पादन एवं मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरू प्रयोगमा ल्याउन सकिनेछ ।*

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय मिहिर ठाकुर
माननीय मनोज दुवाडी
माननीय डा. लिली थापा

**सचिव**

श्री मुरारिप्रसाद खरेल

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगको कोशी प्रदेश कार्यालय, विराटनगरले आ.व. २०८२/२०८३ को गतिविधिहरुको विवरण सहितको वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ ।

कोशी प्रदेश कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि गरेका प्रयासहरूको म हार्दिक सराहना गर्दछु । राज्यले आयोगलाई प्रदान गरेको कार्यदिशाको परिपालना गराउने कार्यमा आफ्नो तर्फबाट यस कार्यालयले निरन्तर योगदान गरिरहनेमा म ढुक्क छु ।

यस प्रकाशनले प्रदेशको मानव अधिकार अवस्थाको चित्रण गर्दै कार्यालयले सामना गरेका चुनौतीहरू, प्राप्त उपलब्धिहरू र भविष्यका लागि चाल्नु पर्ने आवश्यक कदमहरूको बारेमा प्रकाश पार्ने कुरामा दुई मत छैन ।

अन्त्यमा, मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अहोरात्र खटिने कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव श्री बीर बहादुर बुढा मगरसहित सम्पूर्ण कर्मचारीहरूलाई मेरो हार्दिक धन्यवाद छ ।

(तप बहादुर मगर)
अध्यक्ष

२०८३ असार


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

आफ्नो कार्यालयका वार्षिक गतिविधिहरु समेटेर प्रकाशन हुने वार्षिक गतिविधि प्रतिवेदन वर्षभरिमा कार्यालयले गरेका कार्यहरु झल्काउने एउटा महत्वपूर्ण प्रकाशन हो । आयोगको कोशी प्रदेश कार्यालय, विराटनगरले यस आर्थिक वर्षमा गरेका महत्वपूर्ण गतिविधि समेटेर वार्षिक गतिविधि प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो । नेपालले विभिन्न समयमा हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धि, सम्झौता र त्यसमा व्यवस्था गरिएबमोजिम मानव अधिकारका विषयहरुलाई संस्थागत गर्दै देशको परिवेश अनुसार नागरिकहरुको मानव अधिकार संरक्षण गर्नका लागि नेपाल सरकारबाट विभिन्न संवैधानिक र कानूनी व्यवस्थाहरु गरिएका छन् । मानव अधिकारको सुनिश्चितताको लागि नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक मान्यता दिएको र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तर्जुमा भइ मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनका उजूरीउपर अनुसन्धान, मानव अधिकार अवस्था अनुगमन, प्रवर्द्धनात्मक कार्य गर्न र सो बमोजिम नेपाल सरकारलाई आवश्यक सुधारका लागि सिफारिस गर्ने अधिकार आयोगलाई प्राप्त रहेको छ । नेपाल संघीय संरचनामा गइसकेको अवस्थामा मानव अधिकार सुनिश्चतताका लागि तीन तहका सरकारहरुलाई थप जवाफदेही बनाउन आयोगको रणनीतिक योजना (२०२१-२०२६)ले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न मातहतका कार्यालयहरुले वार्षिक कार्ययोजना बनाइ कार्य गर्दै आइरहेका छन् ।

आफ्नो वार्षिक कार्यक्रममा तय भएका अनुसन्धान,अनुगमन र प्रवर्द्धनात्मक कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरेकोमा म आयोगको कोशी प्रदेश कार्यालय, विराटनगरका सम्पूर्ण टिमलाई बधाई ज्ञापन गर्दछु। उक्त प्रयासले आयोगको संवैधानिक कार्यादेश पालना तथा मानव अधिकारको संस्कृति विकासमा महत्वपूर्ण योगदान पुगेको ठानेको छु। यसै सन्दर्भमा आयोगको कोशी प्रदेश कार्यालय, विराटनगरले आ.व.२०८२/८३ मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन र प्रवर्द्धनात्मक कार्यहरु अन्तर्गत सम्पन्न गतिविधिहरुलाई समेटेर समयमै आफ्नो वार्षिक गतिविधि प्रतिवेदन तयार गर्न लागेकोमा तहाँ कार्यालयलाई म अग्रिम शुभकामना व्यक्त गर्न चाहन्छु ।

यस प्रकारको प्रतिवेदनले आयोगको कोशी प्रदेश कार्यालयको वर्षभरिका गतिविधि, तहाँको मानव अधिकार अवस्था, प्राप्त उपलब्धिहरु,अवसर र चुनौतीहरु लगायत भविष्यमा आवश्यक सुधारका लागि चाल्नुपर्ने कदमहरुका विषयमा प्रकाश पारी आगामी दिनमा प्रदेश सरकार, स्थानीय सरकार तथा मानव अधिकार रक्षकसहितको साझा प्रयास र प्रयत्नबाट उल्लेखित चुनौतीहरु सामना गर्दै मानव अधिकारको संरक्षण र संवर्द्धनमा आयोगको तहाँ कार्यालय अझ बढी सफल र सक्षम हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

अन्त्यमा, मानव अधिकारको संरक्षण र संवर्द्धनमा अहोरात्र खटिने आयोगको कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख सहित सम्पुर्ण कर्मचारी परिवारलाई मेरो हार्दिक धन्यवाद छ ।

मुरारिप्रसाद खरेल
सचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# कार्यालय प्रमुखको मन्तव्य

नेपालको संविधान बमोजिम मानव अधिकारको संरक्षण र संवर्धनका साथै यसको कार्यान्वयनको सुनिश्चित गर्ने संवैधानिक जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगको रहेको छ। यही जिम्मेवारी पुरा गर्न आयोगको एक केन्द्रीय कार्यालय, सात प्रदेश कार्यालय र तीन शाखा कार्यालय सञ्चालनमा छन। कोशी प्रदेशमा आयोगको कार्यालय विराटनगरमा छ। विराटनगर स्थित हाम्रो कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम बमोजिमका गतिविधिहरू यस आ.व. मा सफलतापूर्वक सम्पन्न गरेको छ। कार्यालयले वर्षभरी सम्पन्न गरेका गतिविधिहरूका साथै प्रदेशको मानव अधिकार अवस्था र सरोकारवालाहरूलाई सुझाव समेत समेटी आयोगको कोशी प्रदेश कार्यालय, विराटनगरको यस आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, मानव अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिसँगै नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन र नागरिकका हक-अधिकारको रक्षाका लागि हाम्रो कार्यालय स्थापनाकालदेखि नै क्रियाशील रहँदै आएको छ। प्रदेशका नागरिकहरूको मानव अधिकारको अवस्थालाई सुदृढ बनाउन यस कार्यालयले अनुगमन, अनुसन्धान, सचेतनामूलक कार्यक्रम तथा सरोकारवाला निकायहरूसँगको समन्वयलाई निरन्तरता दिँदै आएको छ। मिहिनेती र प्रतिबद्ध कर्मचारीहरूको योगदानले गर्दा आ.व. २०८२/८३ मा आयोगको यस कार्यालयबाट निर्धारित वार्षिक कार्यक्रमहरू सत प्रतिशत सम्पन गर्न सफल भएका छौं।

यस आर्थिक वर्षमा आयोगको यस कार्यालयमा १०५ वटा उजूरी निवेदन प्राप्त भएकोमा ९६ वटा उजूरी निवेदन साधारण दर्ता गरी आवश्यक परामर्श र पहल मार्फत समाधान गरिएका छन् भने ९ वटा मानव अधिकार उल्लङ्घनका उजूरीहरू संरक्षण दर्ता भएका छन्। ती मध्ये ४ वटा निवेदन उपरको अनुसन्धान सम्पन्न भइ निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएको छ। बाँकी ५ वटा उजूरी निवेदन उपर अनुसन्धान जारी रहेको छ।

यसै आर्थिक वर्षमा १३ वटा अनुसन्धान मिसन मार्फत १०६ वटा उजूरी उपर अनुसन्धान भएको छ। यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ८ जिल्लाहरूमा स्थलगत भ्रमण गरी भएको अनुसन्धानबाट छानबिन सम्पन्न गरी ८९ वटा उजूरी निर्णयका लागि केन्द्रीय कार्यालय पठाएको र अन्य १७ वटा उजूरीमा प्रतिवेदन, CMRS लगायतको कार्य चलिरहेको छ।

प्रतिवेदन अवधि (आ.व. २०८२/८३) मा ४३ वटा अनुगमन सम्पन्न गरिएको छ। जसमा व्यवसाय र मानव अधिकार, विद्यालयमा हुने शारीरिक दण्ड, प्रतिनिधि सभा सदस्य निर्वाचन, जेन्जी प्रदर्शन, कारागार तथा हिरासत कक्षहरूको अवस्था अनुगमन महत्वपूर्ण रहेका छन्। महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायको अधिकार संरक्षणका सवालहरूमा यस कार्यालयले सघन रूपमा अनुगमन र पैरवी गरेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूमा निरन्तर अनुगमन गरी पीडितलाई न्याय र परिपूरणको प्रत्याभूति दिलाउन तथा दोषीलाई कानूनी दायरामा ल्याउन राज्यका सम्बन्धित निकायहरूलाई आवश्यक सिफारिस, सुझाव एवं निर्देशनहरू प्रदान गरिएका छन्।

यस आर्थिक वर्षमा आयोगको यस कार्यालयबाट ३५ वटा संवर्धनात्मक कार्यक्रमहरू मार्फत ४९५८ जना व्यक्तिहरूमा मानव अधिकार सचेतना अभिवृद्धि गर्ने प्रयास भएको छ । त्यस्तै विद्यालयमा गरिएको अनुगमनको क्रममा ७ जिल्लामा १४ वटा कार्यक्रम मार्फत २० वटा विद्यालय तथा कलेजका ११७८ जनालाई अभिमुखीकरण गरिएको छ । उक्त कार्यबाट मानव अधिकार संस्कृतिको विकास गर्दै जागरूक समाज निर्माण गर्ने आयोगको रणनैतिक कार्ययोजनाको लक्ष्य प्राप्तिमा मद्दत पुग्ने ठानेको छु ।

हाम्रा प्रयासहरूका बाबजुद पनि समाजमा अझै पनि घरेलु हिंसा, जातीय विभेद, बालअधिकार उल्लङ्घन र यातनाका घटना भइरहेका छन् । आर्थिक-सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था अझै सन्तोषजनक छैन । सीमान्तकृत, लैङ्गिक तथा धार्मिक अल्पसङ्ख्यकको अधिकारको संरक्षणको सवालमा अझै चुनौती विद्यमान छन् । यी चुनौतीहरूको सामना गर्न आयोग एक्लैको प्रयास पर्याप्त हुँदैन । तसर्थ, आगामी दिनमा मानव अधिकारको संस्कृति निर्माणका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज, सञ्चार जगत् र आम नागरिकको उत्तिकै सक्रिय सहभागिता र प्रतिबद्धता आवश्यक रहेको महसुस गरेको छु ।

अन्तमा, आयोगको कार्यसम्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने कोशी प्रदेश सरकार, स्थानीय तहहरू, सुरक्षा निकाय, न्यायपालिका, नागरिक समाज, सञ्चारकर्मी तथा मानव अधिकार रक्षकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै, अहोरात्र खटिएर कार्यसम्पादन गर्ने यस कार्यालयका सम्पूर्ण सहकर्मीहरू एवं यस प्रतिवेदन लेखनको संयोजन गर्नु हुने मानव अधिकार अधिकृत श्री तुलशा कार्कीलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यहाँहरूको रचनात्मक सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

धन्यवाद !

वीर बहादुर बुढा मगर
सहसचिव/कार्यालय प्रमुख

२०८३ असार

# संक्षिप्त रूप

| | |
|---|---|
| CAT | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४ |
| CEDAW | महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ |
| CRC | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ |
| CRPD | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि |
| FPIC | Free, Prior and Informed Consent |
| ICCPR | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ |
| ICERD | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९८५ |
| ICESCR | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ |
| ICPED | बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ |
| ICRMW | आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० |
| आ.व. | आर्थिक वर्ष |
| उमनपा | उपमहानगरपालिका |
| का.प्र. | कार्यालय प्रमुख |
| कार्यालय | राष्ट्रिय मानव अधिकार आयोगको कोशी प्रदेश कार्यालय, विराटनगर |
| के.का. | राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय |
| क्र.सं. | क्रम सङ्ख्या |
| गापा | गाउँपालिका |
| जिसस | जिल्ला समन्वय समिति |
| नं. | नम्बर |
| नपा | नगरपालिका |
| प्रका | राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश कार्यालय |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| पृ. | पृष्ठ |
| मा.अ.अ. | मानव अधिकार अधिकृत |
| मनपा | महानगरपालिका |
| रू. | रूपैयाँ |

# विषयसूची


**परिच्छेद १: परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार ........ २

१.३ कार्यालयको कार्यक्षेत्र ........ ४

१.४ संगठनात्मक संरचना ........ ४

१.५ प्रतिवेदनको उद्देश्य ........ ५

**परिच्छेद २: कार्यालयबाट सम्पादित कार्यहरू** ........ ६

२.१ संरक्षण सम्बन्धी कार्यहरू ........ ६

२.१.१ उजूरी र परामर्श ........ ६

२.१.२ अनुसन्धान सम्बन्धी गतिविधि ........ ९

२.१.३ आ.व.२०८२/८३ मा निर्णयार्थ पेश तथा आयोगबाट भएका निर्णयहरू ........ ११

२.१.४ अनुगमन सम्बन्धी गतिविधि ........ १६

२.१.५ केही विषयगत अनुगमनको छोटकरी विवरण ........ १७

२.२ संवर्धन सम्बन्धी कार्यहरू ........ ३४

२.२.१ केही विषयगत संवर्धन सम्बन्धी कार्यहरूको छोटकरी विवरण ........ ३५

**परिच्छेद ३: कोशी प्रदेशको मानव अधिकार अवस्था** ........ ४२

३.१ परिचय ........ ४२

३.२ विषयगत मानव अधिकार अवस्था ........ ४३

३.२.१ नागरिक तथा राजनीतिक अधिकार ........ ४३

३.२.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार ........ ४४

३.२.३ महिला अधिकार ........ ५१

३.२.४ बाल अधिकार ........ ५३

३.२.५ जातीय विभेद उन्मूलन सम्बन्धी अवस्था ........ ५५

३.२.६ बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार ........................................ ५६

३.२.७ यातना विरुद्धको अधिकार........................................ ५८

३.२.८ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ........................................ ५९

३.२.९ आप्रवासी कामदारको अधिकार ........................................ ६१

३.२.१० सामूहिक अधिकार........................................ ६३

३.२.११ दिगो विकास (Sustainable Development) र मानव अधिकार ........................................ ७३

**परिच्छेद ४: प्रशासन तथा लेखा सम्बन्धी गतिविधि ........................................ ७५**

४.१ प्रशासन सम्बन्धी गतिविधि........................................ ७५

४.२ बजेट तथा खर्च सम्बन्धी विवरण........................................ ७६

**परिच्छेद ५: उपलब्धि, चुनौती र सरोकारवालालाई सुझाव ........................................ ७७**

५.१ उपलब्धि........................................ ७७

५.२ चुनौती ........................................ ७८

५.३ सरोकारवालालाई सुझाव तथा सिफारिस........................................ ८०

**अनुसूचीहरू........................................ ८२**

अनुसूची १ - कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरू (क्षेत्रफल र कुल जनसङ्ख्या)...... ८२

अनुसूची २ - आयोगको कोशी प्रदेश कार्यालयमा कार्यरत कर्मचारीको विवरण ........................................ ८३

अनुसूची ३ - आ.व. २०८२/८३ मा सम्पन्न अनुसन्धान सम्बन्धी कार्य विवरण ........................................ ८४

अनुसूची ४ - आ.व. २०८२/८३ मा सम्पन्न अनुगमन सम्बन्धी कार्य विवरण ........................................ ८५

अनुसूची ५ - आ.व. २०८२/८३ मा सम्पन्न संवर्धन सम्बन्धी कार्य विवरण........................................ ९०

अनुसूची ६ - बजेट तथा खर्च सम्बन्धी विवरण........................................ ९५

अनुसूची ७ - कार्यक्रम तथा तालिमहरूमा सहभागी भएको विवरण ........................................ ९७

अनुसूची ८ - कोशी प्रदेश कार्यालयबाट प्रकाशित प्रेस नोट ........................................ १०२

सन्दर्भ सामग्री ........................................ १०३

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

मानव अधिकारका आधारभूत मूल्य-मान्यताहरूको परिपालनाबिना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन। यही मान्यतालाई आत्मसात् गर्दै नेपालमा मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्धनको सुनिश्चितताको लागि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो। मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम वि.सं. २०५७ जेठ १३ गते स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगलाई सर्वप्रथम नेपालको अन्तरिम संविधान, २०६३ मार्फत संवैधानिक निकायको रूपमा मान्यता दिइएको थियो। नेपालको वर्तमान संविधानले समेत उक्त संवैधानिक हैसियतलाई निरन्तरता प्रदान गर्दै भाग २५ अन्तर्गत धारा २४८[1] र २४९[2] मा आयोगको गठन, कार्यक्षेत्र, अधिकार तथा जिम्मेवारीको स्पष्ट व्यवस्था गरेको छ। नेपालको संविधानले आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने स्वतन्त्र र विशिष्ट संवैधानिक निकायका रूपमा स्थापित गरेको छ।

संविधान तथा अन्य कानूनले प्रदान गरेको दायित्व पूरा गर्न विराटनगरमा स्थापित आयोगको यस कोशी प्रदेश कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी उजूरीहरूको ग्रहण गर्ने, अनुसन्धान तथा प्रतिवेदन मार्फत सिफारिस गर्ने, मानव अधिकारको अवस्थाबारे नियमित अनुगमन गर्ने, संवेदनशील विषयहरूमा अध्ययन तथा प्रतिवेदन तयार गर्ने, मानव अधिकार शिक्षा तथा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने तथा सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य प्रवर्धन गर्ने कार्य गर्दै आएको छ। प्रदेशभित्र मानव अधिकारमैत्री शासन प्रणालीको विकास, जवाफदेहिता प्रवर्धन तथा पीडितमैत्री न्याय सुनिश्चित गर्न कार्यालयले निरन्तर सक्रिय भूमिका निर्वाह गरिरहेको छ।

यस आर्थिक वर्ष २०८२/८३ को अवधिमा कोशी प्रदेश कार्यालयद्वारा सम्पादित कार्यहरूको समग्र अभिलेख तथा विश्लेषणात्मक दस्तावेजका रूपमा यो प्रतिवेदन तयार गरिएको हो। प्रतिवेदनमा प्रदेशको मानव अधिकार अवस्थाको समग्र समीक्षा, आयोगमा दर्ता भएका उजूरीहरूको प्रवृत्ति र अवस्था, अनुसन्धान तथा अनुगमनबाट प्राप्त निष्कर्ष, मानव अधिकार संवर्धनका कार्यक्रम, आयोगका निर्णय तथा सिफारिसहरूको कार्यान्वयन स्थिति र मानव अधिकार संरक्षणका क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरू समेटिएका छन्। साथै, यस प्रतिवेदन मार्फत मानव अधिकार संरक्षण र प्रवर्धनका क्रममा देखिएका चुनौती, संस्थागत सीमितता तथा सुधारका आवश्यक क्षेत्रहरूको विश्लेषण गर्दै सम्बन्धित सरकारी निकाय, प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज तथा अन्य सरोकारवालाहरूले अवलम्बन गर्नुपर्ने नीतिगत तथा कार्यगत उपायहरूबारे पनि प्रतिवेदनले मार्गनिर्देश गर्ने प्रयास गरेको छ। अतः यो प्रतिवेदन केवल गतिविधिहरूको विवरण मात्र नभई कोशी प्रदेशको मानव अधिकार अवस्थाको समग्र प्रतिबिम्ब तथा आगामी दिनमा प्राथमिकताका क्षेत्र पहिचान गर्ने आधारका रूपमा उपयोगी रहने अपेक्षा गरिएको छ । साथै यसले मानव अधिकारको संस्कृति सुदृढीकरण, संस्थागत जवाफदेहिता

[1] नेपालको संविधान (२०७२) अनुसार नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा अध्यक्ष र चार जना सदस्य रहनेछन् (धारा २४८(१))।

[2] ऐ. अनुसार मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हो (धारा २४९(१))

अभिवृद्धि तथा संविधानद्वारा प्रत्याभूत अधिकारहरूको प्रभावकारी उपभोग सुनिश्चित गर्न सकारात्मक योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

## १.२ राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानमा मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु यस आयोगको कर्तव्य हुनेछ[3] भनी उल्लेख गरिएको छ र उल्लेखित कर्तव्य निर्वाह गर्न आयोगले निम्न बमोजिमको काम[4] गर्नुपर्ने व्यवस्था गरिएको छः

क. कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

ख. मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

ग. मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

घ. मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ङ. मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

च. मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

छ. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

ज. मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

[3] ऐ., धारा २४९(१) ।

[4] ऐ., धारा २४९(२) ।

नेपालको संविधानले निर्धारण गरेको कार्यादेश बमोजिम यस आयोगले कार्यसम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहाय बमोजिमको अधिकार[5] प्रयोग गर्दछः

क. कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दसी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

ख. मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा बिना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

ग. कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भइ तत्काल कारवाही गर्नुपर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

घ. मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने।

**राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिमको थप काम, कर्तव्य र अधिकार[6] निम्न छन्:**

क. मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने,

ख. मानव अधिकारको उल्लङ्घन भएको बारे अदालत समक्ष दाबी समावेश भएको विचाराधीन मुद्दाका विषयमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्ने,

ग. मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

घ. मानव अधिकारको संरक्षण, संवर्धन, प्रवर्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

ङ. मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

च. मानव अधिकारको विद्यमान अवस्थाबारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने,

छ. मानव अधिकारको संरक्षण, संवर्धन तथा प्रवर्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने।

---

[५] ऐ., धारा २४९(३)।

[६] राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, दफा ४।

## १.३ कार्यालयको कार्यक्षेत्र

मानव अधिकार संरक्षणसम्बन्धी सेवामा नागरिकहरूको पहुँच विस्तार गर्ने तथा क्षेत्रीय स्तरमा मानव अधिकारको अवस्थाको प्रभावकारी अनुगमन एवम् सम्बोधन गर्ने उद्देश्यले आयोगले वि.सं. २०६१ माघ २६ गते विराटनगरमा क्षेत्रीय कार्यालय स्थापना गरेको थियो । नेपालको संघीय शासन प्रणाली कार्यान्वयनसँगै आयोगको संरचनात्मक पुनर्संयोजन गरिएपछि मिति २०७५ असार ८ गतेको आयोगको निर्णयअनुसार यस कार्यालयलाई राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरका रूपमा पुनः संरचित गरिएको हो। हाल यस कार्यालयको भौगोलिक क्षेत्राधिकारभित्र कोशी प्रदेश अन्तर्गतका ११ वटा जिल्लाहरू र १११ वटा स्थानीय तहहरू रहेका छन्। कोशी प्रदेशको खोटाङ जिल्लामा रहेको प्रदेश शाखा कार्यालयको कार्यक्षेत्र खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाहरू रहने गरी तोकिएको छ।

कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरूको विवरण अनुसूची १ मा संलग्न गरिएको छ।

## १.४ संगठनात्मक संरचना

कार्यालयको निम्न बमोजिमको संगठनात्मक संरचना रहेको छः




कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण अनुसूची २ मा संलग्न गरिएको छ।

## १.५ प्रतिवेदनको उद्देश्य

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगको प्रदेश कार्यालयबाट सम्पादन भएका काम-कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गर्न सकिने संवैधानिक व्यवस्था तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५[७] अनुसार सार्वजनिक निकायले आफ्नो कार्यसम्पादन सम्बन्धी सूचना आम नागरिकसमक्ष सरल, सहज र पारदर्शीरूपमा प्रवाह गर्नुपर्ने दायित्व रहेको छ । सोही व्यवस्था अनुरूप आर्थिक वर्ष २०८२/८३ मा आयोगको प्रदेश कार्यालयबाट सम्पादित मानव अधिकारसम्बन्धी उजूरी तथा परामर्श व्यवस्थापन, अनुगमन, अनुसन्धान, मानव अधिकार संरक्षण तथा संवर्धनसम्बन्धी कार्यक्रम तथा अन्य गतिविधिहरूका विवरण सम्बन्धित सरोकारवाला निकाय तथा आम नागरिकलाई जानकारी गराउनु यस प्रतिवेदनको प्रमुख उद्देश्य रहेको छ ।

आयोगको कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरूमा विषयगत अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धि तथा राष्ट्रिय कानूनी व्यवस्थाका आधारमा मानव अधिकारको समग्र अवस्थाको विश्लेषण तथा चित्र प्रस्तुत गर्दै मानव अधिकार संरक्षण, प्रवर्धन र कार्यान्वयनको अवस्थाबारे तथ्यपरक जानकारी उपलब्ध गराउनु यस प्रतिवेदनको अर्को उद्देश्य रहेको छ ।

[7] सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ (दफा ५(१))

# परिच्छेद २: कार्यालयबाट सम्पादित कार्यहरू

## २.१ संरक्षण सम्बन्धी कार्यहरू

### २.१.१ उजूरी र परामर्श

यस कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरूमा संविधान, ऐन तथा प्रचलित कानूनद्वारा प्रदान गरिएको अधिकार प्रयोग गरी विभिन्न प्रकृतिका उजूरीहरू ग्रहण गर्ने तथा मानव अधिकारको उल्लङ्घन भएको सूचनाका आधारमा समेत कार्यालयले स्वविवेकमा (Suo-Moto) उजूरी ग्रहण गरी अनुसन्धान कार्य गर्दै आएको छ। प्राप्त उजूरीहरूको प्रकृतिअनुसार सम्बन्धित निकायसँग आवश्यक विवरण तथा जानकारी माग गर्ने, स्थलगत अनुगमन गर्ने, तथ्य प्रमाण सङ्कलन गर्ने र अनुसन्धान सम्पन्न गरी त्यसबाट प्राप्त निष्कर्षका आधारमा पीडित तथा प्रभावित परिवारलाई राहत, क्षतिपूर्ति तथा न्याय सुनिश्चित गर्न आवश्यक सिफारिसका लागि प्रतिवेदन आयोगसमक्ष प्रस्तुत गरिन्छ।

मानव अधिकार उल्लङ्घनको क्षेत्राधिकारभन्दा बाहिर रहेका वा अन्य निकायबाट सम्बोधन हुन सक्ने विषयहरूमा आवश्यक परामर्श प्रदान गर्ने, उजूरीलाई सामान्य अभिलेखीकरण गर्ने तथा सम्बन्धित निकायबाट कानूनी उपचार प्राप्त गर्न सेवाग्राहीलाई सहजीकरण गर्ने कार्यसमेत कार्यालयले निरन्तर रूपमा गर्दै आएको छ।

#### २.१.१.१ उजूरी

आयोगको कोशी प्रदेश कार्यालयमा यस आ.व.मा जम्मा १०५ वटा उजूरी/निवेदन प्राप्त भएकोमा ९६ वटा उजूरी निवेदन सामान्य दर्ता गरी आवश्यक परामर्श र पहल मार्फत समाधान गरिएका छन्। मानव अधिकार उल्लङ्घनका ९ वटा उजूरी दर्ता भएका छन्। यस आ.व.मा दर्ता गरिएका उजूरी र गत आर्थिक वर्षमा बक्यौता रहेका सहित जम्मा १९९ थान उजूरी उपर यस कार्यालयबाट छानविन तथा अनुसन्धान भइरहेको छ।

**आ.व २०८२/८३ मा दर्ता भएका उजूरीहरूको विवरण:**

| क्र.सं. | उजूरी दर्ता मिति | जिल्ला | मानव अधिकार उल्लङ्घनको विषय | उजूरीको अवस्था |
|---|---|---|---|---|
| १ | २०८२/०५/०९ | सुनसरी | आवासको हकबाट वञ्चित गराइएको | अनुसन्धान सम्पन्न |
| २ | २०८२/०९/१३ | सुनसरी | उद्योगद्वारा भएको वातावरण प्रदुषणले स्वास्थ्यमा असर पारेको | अनुसन्धान सम्पन्न |
| ३ | २०८२/१२/०५ | झापा | हत्याको आरोपको कारण आरोपितका परिवार सामाजिक बहिष्कार भएको घटनाको विषयमा सम्बन्धित निकायबाट कारबाही नभएको | अनुसन्धान सम्पन्न |
| ४ | २०८२/१२/०६ | सुनसरी | मृत्यु | अनुसन्धान सम्पन्न |
| ५ | २०८३/०१/१० | ताप्लेजुङ् | द्वन्द्वको घटनाको क्षतिपूर्ति नपाएको | अनुसन्धानरत |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८३/०२/०५ | झापा | न्याय प्रशासन | अनुसन्धानरत |
| ७ | २०८३/०२/११ | सुनसरी | प्रहरीबाट यातना | अनुसन्धानरत |
| ८ | २०८३/०२/२५ | सुनसरी/मोरङ | जातीय विभेद | अनुसन्धानरत |
| ९ | २०८३/०३/०१ | झापा | प्रहरीबाट यातना | अनुसन्धानरत |

*तालिका १- आ.व २०८२/८३ मा दर्ता भएका उजूरीहरूको संक्षिप्त विवरण*

### २.१.१.२ यस कार्यालयमा मौजुदा विषयगत उजूरी:

कार्यालयमा विभिन्न समयमा दर्ता भएका मानव अधिकार उल्लङ्घन सम्बन्धी उजूरीको सङ्ख्या हाल १९९ वटा रहेको छ। मौजुदा उजूरीहरूमध्ये सबैभन्दा बढी उजूरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी ८० वटा र सबैभन्दा कम बाल अधिकारका २ र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी २ वटा र जातीय विभेदमा १ वटा रहेका छन्।




*चार्ट १: आयोगको कोशी प्रदेश कार्यालयमा रहेको विषयगत मौजुदा उजूरी सङ्ख्या*

| **कार्यालयमा मौजुदा विषयगत उजूरी सङ्ख्या** | | |
|---|---|---|
| **क्र.सं** | **मानव अधिकार उल्लङ्घनका उजूरीको विषय** | **आ.व. २०८२/८३** |
| १ | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी (हत्या र न्याय प्रशासन) | ८० |
| २ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी | ५४ |
| ३ | महिला अधिकार सम्बन्धी | ४ |
| ४ | बाल अधिकार सम्बन्धी | २ |
| ५ | यातना सम्बन्धी | १६ |
| ६ | बेपत्ता बनाइएका व्यक्तिको अधिकार सम्बन्धी | ४० |
| ७ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी | २ |
| ८ | जातीय भेदभाव सम्बन्धी | १ |
| **जम्मा** | | **१९९** |

*तालिका २- आ.व २०८२/८३ मा मौजुदा उजूरीहरूको संक्षिप्त विवरण*

### २.१.१.३ यस कार्यालयमा मौजुदा जिल्लागत उजूरी सङ्ख्या:

आयोगको यस कार्यालयमा रहेका उजूरीहरूको जिल्लागत विवरण देहायबमोजिम रहेको छ:

| कार्यालयमा मौजुदा उजूरी सङ्ख्या | | | |
|---|---|---|---|
| **क्र.सं** | **जिल्ला** | **आ.व. २०८२/८३** | **कैफियत** |
| १ | मोरङ | ३५ | |
| २ | सुनसरी | १३ | |
| ३ | तेह्रथुम | २ | |
| ४ | धनकुटा | ९ | |
| ५ | भोजपुर | ११ | |
| ६ | उदयपुर | २२ | |
| ७ | संखुवासभा | २० | |
| ८ | झापा | ५ | |
| ९ | इलाम | २५ | |
| १० | पाँचथर | १३ | |
| ११ | ताप्लेजुङ | ४४ | |
| **जम्मा** | | **१९९** | |

*तालिका ३: आयोगको कोशी प्रदेश कार्यालयमा रहेको मौजुदा जिल्लागत उजूरी सङ्ख्या*

### २.१.१.४ परामर्श तथा प्राप्त निवेदन, उजूरी र उजूरी उपर कारवाहीको अवस्था

आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयमा जम्मा १०५ वटा उजूरी तथा निवेदन प्राप्त भएका छन् । प्राप्त उजूरी निवेदन अधिकांश परामर्श, सहजीकरण तथा सम्बन्धित निकायसँग आवश्यक समन्वयमार्फत समाधान गर्न सकिने प्रकृतिका रहेकाले त्यस्ता निवेदनहरूमा निवेदकलाई आवश्यक कानूनी तथा प्रक्रियागत परामर्श प्रदान गर्नुका साथै आवश्यकता अनुसार सम्बन्धित निकाय तथा सरोकारवालासँग समन्वय गरी समस्या समाधानका लागि पहल गरिएको छ ।

यस आर्थिक वर्षमा आयोगको कोशी प्रदेश कार्यालयबाट प्राप्त १०५ निवेदन मध्ये जम्मा ९६ वटा निवेदनमा परामर्श सेवा प्रदान गरिएको छ भने ९ वटा निवेदनलाई मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरूमा उजूरी दर्ता गरी अनुसन्धान गरिएको छ । परामर्शका लागि प्राप्त निवेदनहरू मुख्यतः घरेलु हिंसा, जबरजस्ती करणी, पारिवारिक जग्गा विवाद, दाइजोका कारण सिर्जित समस्या, मिटर ब्याजसम्बन्धी विवाद, आवासको हक, सम्बन्ध विच्छेद पश्चात उत्पन्न पारिवारिक तथा सामाजिक समस्या, मानसिक स्वास्थ्यसँग सम्बन्धित विषय, विद्यालयमा हुने शारीरिक दण्ड, श्रीमानबाट बेवास्ता गरिएका महिलाका समस्या, ज्येष्ठ नागरिकका अधिकार, बाटो निर्माण तथा विस्तारका क्रममा स्थानीयवासीले भोग्नुपरेका विस्थापन तथा अतिक्रमणका समस्या, अदालतको आदेश कार्यान्वयन नभएका विषय, अन्तरजातीय विवाहका कारण भोग्नुपरेका विभेद

तथा कठिनाइ, सांस्कृतिक अधिकार उल्लङ्घन लगायतका विषयसँग सम्बन्धित रहेका छन् । यस्ता विषयमा उजूरीकर्तालाई आवश्यक परामर्श, कानूनी जानकारी तथा प्रक्रियागत सहजीकरण उपलब्ध गराइएको छ । साथै, प्रारम्भिक अध्ययनबाट मानव अधिकार उल्लङ्घनको विषय देखिएका तथा आयोगको क्षेत्राधिकारभित्र पर्ने उजूरीहरू दर्ता गरी आवश्यक अनुसन्धान तथा कारबाही प्रक्रिया अगाडि बढाइने तथा आवश्यक परेको खण्डमा उजूरी ग्रहण गरी कारबाही अघि बढाइने गरिएको छ ।

कार्यालयमा यस आर्थिक वर्षमा दर्ता भएका मानव अधिकार उल्लङ्घनसम्बन्धी ९ वटा उजूरी मध्ये ४ वटा उजूरीको अनुसन्धान सम्पन्न भइसकेको छ भने बाँकी ५ वटा उजूरीमा आवश्यक तथ्य तथा प्रमाण सङ्कलन, सम्बन्धित निकायसँग समन्वय तथा थप अनुसन्धानका कार्यहरू जारी रहेको छ । यसले आयोगमा प्राप्त उजूरीहरूको प्रभावकारी व्यवस्थापन, परामर्श सेवाको विस्तार तथा मानव अधिकार उल्लङ्घनका घटनामा निष्पक्ष र वस्तुनिष्ठ अनुसन्धानमार्फत न्यायमा पहुँच सुनिश्चित गर्नेछ । यस आर्थिक वर्षमा आयोगको विराटनगर कार्यालयमा प्राप्त उजूरीको कार्यान्वयन अवस्था निम्न बमोजिम रहेको छ:




*चार्ट २: आ.व. २०८२/८३ मा कार्यालयमा प्राप्त निवेदन उजूरी र उजूरी कार्यान्वयनको अवस्था*

## २.१.२ अनुसन्धान सम्बन्धी गतिविधि

यस कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरूमा मानव अधिकारको सम्मान, संरक्षण तथा परिपुर्तिका लागि प्राथमिकताका आधारमा अनुसन्धान कार्य गरिएको छ । कार्यालयले मानव अधिकार उल्लङ्घन हुन सक्ने वा भएका घटनाहरू, संवेदनशील विषयवस्तु, सरोकारवाला निकाय तथा सेवा प्रदायक संस्थाहरूको नियमित एवम् आवश्यकता अनुसार आकस्मिक स्थलगत अनुगमन/अनुसन्धान गरी मानव अधिकारको अवस्थाको मूल्याङ्कन, तथ्य सङ्कलन तथा सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गरेको छ ।

| आ.व. २०८२/८३ मा सम्पन्न अनुसन्धान सम्बन्धी कार्य विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ । |
| --- |

यस आर्थिक वर्षमा कार्यालयबाट १३ वटा अनुसन्धान टोली मार्फत जम्मा १०६ वटा उजूरी उपर अनुसन्धान कार्य सम्पन्न गरिएको छ । अनुसन्धानका क्रममा प्राप्त तथ्य, प्रमाण, बयान, बकपत्र, सर्जमिन मुचुल्का तथा सम्बन्धित पक्षसँग आवश्यक छलफलका आधारमा ८९ वटा उजूरीको अनुसन्धान सम्पन्न भएको छ भने १७ वटा उजूरीमा थप प्रमाण सङ्कलन, सम्बन्धित पक्षसँग थप जानकारी लिनुपर्ने तथा अन्य आवश्यक प्रक्रिया पूरा गर्नुपर्ने देखिएकाले ती उजूरीहरूमा थप अनुसन्धान कार्य जारी रहेको छ । कार्यालयले अनुसन्धानका माध्यमबाट मानव अधिकारको अवस्था वस्तुगतरूपमा मूल्याङ्कन गर्दै पीडितलाई न्यायमा पहुँच सुनिश्चित गराउने, जिम्मेवार निकायको जवाफदेहिता अभिवृद्धि गर्ने तथा मानव अधिकार संरक्षण र प्रवर्धनमा संस्थागत योगदान पुऱ्याउने उद्देश्यका साथ अनुसन्धानका गतिविधिहरूलाई निरन्तरता दिएको छ ।

आ.व. २०८२/८३ मा अनुसन्धान भएका उजूरीहरूको महासन्धिगत तथ्याङ्क  देहायबमोजिम रहेको छ:




*चार्ट ३: यस आ.व.मा अनुसन्धान सम्पन्न भएका उजूरीहरूको विषयगत विवरण*

आ.व. २०८२/८३मा अनुसन्धान भएका उजूरीहरूको जिल्लागत तथ्याङ्क देहायबमोजिम रहेको छ:

| क्र.सं | जिल्ला | अनुसन्धान भएका फाइल सङ्ख्या |
|---|---|---|
| १ | मोरङ | ३२ |
| २ | सुनसरी | १० |
| ३ | तेह्रथुम | ० |
| ४ | धनकुटा | ४ |
| ५ | भोजपुर | ० |
| ६ | उदयपुर | ३ |
| ७ | संखुवासभा | १० |
| ८ | झापा | ७ |

| | | |
|---|---|---|
| ९ | इलाम | १५ |
| १० | पाँचथर | ० |
| ११ | ताप्लेजुङ | २५ |
| **जम्मा** | | **१०६** |

*तालिका ४ आ.व. २०८२/८३ मा यस कार्यालयबाट सम्पन्न गरिएका अनुसन्धानको जिल्लागत विवरण*

## २.१.३ आ.व.२०८२/८३ मा निर्णयार्थ पेश तथा आयोगबाट भएका निर्णयहरू

### २.१.३.१ निर्णयार्थ पेश गर्न पठाइएका उजूरी

आयोगको कोशी प्रदेश कार्यालयमा विभिन्न जिल्लाका विभिन्न विषयका दर्ता भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजूरीको अनुसन्धान सम्पन्न गरी यस आ.व.मा जम्मा ८९ वटा उजूरीहरू निर्णयार्थ पेश गर्न केन्द्रीय कार्यालयमा पठाइएको छ र उक्त उजूरीहरू विषयगत उजूरीका आधारमा देहाय बमोजिम प्रस्तुत गरिएको छः




*चार्ट ४ अनुसन्धान सम्पन्न गरी केन्द्रीय कार्यालयमा पठाइएका विषयगत उजूरीको विवरण*

आ.व. २०८२/८३मा अनुसन्धान सम्पन्न गरी केन्द्रीय कार्यालयमा निर्णयार्थ पठाइएका उजूरीको जिल्लागत तथ्याङ्क देहायबमोजिम रहेको छ:

| क्र.सं | जिल्ला | निर्णयार्थ पठाइएका उजूरी सङ्ख्या |
|---|---|---|
| १ | मोरङ | २२ |
| २ | सुनसरी | १३ |
| ३ | तेह्रथुम | - |
| ४ | धनकुटा | - |
| ५ | भोजपुर | १ |
| ६ | उदयपुर | ८ |

| | | |
|---|---|---|
| ७ | संखुवासभा | ७ |
| ८ | झापा | १२ |
| ९ | इलाम | १२ |
| १० | पाँचथर | २ |
| ११ | ताप्लेजुङ | १२ |
| **जम्मा** | | **८९** |

*तालिका ५: अनुसन्धान सम्पन्न गरी केन्द्रीय कार्यालयमा निर्णयार्थ पठाइएका उजूरीको जिल्लागत तथ्याङ्क*

## २.१.३.२ आयोगवाट आ.व. २०८२/८३ मा निर्णय भएका उजुरी

यस कार्यालयबाट अनुसन्धान सम्पन्न गरी निर्णयार्थ पेश गरी पठाइएका उजूरी फाइलहरूमा यो आ.व.मा १० वटा उजूरी फाइलहरू उपर आयोगबाट निर्णय भएको छ । यस आ.व. २०८२/८३ र उक्त निर्णयको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छः

**१. उजूरी नं. ११५९, सुरक्षाकर्मीबाट हत्या, कोशी प्रदेश कार्यालय, विराटनगर**

उजूरीकर्ता : श्री प्रसाद लिम्बु, साविक साब्ला गाविस वडा नं.८, तेह्रथुम ।

**उजूरीको व्यहोराः** तेह्रथुम जिल्ला साविक साब्ला गाविस वडा नं.८का श्री प्रसाद लिम्बुलाई मिति २०६२ /१२/२ गते जिरी खिम्ती बजारमा साधारण पोशाकमा रहेका तत्कालीन शाही नेपाली सेनाले गोली हानी घाइते बनाएको र घाइते अवस्थामै भएको बेला पुन: गोली हानी हत्या गरेको उजूरी ।

**निर्णयः** बिना हातहतियारका निर्दोष नागरिकलाई ३०/४० जना सेनाको टोलीले गोली हानी हत्या गरेको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट समेत देखिएकाले निज श्री प्रसाद लिम्बुको बाँच्न पाउने अधिकार समाप्त भएको पाइयो । श्री दल गुल्मका प्रमुख सोभित बहादुर अधिकारीको नेतृत्वमा रहेको गुल्म र सोही गुल्मबाट खटि गएको सुरक्षा टोलीबाट श्री प्रसाद लिम्बुको गोली हानी हत्या भएको भन्ने मिसिल संलग्न कागजात तथा आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिएकाले तत्कालीन श्री दल गुल्मका प्रमुख सोभित बहादुर अधिकारी कार्यरत उक्त घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी बुझी कानून बमोजिम कारवाही गर्न भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने । राहत स्वरुप रूपैया १०,००,०००/-(दश लाख) बुझिसकेको देखिँदा त्यसतर्फ केही गर्न परेन ।

**२. उजूरी नं. २८९, बम बिष्फोटबाट मृत्यु तथा घाइते, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ताः** शमीम कमर, संयुक्त टोल संगठन संयोजक साविक विराटनगर उपमहानगरपालिका वडा नं. २२ मोरङ

**उजूरीको व्यहोराः**मोरङ जिल्लाको उर्लाबारीमा मिति २०६३/९/११ गते प्लाष्टिक टिप्ने क्रममा बेवारिसे अवस्थामा रहेको फलामको सकेट बम बिष्फोट भई मोरङ जिल्ला साविक विराटनगर उमनपा-२२ बस्ने

बबनी भन्ने सहाना खातुन घाइते भएको र ऐ.ऐ. बस्ने बर्ष १७ की मुसनी खातुन भन्ने जमिला खातुनको घटनास्थलमै मृत्यु भएको भन्ने व्यहोराको उजूरी।

**निर्णयः** नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३/०८/०५मा भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं.५ को ५.१.४ मा "दुबै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरूको ३० दिनभित्र एक अर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन्" भन्ने व्यवस्था रहेको छ। विस्तृत शान्ति सम्झौता भएको ६० दिनभित्रै मिति २०६३/९/११ गते मोरङ जिल्लाको उर्लावारीस्थित प्रहरी चौकी नजिकै बेवारिसे बम विस्फोटबाट सर्वसाधारण नागरिकहरू मुसनी खातुन भन्ने जमिला खातुनको मृत्यु तथा बबनी भन्ने सहाना खातुन घाइते भएको र पीडितका परिवारले हालसम्म क्षतिपूर्ति प्राप्त नगरेको पाइएकाले बम विष्फोटनमा परी मृत्यु हुने मृतक मुसनी खातुन भन्ने जमिला खातुनका परिवारलाई तीन लाख रूपैयाँ र घाइते हुने बबनी भन्ने सहाना खातुनलाई एक लाख रूपैंया क्षतिपूर्ति बापत उपलब्ध गराउन भनी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने।

३. **उजूरी नं. ११५८, दोहोरो भिडन्तमा मृत्यु, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ता:** बसन्ती ईरुङवाङ, साविक सिम्ले गाविस वडा नं. ९, तेह्रथुम।

**उजूरीको व्यहोराः** जिल्ला तेह्रथुम, साविक सिम्ले गाविस वडा नं. ९ की जनज्योति मा.वि. कक्षा ६ मा अध्ययनरत १४ बर्षीया बसन्ती ईरुङवाङलाई तत्कालीन माओवादी पक्षले अपहरण गरी लगेकोमा तत्कालीन शाही नेपाली सेनाले मिति २०६२/०२/२३ गते माओवादी बसेको घरमा घेरा हाली गोली चलाउँदा निज बालिका र एकजना नाम नखुलेका महिला गरी दुईजनाको मृत्यु भएको उजूरी।

**निर्णयः** बालिका बसन्ती ईरुङवाङ लिम्बुको दोहोरो भिडन्तमा परि मृत्यु भएको र निजको आमा मिलन कुमारी लिम्बुले राहत वापत रूपैंया १०,००,०००(दश लाख) प्राप्त गरिसकेको देखिएकाले सो सम्बन्धमा केही गरिरहन परेन। तर नेकपा माओवादीले १४ बर्षीया नाबालिका बसन्ती ईरुङवाङ लिम्बुको अपहरण गरी सशस्त्र द्वन्द्वमा प्रयोग गर्दा राज्यपक्ष र माओबादी बीचको मुठभेडका क्रममा मृत्यु भएको आयोगको अनुसन्धानबाट देखिएकाले सशस्त्र द्वन्द्वमा नाबालिकालाई संलग्न गराउने तत्कालीन नेकपा माओवादीका कार्यकर्तालाई पहिचान गरी बुझी कानून बमोजिम कारवाहीका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ बमोजिम नेपाल सरकारलाई सिफारिस गर्ने।

४. **उजूरी नं. २२४, बेपत्ता, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ताः** पीडितका बुबा र आमा (नाम गोप्य राखिएको) साविक विराटनगर उपमहानगरपालिका वडा नं. ६, मोरङ।

**उजूरीको व्यहोराः** मोरङ जिल्ला, साविक विराटनगर उपमहानगरपालिका वडा नं. ६ निवासी एक महिला (नाम गोप्य राखिएको) विराटनगरस्थित गोग्राह माविमा कक्षा ९ मा अध्ययनरत हुँदाका समयमा अपहरणमा परी बेपत्ता भएको भन्ने उजूरी।

**निर्णयः** प्रेम विवाह भइ सम्बन्ध विच्छेद भइसकेको भन्ने देखिँदा निज महिलाको हालको स्थिति बेपत्ता नरहेको देखिन आएकोले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी तामेलीमा राखिदिनु ।

**५. उजूरी नं.४२७, माओवादीबाट अपहरण, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ता :** तत्कालीन शाही नेपाली सेनाको पूर्वी पृतना मानव अधिकार शाखा, इटहरी, सुनसरी ।

**उजूरीको व्यहोराः** इलाम जिल्लाको हर्कटे एरियाबाट देवी ढकाल, कुमार गुरुङ, सुर्यमान श्रेष्ठ, मंगल राई, चित्रा सापकोटा र दुर्गा खवासलाई तत्कालीन नेकपा माओवादीले अपहरण गरेको भन्ने उजूरी ।

**निर्णयः** अपहरणमा परेका भनिएका व्यक्तिहरूको वतन नखुलेको हुँदा वतन खुली आएका बखत कारवाही गर्ने गरी राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी हाल तामेलीमा राखिदिनु ।

**६. उजूरी नं. ९३९, विस्थापित, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ताः** लक्ष्मी प्रसाद गुरागाई, साविक चुलाचुली गाविस वडा नं.६ हाल चुलाचुली गाउँपालिका वडा नं. ३, इलाम ।

**उजूरीको व्यहोराः** इलाम जिल्ला चुलाचुली गाउँपालिका वडा नं. ३ साविक चुलाचुली गाविस वडा नं.६ का लक्ष्मी प्रसाद गुरागाईलाई मिति २०६३ सालमा तत्कालीन नेकपा माओवादीको समूहले अपहरण गरी निज लक्ष्मी प्रसाद गुरागाईको नाममा रहेको जग्गा कब्जा गरी विस्थापित गरेको भन्ने व्यहोराको उजूरी ।

**निर्णयः** विस्थापित भएको भनिएका व्यक्ति लक्ष्मी प्रसाद गुरागाई हाल पुन:स्थापित भई आफ्नै घरमा स-परिवार बसोबास गरिरहेको । नेकपा माओवादीबाट कब्जा गरेको भनिएको जग्गा समेतको जग्गाधनी पूर्जा उजूरीकर्ताको नाममा नरहेको तथा जग्गा सम्बन्धी मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको भन्ने देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी तामेलीमा राखिदिनु ।

**७. उजूरी नं. ६१९ , न्याय प्राप्तिमा ढिलाई, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ताः** वीर बहादुर राई, साविक दिक्तेल गाविस वडा नं.९, सोलमा, खोटाङ्ग ।

**उजूरीको व्यहोराः** खोटाङ्ग जिल्ला साविक दिक्तेल गाविस वडा नं.९, सोलमाका वीर बहादुर राईको कर्तव्य ज्यान मुद्दा मिति २०५१ माघ २२ गतेबाट विचाराधीन रहेकोले तोकेको भन्दा धेरै समय कारागार बस्नु परेकोले अदालतबाट फैसला गराई कारागार मुक्त गरी पाउँ भन्ने उजूरी ।

**निर्णयः** खोटाङ्ग जिल्ला दिक्तेल-९ बस्ने वीर बहादुर राईलाई सर्वोच्च अदालतको च.नं.१५मु.१५९६८ मिति २०६३/१/१३को पत्रानुसार निज वीर बहादुर राई थुनामुक्त भइसकेको देखिएकाले अन्य कारवाही गरिरहन परेन । राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी तामेलीमा राखिदिनु ।

**८. उजूरी नं. ७५१, नोकरीबाट अवकाश दिएको, कोशी प्रदेश कार्यालय, विराटनगर**

**उजूरीकर्ताः** प्रतिभा गिरी, पाख्रिबास नगरपालिका वडा नं.८, धनकुटा ।

**उजूरीको व्यहोरा:** जिल्ला धनकुटा, पाख्रिबास नगरपालिका वडा नं.८ की प्रतिभा गिरी मिति २०६६ जेष्ठ ७ गतेदेखि श्री सरस्वती माध्यमिक विद्यालय, पाख्रिवासमा कार्यालय सहयोगी पदमा करार नियुक्त भएसँगै नोकरी गर्दै आइरहेकोमा २०७७ पौष ९ गतेदेखि लागु हुने गरी अवकाश दिइएको भन्ने उजूरी।
**निर्णय:** उजुरकर्ता प्रतिभा गिरीलाई विद्यालय व्यवस्थापन समितिले पटक पटक स्पष्टीकरण सोधेको तथा प्रक्रिया पूरा गरी करार भङ्ग गरेको देखिँदा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी तामेलीमा राखिदिनु।

९. **उजूरी नं. ६६२, स्वास्थ्य सम्बन्धी अधिकार, कोशी प्रदेश कार्यालय, विराटनगर**
**उजूरीकर्ता:** आयोगको स्वयम् जानकारीमा लिइएको। (Suo Moto)
**उजूरीको व्यहोरा:** विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले भोजपुर निवासी एक महिला (नाम गोप्य राखिएको) स्वास्थ्य परिक्षण गर्दा एचआईभी पोजिटिभ भएको जनाएको तर ४ दिनसम्म औषधी सेवन गरेपछि एचआईभी पोजेटिभ नपाइएको भन्ने घटनाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको तत्कालीन पूर्वाञ्चल क्षेत्रीय कार्यालयले नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (२) (क), राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८को दफा ११(१), राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारबाही र क्षतिपूर्ति सम्बन्धी) नियम २०६९को नियम ३(११) र राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारबाही सम्बन्धी) निर्देशिका, २०६९को दफा १०(क) र (ग) बमोजिम स्वयम् जानकारीमा लिइएको।
**निर्णय:** निजको व्यक्तिगत जीवनमा आँच आउने गरी हाल सम्पर्क गरिरहँदा निजको पारिवारिक जीवनमा समेत असर पर्ने संवेदनशीलताका आधार र अस्पतालले कानूनसम्मत प्रक्रियाबाट कार्य गर्दा प्राविधिक कारणबाट सो अवस्था सृजना भइ पोजिटिभ आइ औषधी सुरु गरिएको तथा Confirmatory Test का लागि पठाएकोमा रिजल्ट (नतिजा) नेगेटिभ आएपश्चात् औषधीहरू रोकिएको देखिँदा यसतर्फ केही गरिरहन परेन। राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी तामेलीमा राखिदिनु।

१०. **उजूरी नं. २८९, कोशी प्रदेश कार्यालय, विराटनगर**
**उजूरीकर्ता:** अम्बर बहादुर मुग्राती, इलाम चिया बगान।
**उजूरीको व्यहोरा:** नेपाल चिया विकास निगम अन्तर्गतको इलाम चिया बगानमा कार्यरत श्रमिकले २०६२/४/९ देखि बगान बन्द भएपछि सो अवधिको तलब भत्ता लगायतको पारिश्रमिक नपाएको भन्ने उजूरी।
**निर्णय:** नेपाल चिया विकास निगम लिमिटेडले आयोगलाई गराएको जानकारी तथा आयोगको अनुसन्धान टोलीको प्रतिवेदनमा इलाम चिया बगानमा कार्यरत श्रमिकहरूलाई तलब भत्ता लगायतको कुनै पनि रकम व्यवस्थापकले दिन बाँकी नरहेको भन्ने देखिँदा हाल केही गर्न परेन। राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम १० बमोजिम प्रस्तुत उजूरी तामेलीमा राखिदिनु।

## २.१.४ अनुगमन सम्बन्धी गतिविधि

आयोग तथा आयोगका कार्यालयहरूले मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न संवैधानिक तथा कानूनी जिम्मेवारी अनुसार मानव अधिकारका बिभिन्न विषयमा अनुगमन गर्ने गर्दछ। यसै क्रममा आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयबाट विभिन्न विषय तथा क्षेत्रमा जम्मा ४३ वटा अनुगमन सम्पन्न गरिएको छ। यी अनुगमन कारागार, प्रहरी हिरासत, बाल सुधार गृह, उद्योग, सरकारी निकाय तथा मानव अधिकारसँग सम्बन्धित सेवा प्रवाह गर्ने निकाय तथा मानव अधिकारको दृष्टिले संवेदनशील विषयहरूमा केन्द्रित रहेका थिए। उक्त अनुगमनबाट प्राप्त तथ्य तथा निष्कर्षका आधारमा सम्बन्धित निकायलाई आवश्यक सुझाव तथा सुधारात्मक उपाय अवलम्बन गर्न सिफारिस गरिएको छ। साथै, अनुगमनबाट प्राप्त तथ्यका आधारमा मानव अधिकार संरक्षणका लागि आवश्यक नीतिगत तथा संस्थागत सुधारमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ।

**आ.व. २०८२/८३ मा सम्पन्न गरिएका अनुगमनहरूको जिल्लागत विवरण**



| | मोरङ | सुनसरी | तेह्रथुम | धनकुटा | भोजपुर | उदयपुर | संखुवासभा | झापा | इलाम | पाँचथर | ताप्लेजुङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा ९४ | २३ | १७ | ४ | ४ | ५ | ६ | २ | १९ | ७ | ४ | ३ |

*चार्ट ५: विभिन्न विषयमा जिल्लागत अनुगमनको विवरण*

यस आर्थिक वर्षमा आयोगको कोशी प्रदेश कार्यालयको क्षेत्राधिकारमा पर्ने सबै जिल्लामा विविध विषयमा जम्मा ४३ वटा अनुगमन गरिएको छ। उक्त अनुगमनलाई जिल्लागत रूपमा हेर्दा जम्मा ९१ पटक अनुगमन सम्पन्न भएको देखिन्छ। अर्थात् एउटै अनुगमन कार्यक्रम आवश्यकता र विषयवस्तुको प्रकृतिअनुसार विभिन्न जिल्लामा सञ्चालन गरिएकाले जिल्लागत गणनामा अनुगमनको सङ्ख्या बढी देखिएको हो।

आ.व. २०८२/८३ मा सम्पन्न गरिएका अनुगमनहरूको विषयगत विवरण अनुसूची ४ मा समावेश गरिएको छ।

### २.१.५ केही विषयगत अनुगमनको छोटकरी विवरण

#### २.१.५.१ अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच र अपाङ्गतामैत्री संरचनाबारे अनुगमन

नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरूका लागि समानता, समावेशिता, सामाजिक न्याय तथा सुरक्षाका लागि भाग ३ मा मौलिक हकहरूको व्यवस्था गरेको छ। धारा ४२[8] मा सामाजिक न्यायको हक र धारा १८[9] समानताको हकले समान संरक्षणको व्यवस्था गर्दै गैर भेदभावको नीति अवलम्बन गरी सम्मानपूर्वक जीवनयापन गर्ने हक सुनिश्चित गरेका छन्। नेपालले २०६६ पौष १२ गते अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD)को[10] मर्मलाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच तथा सञ्चार सेवामा सहज पहुँच सुनिश्चित गर्न सरकारले 'अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९' जारी गरेको छ। यसले सार्वजनिक भवन, सडक र सेवा प्रवाहमा र्याम्प, टेक्टायल, ब्रेललिपि लगायतका अपाङ्गतामैत्री मापदण्डहरू लागू गर्न जोड दिएको छ।

| |
|---|
| संवैधानिक तथा कानूनी दायित्वको कार्यान्वयनको अवस्थालाई अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरले प्रदेशका तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय) सँग समन्वय गर्दै मिति २०८३ जेष्ठ २५ गतेदेखि ३१ गतेसम्म र असार ३ गतेदेखि ९ गतेसम्म दुई चरणमा अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच तथा अपाङ्गतामैत्री संरचनाबारे अनुगमन सम्पन्न गरेको छ। |

अनुगमनबाट विभिन्न पालिकाहरूमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन भएको, जिल्ला प्रशासन कार्यालय र नगर/गाउँपालिकाबाट शिविर सञ्चालन तथा घरघरमै गएर सेवा प्रदान गरिएको,नयाँ भवनहरूमा लिफ्टको व्यवस्था भएको, पूर्वाधार विकास कार्यालयबाट हुने नयाँ निर्माणमा मापदण्ड अनुसार कार्य गरिएको तथा गर्ने प्रतिबद्धता व्यक्त भएको, पालिकाहरूमा अपाङ्गता सहजकर्ता तथा ओपिडि प्रतिनिधिमार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा कार्यक्रम आयोजना तथा सुझाव लिने गरिएको, विभिन्न पालिकाहरूमा सीप विकास कार्यक्रमहरू सञ्चालन भएको, तेह्रथुमको लालीगुराँस नगरपालिकामा सीप प्रदान गरिएकाहरूबाट सीपमा आधारित भएर बनाइएका उत्पादनहरूलाई पालिकाकै पहलमा कोसेली घर सञ्चालन गरी बजारीकरण गरिएको, पालिकाहरूबाट सहायता सामग्री वितरण तथा कृत्रिम हातगोडा लगाउने, श्रवण नियन्त्रण मेशिन प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको, पालिका तथा प्रशासन कार्यालयबाट भुइँतल्लाबाट सेवा प्रदान गर्ने गरिएको, भोजपुरको अरुण गाउँपालिकाद्वारा अपाङ्गता भएका विद्यार्थीहरूलाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको तथा घरमै शिक्षक राखेर पढाउने व्यवस्था गरिएको, 'क' वर्गका अपाङ्गता भएका व्यक्तिको नि:शुल्क उपचार तथा अन्यलाई छुट प्रदान गरिएको, प्रदेश सरकार, स्थानीय तह र करुणा फाउन्डेसन

---

[8] नेपालको संविधान (२०७२), धारा ४२।

[9] ऐ., धारा १८।

[10] अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, धारा ९।

समेतको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूको सीप विकास, सशक्तीकरण तथा अन्य कार्यक्रम सञ्चालन गरिएको, पूर्वाधार विकास कार्यालयको जनता आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइएको, गाउँ/नगरस्तरीय मूल समिति, वडामा मिलिजुली समूहमार्फत समस्या पहिचान तथा सामूहिक आबद्धतामार्फत नेतृत्व विकास भएको, दोभाषे तालिमका लागि केही पालिकाहरूले बजेट विनियोजन गरेका, भोजपुरको पौवादुङमा गाउँपालिकामा सृजनशील अपाङ्गता संस्थासँग समन्वय गरी आपसी हित प्रवर्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको जस्ता सकारात्मक अभ्यासहरू देखिएका छन् ।

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लामा यस विषयमा अनुगमन गरिएको छ। यसै सन्दर्भमा जम्मा ३१ वटा निकायमा स्थलगत अनुगमन गरिएको छ।

अनुगमन गरिएका जिल्ला प्रशासन कार्यालयहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर सेवा प्रदान गरिनु तथा सहज सेवाका लागि कार्यालय प्रमुख, जनप्रतिनिधिहरूबाट कठिन अवस्थामा भूइँतल्लामा सेवा दिनु, नागरिकको घरसम्म पनि पुगेर सेवा दिनु जस्ता व्यवहारिक व्यवस्थाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रति संवेदनशीलता देखिएको छ । पहाडी क्षेत्रमा भिरालो भौगोलिक स्वरूपको बाबजुद अधिकांश सरकारी भवनहरूमा समतल प्रवेशका लागि आवश्यक व्यवस्था तथा सो सम्भव नभए र्याम्पको व्यवस्था हुनुले राज्यले सार्वजनिक संरचनाहरूलाई अपाङ्गतामैत्री बनाउने दिशामा पहिलो र महत्वपूर्ण पाइला चालिसकेको संकेत गर्छ । प्रायः सबैजसो कार्यालयहरूमा प्रवेश स्थानमा हेल्प डेस्कको व्यवस्थाले सेवाग्राहीको कठिनाइलाई बुझेर सहजीकरण गर्ने संयन्त्र तयार भएको छ । यो सेवाग्राहीका लागि ठूलो राहत भएको देखिन्छ । वेबसाइटहरूमा दृष्टि सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरूको पहुँचले डिजिटल समावेशीकरणको यात्रा सुरु भइसकेको देखाउँछ । यसलाई थप प्राविधिक सहयोगमार्फत पूर्ण बनाउन सकिने देखिएको छ ।

अनुगमनबाट प्राप्त सबैभन्दा कमजोर पक्ष अपाङ्गतामैत्री शौचालयको अभाव हो । शौचालय बिनाको सेवा प्रवाह अपाङ्गता भएका व्यक्तिका लागि असहज हुन्छ । यो मानव अधिकारको आधारभूत आवश्यकतासँग जोडिएको विषय हो । टेक्टाइलको शून्य उपलब्धताले दृष्टिविहीन सेवाग्राहीका लागि भवन भित्रको आवतजावतलाई जोखिमपूर्ण बनाएको छ । पूर्वाधार तयार गर्दा दृष्टिविहीनहरूको पहुँचलाई बेवास्ता गरिएको प्रस्ट देखिन्छ । तोकिएको मापदण्ड अनुसारको र्याम्प नहुँदा ह्वीलचेयर प्रयोगकर्ताहरूका लागि अझै पनि भवन प्रवेश गर्न चुनौतीपूर्ण छ । कतिपय पालिकामा भौगोलिक स्वरुपकै कारण प्रवेश नै असहज हुनुले अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँचमा अवरोध सृजना भएको देखिन्छ ।

राज्यका तीनै तहको सरकारबाट अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### २.१.५.२ जेन-जी प्रदर्शनको अनुगमन

मिति २०८२ भदौ २३ र २४ गते नेपालभर भएको "Gen-Z प्रदर्शन" मुख्यतः भ्रष्टाचार, राजनीतिक अस्थिरता, बेरोजगारी तथा सामाजिक सञ्जालसम्बन्धी प्रतिबन्धप्रति आक्रोश व्यक्त गर्दै गरिएको प्रदर्शनका रूपमा देखिएको थियो । सामाजिक सञ्जालमार्फत सुरु भएको उक्त आन्दोलन नेपालका प्रमुख सहरका साथै कोशी प्रदेशका धरान, विराटनगर, दमक, बिर्तामोड लगायतका सहरहरू तथा जिल्लाका सदरमुकामहरूमा भएको थियो । आन्दोलनका क्रममा विभिन्न सरकारी तथा सार्वजनिक भवन, स्थानीय तहका कार्यालय, राजनीतिक दलका कार्यालय, निजी तथा व्यवसायिक संरचना, बैंक तथा अन्य संस्थागत सम्पत्तिमा तोडफोड तथा आगजनीका घटनाहरू भएका थिए । यस कार्यालयबाट उक्त प्रदर्शनको भदौ २३ गतेदेखि निरन्तर अनुगमन भएको थियो । सो प्रदर्शनको ६ पटक अनुगमन गरिएका र सम्बन्धित निकायसँग निरन्तर समन्वयमा रही मिडिया अनुगमन समेत भएको थियो । अनुगमनबाट उक्त प्रदर्शनको क्रममा कोशी प्रदेशमा जम्मा १० जनाको मृत्यु भएको, २२४ जना प्रदर्शनकारी[11] र दर्जनौँ प्रहरी घाइते भएको तथ्य प्राप्त भएको छ ।

**प्रदर्शनको क्रममा कोशी प्रदेशमा मृत्यु हुनेको विवरण निम्न बमोजिम रहेको छः**

| जिल्ला | मृतकको नाम | उमेर | ठेगाना | घटनास्थल |
|---|---|---|---|---|
| सुनसरी | १. चंखे भनिने मोहन सरदार | अ.४० वर्ष | सुनसरी, इटहरी उमनपा-१४ | इटहरी, सुनसरी |
| | २. अभिषेक श्रेष्ठ | अ.२३ वर्ष | सुनसरी, इनरूवा नपा-६ | इटहरी, सुनसरी |
| | सुनसरी, धरानमा आगजनीमा परी ४ जनाको मृत्यू । (पहिचान नखुलेको) | | | |
| झापा | १. गोपाल सेढाई (ज्ञानिन्द्र सेढाइ) | अ.३० | झापा, अर्जुनधारा नपा-११ | बिर्तामोड, झापा |
| | २. कमल भण्डारी | अ.३० | पाँचथर, हिलिहाङ गा.पा. ३ | बिर्तामोड, झापा |
| | ३. दिनेश राजवंशी | अ.२५ | झापा, अर्जुनधारा नपा-८ | बिर्तामोड, झापा |
| मोरङ | विराटनगरमा आगजनीमा परी १ जनाको मृत्यु । (पहिचान नखुलेको) | | | |

*तालिका ६ जेन्जी प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिहरूको विवरण*

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले देशैभरी भएको घटनाको अनुसन्धान गरी आन्दोलनको क्रममा भएका मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा आयोगको मिति २०८३/२/१२ गतेको बैठकले निर्णय र सिफारिस गरी नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार सिफारिस

[11] जेन-जी (Zen-Z) आन्दोलनको क्रममा घाइते भएका व्यक्तिहरूको विवरण (जम्मा २५९९ जनाको विवरण). स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं

कार्यान्वयन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ।[12] उक्त विषयको जानकारी आयोगले प्रेस-नोट मार्फत गराएको थियो।[13]

| |
|---|
| यसै सम्बन्धमा यस कार्यालयबाट कोशी प्रदेशका प्रभावित तथा प्रभावित हुनसक्ने कारागारहरू, हिरासतहरू र बाल सुधार गृह, मोरङको समेत अनुगमन गरिएको थियो र यस विषयमा विषयगत शीर्षक अन्तर्गत चर्चा गरिएको छ। |

### २.१.५.३ कारागार तथा हिरासतमा थुनुवा कैदी बन्दीको मानव अधिकार अवस्था अनुगमन (जेन्जी प्रदर्शनको प्रभाव समेत)

आयोगको कोशी प्रदेश कार्यालयले कारागारमा कैदी/बन्दीको मानव अधिकार अवस्थाको अनुगमन गरी आयोग समक्ष प्रतिवेदन प्रस्तुत गर्ने र उक्त प्रतिवेदन मार्फत कैदी/बन्दीहरूको मानव अधिकारको सुनिश्चितता र कारागारको स्तरोन्नतिका लागि नेपाल सरकारलाई सिफारिस गर्ने उद्देश्यले नेपालको संविधान[14], राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८[15] तथा राष्ट्रिय मानव अधिकार आयोगको कारागार तथा हिरासत अनुगमन मार्ग निर्देशिका, २०६७ बमोजिम आ.व. २०८१/०८२ मा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै कारागारहरूको तथा भदौ २३ र २४ गते भएको Gen-Z पुस्ताको प्रदर्शन पश्चात परेको असरलाई मध्यनजर गरी केही कारागार तथा हिरासतहरूको विभिन्न मितिमा अनुगमन गरेको छ।

अनुगमन गरिएका कारागारहरूमा भवनहरू अधिकांश पुराना र जीर्ण अवस्थाका रहेका र अधिकांश भवनमा कानूनी सल्लाह तथा परामर्शका लागि एकान्त र गोप्य स्थान समेत अपर्याप्त रहेको पाइएको छ। कारागारहरूले कैदी/बन्दीहरूको अभिलेख व्यवस्थापन सम्बन्धी आधुनिक प्रविधि (PIMS Software) द्वारा विद्युतीय अभिलेखीकरणको सुरुवात गरेतापनि कतिपय कारागारहरूमा आवश्यक कागजात तथा जानकारी व्यवस्थित रूपमा अद्यावधिक गरिएको पाइएन। अधिकांश कारागारमा स्वास्थ्य सेवाको कर्मचारी नभएको, खानेपानी, ढल निकास, फोहोर व्यवस्थापन, विद्युत, महिला कैदी/बन्दीको लागि प्रसूति/शिशु स्याहार तथा बालबालिका र ज्येष्ठ नागरिकलाई थप विशेष सुविधाको कमी रहेको पाइएको छ।

---

[12] राष्ट्रिय मानव अधिकार आयोग, नवयुवा (Gen Z) आन्दोलनको अनुसन्धान प्रतिवेदनको सिफारिस, २०८३, https://www.nhrcnepal.org/uploads/decision/%E0%A4%A8%E0%A4%B5%E0%A4%AF%E0%A5%81%E0%A4%B5%E0%A4%BE_Gen_Z_%E0%A4%86%E0%A4%A8%E0%A5%8D%E0%A4%A6%E0%A5%8B%E0%A4%B2%E0%A4%A8%E0%A4%95%E0%A5%8B_%E0%A4%85%E0%A4%A8%E0%A5%81%E0%A4%B8%E0%A4%A8%E0%A5%8D%E0%A4%A7%E0%A4%BE%E0%A4%A8_%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%A4%E0%A4%BF%E0%A4%B5%E0%A5%87%E0%A4%A6%E0%A4%A8%E0%A4%95%E0%A5%8B_%E0%A4%B8%E0%A4%BF%E0%A4%AB%E0%A4%BE%E0%A4%B0%E0%A4%BF%E0%A4%B8.pdf।

[13] राष्ट्रिय मानव अधिकार आयोग, "नवयुवा (Gen Z) आन्दोलनको अनुसन्धान प्रतिवेदनको सिफारिस नेपाल सरकारलाई," प्रेस नोट, २०८३ जेठ १३, https://www.nhrcnepal.org/press_release/detail/883।

[14] नेपालको संविधान (२०७२), धारा २४९।

[15] राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत कारागाको निरीक्षण तथा अनुगमन गर्ने गराउने र सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने (दफा ४)।

भदौ २३ र २४ गते भएको Gen-Z पुस्ताको प्रदर्शनका क्रममा जिल्ला कारागार कार्यालय सुनसरीबाट १,५८९ जना कैदीबन्दी तथा हिरासतबाट ठूलो संख्यामा थुनुवाहरू फरार भएको पाइयो जसले सामुदायिक सुरक्षा तथा कारागार/हिरासत/बाल सुधार गृहको सुरक्षामा प्रश्न उठेको देखिन्छ। त्यस्तै प्रदर्शनकै क्रममा झापा जिल्लामा ३ जना, सुनसरी जिल्लामा ६ जना (२ जना इटहरीमा र ४ जना धरान स्थित भाटभटेनीमा) र मोरङमा १ (विराटनगरस्थित भाटभटेनीमा) जनाको ज्यान गएको छ। प्रदर्शनमा प्रदर्शनकारीबाट हिंसात्मक र विध्वंशकारी गतिविधि हुनु तथा झापा जिल्लामा प्रहरीमाथि अमानवीय व्यवहार हुनुले जीवन, सम्पत्ति, सार्वजनिक सेवा तथा मानव अधिकारको विषयमा गम्भीर प्रश्न खडा गरेको छ।

नेपालको संविधानले कारागार प्रशासन व्यवस्थापनको अधिकार संघीय सरकार र प्रदेश सरकारको साझा अधिकारको रूपमा व्यवस्था गरेको हुनाले दुबै तहले समन्वय गरी कारागारहरूको क्षमता वृद्धिसँगै भौतिक संरचनाको स्तरोन्नति, स्वास्थ्य सेवा तथा सरसफाइको अवस्थामा सुधार, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा मानसिक रूपमा अशक्त कैदीहरूको लागि विशेष व्यवस्था तथा सीप विकासका कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउनु अत्यावश्यक देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८[16] र ३९[17] बमोजिमको प्रोवेशन तथा प्यारोल बोर्डद्वारा ऐ .ऐनको दफा २२[18], २८[19], २९[20], २९[21] र ३१[22] तथा कारागार ऐन, २०७९ को दफा ४१[23] ले व्यवस्था गरेको खुला कारागार ,प्यारोल, प्रोवेसन, कैद बापत शारीरिक श्रममा लगाउने लगायतका कानूनी प्रावधानको अभ्यास सीमित रहेको पाइएको छ। नेपाल सरकारले यस्ता प्रावधानको प्रभावकारी कार्यान्वयन र कारागारमा रहेका मानव संसाधनको अधिकतम उपयोग गर्ने नीतिलाई कार्यान्वयन गर्न सकेमा कारागार भित्रको चाप ठूलो मात्रामा घट्ने देखिन्छ।

कारागार कार्यालय मोरङमा विगत लामो समयदेखि कैदीबन्दीहरूले जाडो तथा गर्मीको कपडा खर्च तथा मुडा, गलैँचा बिक्री बापतको रकम आन्तरिक प्रशासन र कारागार बाहिर रहेका अभिसेक गिरीको मिलेमतोमा हिनामिना भएको र सो रकम हालसम्म कैदीबन्दीले नपाएको भन्दै असार १३ गते शनिबार कारागार कैदी/बन्दीले विरोध प्रदर्शन गरेको घटना पश्चातको अवस्थाको बारेमा आयोगको कोशी प्रदेश कार्यालयबाट अनुगमन गरिएको छ। अनुगमन टोलीले कारागार कार्यालय प्रमुख, तहाँका सुरक्षा प्रमुख र दुबै ब्लकका आन्तरिक प्रशासन हेर्ने कैदीबन्दीसँग प्रत्यक्ष भेट गरी गरेको कुराकानीबाट १३ गतेको प्रदर्शन १/२ घण्टा चलेको, सो प्रदर्शनबाट कुनै मानवीय तथा आर्थिक क्षति नभएको, हाल तहाँको शान्ति सुरक्षा अवस्था सामान्य रहेको, कारागारभित्र भएको भनिएको आर्थिक हिनामिनाको विषयमा कारागार बाहिर रहेका आरोपित अभिसेक गिरीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान चलिरहेको तथ्य प्राप्त भयो। आयोगले सो

[16] फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ अनुसार प्रोवेशन तथा प्यारोल बोर्ड रहने (दफा ३८)।

[17] ऐ. अनुसार प्रोवेशन तथा प्यारोल बोर्डको काम, कर्तव्य र अधिकार (दफा ३९)।

[18] ऐ. अनुसार सामुदायिक सेवा गर्न आदेश दिन सक्ने (दफा २२)।

[19] ऐ. अनुसार खुल्ला कारागारमा राख्न सकिने (दफा २८)।

[20] ऐ. अनुसार प्यारोलमा राख्न सकिने (दफा २९)।

[21] ऐ. अनुसार सामाजिकीकरण गराउनु पर्ने (दफा ३०)।

[22] ऐ. अनुसार कैद बापत शारीरिक श्रममा लगाउन सकिने (दफा ३१)।

[23] कारागार ऐन २०७९ अनुसार खुला कारागार सम्बन्धी व्यवस्था (दफा ४१)।

विषयमा कारागार प्रमुख तथा सुरक्षा निकाय प्रमुख लगायतलाई शान्ति सुरक्षा कायम राख्न तथा थप सचेतना अपनाउन आवश्यक सुझाव समेत दिएको थियो।

### २.१.५.४ बाल सुधार गृह, मोरङमा कानूनको विवादमा परेका बालकहरूको[24] मानव अधिकार अवस्था अनुगमन (जेन्जी प्रदर्शनको प्रभाव समेत)

बाल सुधार गृह, मोरङमा जम्मा २५५ जना कानूनको विवादमा परेका बालकहरू रहेकोमा भदौ २३ र २४ गते भएको Gen-Z पुस्ताको प्रदर्शनको क्रममा २०४ जना बालकहरू फरार भएका र बाल सुधार गृहमा आगजनी तथा तोडफोड भएको पाइएकाले उक्त विषय तथा अन्य बाल अधिकारको विषयलाई आधार मानी यस कार्यालयले अनुगमन गरेको थियो।

बाल सुधार गृह, विराटनगरको अवस्थातर्फ विचार गर्दा बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त अनुरूप विकासका लागि आवश्यक सुरक्षित आवासको सुविधा, शिक्षाको अधिकार मुख्य रहेता पनि बाल सुधार गृहको भौतिक संरचना र क्षमताभन्दा अधिक बालकहरू राखिएका कारण निजहरू आधारभूत अधिकारहरूबाट नै वञ्चित भइरहेको अवस्था छ। सो भवन २०६२ सालमा निर्माण भएकाले संरचना कमजोर छ र भौतिक पूर्वाधार अपर्याप्त छन्। यसै कारण कानूनत: भिन्न राख्नुपर्ने व्यवस्था हुँदा समेत १८ वर्ष मुनिका र माथिका, पुर्पक्षमा रहेका र सजाय भोगिरहेका बालकहरूलाई र अपाङ्गता भएका बालबालिकालाई पनि छुट्टै व्यवस्थापन गर्न नसकेकाले सबैलाई एउटै स्थानमा राख्नुपरेको तथा १८ वर्ष उमेर पूरा गरेकालाई जिल्ला कारागार कार्यालय, मोरङको छुट्टै भवनमा व्यवस्थापन गर्नु परेको बाध्यात्मक परिस्थिति देखिन्छ। शिक्षाका सन्दर्भमा ४-१० कक्षासम्म पठनपाठन हुने कानूनी व्यवस्था रहेता पनि स्रोतसाधनको अभाव, जीर्ण विद्यालयको संरचना, शिक्षकको कमी लगायतका कारणले गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित नभएको प्रष्ट देखिन्छ।

बाल सुधार गृहमा सुरक्षित भौतिक संरचना, पर्याप्त सुरक्षाकर्मी तथा व्यवस्थापन र आपतकालीन साधनहरूको तत्काल आवश्यक छ। कानूनी दस्ताबेजमा व्यवस्था गरे तापनि राज्यको अभिभावकत्वमा रहेका बालकहरूकै व्यवहारिक रूपमा आधारभूत अधिकारहरूको सुनिश्चितता हुन नसक्दा स्थापित बाल सुधार गृहको उद्देश्य प्राप्तिमाथि प्रश्न उठेको छ।

### २.१.५.५ व्यवसाय र मानव अधिकार (Business and Human Rights) सम्बन्धी अनुगमन

विश्वव्यापीकरण, उदारीकरण र निजी क्षेत्रको तीव्र विस्तारसँगै आर्थिक विकासमा औद्योगिक र व्यवसायिक गतिविधिहरूको भूमिका अत्यन्त महत्वपूर्ण बनेको छ। तर यससँगै श्रम शोषण, वातावरणीय क्षति, उपभोक्ता अधिकार उल्लङ्घन, महिला तथा बालबालिका र विभिन्न समुदायमाथि पर्ने प्रभाव जस्ता मानव अधिकारसम्बन्धी चुनौतीहरू पनि उत्तिकै बढ्दै गएको सन्दर्भमा व्यवसाय र मानव अधिकार (Business and Human Rights) को अवधारणा अन्तर्राष्ट्रिय स्तरमा विकसित भइ राज्य र व्यवसाय दुवैलाई उत्तरदायी बनाउन

[24] बालबाललका सम्बन्धी ऐन, २०७५ अनुसार "कानूनको विवादमा परेका बालबालिका" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनु पर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकाहरूलाई समेत जनाउँछ (दफा २(घ)।

महत्वपूर्ण मापदण्डको रूपमा स्थापित भएको छ। राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र पुनरावलोकन गर्ने दायित्व अनुरूप व्यवसायिक गतिविधिबाट उत्पन्न मानव अधिकारसम्बन्धी अवस्थाको अनुगमन, मूल्याङ्कन र विश्लेषण गर्ने उद्देश्यले कोशी प्रदेशका मोरङ, सुनसरी, झापा, इलाम, उदयपुर र धनकुटा गरी ६ जिल्लाका ३३ वटा खाद्य उत्पादन र प्रशोधनसँग सम्बन्धित उद्योगहरूमा व्यवसाय र मानव अधिकार अवस्थाको अनुगमन सम्पन्न गरिएको छ।

अनुगमनका क्रममा व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड, २०११ (UNGP)[25] अनुरूप व्यवसाय र मानव अधिकारको संरक्षण गर्ने राज्यको दायित्व, व्यवसायमा मानव अधिकारको सम्मान गर्ने उद्योगको जिम्मेवारी र पीडितको उपचारमा पहुँचको अवस्थाका बारेमा अनुगमन गरी सरकारी निकाय, औद्योगिक प्रतिष्ठानका प्रमुख तथा प्रतिनिधि, श्रमिक, ट्रेड युनियन र उद्योग आसपासका समुदायसँग छलफल गरी तथ्य सङ्कलन गरिएको थियो। त्यस्तै व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०८०/८१–२०८४/८५) अनुरूप श्रमिकको अधिकार, उपभोक्ताको अधिकार, महिला तथा बालबालिकाको अधिकार, वातावरण र समुदाय, अन्य देशबाट श्रम गर्न आउने कामदारको अधिकार र गैर-भेदभावको दृष्टिकोणबाट अनुगमन सम्पन्न गरिएको छ। अनुगमनका लागि आयोगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्राविधिक सहयोगमा खाद्य अनुसन्धान निरीक्षकसहित दुई छुट्टाछुट्टै संयुक्त अनुगमन टोली परिचालन गरेको थियो। अनुगमनमा सरकारी, सहकारी तथा निजी स्वामित्वका साना, मझौला र ठूला उद्योगहरू समेटिएका थिए, जसमा दैनिक उपभोग्य खाद्य वस्तुको उत्पादन तथा प्रशोधनसँग सम्बन्धित उद्योगहरू समावेश थिए।

व्यवसायिक क्षेत्रबाट देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्ने र रोजगारीको सिर्जना हुने भए पनि मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन सुनिश्चित गर्नु आवश्यक रहेको सन्दर्भमा आयोगले UNGP का तीन स्तम्भ मानव अधिकारको संरक्षण गर्ने राज्यको दायित्व, व्यवसायमा मानव अधिकारको सम्मान गर्ने उद्योगको जिम्मेवारी र पीडितको उपचारमा पहुँचका आधारमा स्थलगत अनुगमन गरेको हो। अनुगमनबाट राज्यले मानव अधिकार संरक्षणका लागि नीति, संरचना, बजेट तथा कार्यक्रममार्फत प्रयास गरिरहेको र नियमित तथा आकस्मिक अनुगमन तथा नियमनसमेत हुँदै आएको पाइएको छ। यद्यपि सरकारी निकायमा अनुगमनका लागि आवश्यक स्रोत र जनशक्तिको अभाव रहेको तथ्य प्राप्त भएको छ।

---

[25] Guiding Principles on Business and Human Rights, संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालय, https://www.ohchr.org/sites/default/files/documents/publications/guidingprinciplesbusinesshr_en.pdf।







*चार्ट ६ उद्योगमा श्रमिकहरूको सामाजिक सुरक्षामा आवद्धताको अवस्था*    *चार्ट ७ उद्योगहरूमा वातावरणीय अध्ययन प्रतिवेदनको अवस्था*

अनुगमन गरिएका अधिकांश उद्योगहरू कानूनी मापदण्ड अनुसार सञ्चालनमा रहेको, श्रमिकलाई समयमै पारिश्रमिक उपलब्ध गराउने गरेको, खाद्य गुणस्तर समग्रमा सन्तोषजनक रहेको तथा रोजगारी सिर्जना र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याएको देखिन्छ । तर विशेषगरी साना तथा मझौला उद्योगहरूमा वातावरणीय व्यवस्थापनमा कमजोरी, करिब ५१% उद्योगमा वातावरणीय अध्ययन प्रतिवेदन (EIA/IEE) को अभाव, श्रम आपूर्तिकर्तामार्फत कार्यरत श्रमिकका लागि सामाजिक सुरक्षा तथा ट्रेड युनियन पहुँचमा असमानता, साथै उद्योगस्तरीय गुनासो व्यवस्थापन प्रणाली कमजोर रहेको तथ्य अनुगमनमा पाइएको छ । अनुगमनबाट व्यवसाय र मानव अधिकार (Business and Human Rights) सँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था समग्रमा सकारात्मक देखिए पनि कार्यान्वयनका पक्षमा थप सुधारको आवश्यकता रहेको निष्कर्ष निकालिएको छ ।

**व्यवसाय र मानव अधिकार (Business & Human Rights) को अनुगमनका क्रममा अनुगमन गरिएका उद्योगहरूको जिल्लागत विवरण:**

| क्र.सं. | जिल्ला | उद्योग | कैफियत |
|---|---|---|---|
| १ | सुनसरी | सि.जी. फुड्स इन्डस्ट्रिज | |
| २ | | माया धराने बेसार उद्योग | |
| ३ | | कामधेनु डेरी उद्योग | |
| ४ | | महावीर लघु उद्योग | |
| ५ | | धरान डेरी उद्योग | |
| ६ | | सगरमाथा डेरी विशिष्टिकृत सहकारी लिमिटेड | |
| ७ | मोरङ सुनसरी औद्योगिक कोरिडोर | न्युट्री फूड्स प्रा.लि. | |
| ८ | | एसियन थाई फुड पब्लिक लिमिटेड, दुहवी- ८ | |
| ९ | | श्री पशुपती बिस्कुट इन्डष्ट्रिज प्रा.ली | |
| १० | | पर्फेक्ट फुड प्रा.ली, दुहवी- ३ | |

| | | | |
|---|---|---|---|
| ११ | | गुडलाइफ व्रेभरेज | |
| १२ | | क्वालिटि डाइट एण्ड प्रोडक्ट | |
| १३ | मोरङ | बाबा आयल भेजिटेवल इन्डस्ट्रिज | |
| १४ | | बाग्मती आयल इन्डस्ट्रिज प्रा.लि | |
| १५ | | दुग्ध विकास संस्थान | |
| १६ | | किरण क्लासिक बेकरी उद्योग, विराटनगर | |
| १७ | | आर्जु राईस मिल प्रा.ली. | |
| १८ | | स्वस्तीक आयल इन्डस्ट्रिज | |
| १९ | झापा | ऋतिका डेरी उद्योग | |
| २० | | साम्भवी फुड एन्ड बेभरेज प्रा.ली | |
| २१ | | सिद्धि स्पाईस प्रा.ली | |
| २२ | | मनराम फार्म | |
| २३ | | मणी थुप्पा उद्योग | |
| २४ | | एन.एम.सि डेरी उद्योग | |
| २५ | | रिलाइन्स टि इन्डस्ट्रिज | |
| २६ | | मनराम हेन्डी क्राफ्ट | |
| २७ | इलाम | सुन्दरपानी गोर्खा टि स्टेट प्रा.लि. | |
| २८ | | कोशेली ललिपप उद्योग | |
| २९ | उदयपुर | महालक्ष्मी डेरी उद्योग | |
| ३० | | रौता स्प्रिङ वाटर प्रा.लि. | |
| ३१ | | पाथिभरा डेरी उद्योग | |
| ३२ | धनकुटा | श्री कृष्ण घरेलु तथा साना उद्योग | |
| ३३ | | मोहन विस्कुट उद्योग | |

*तालिका न. ७ अनुगमन गरिएका उद्योगहरूको जिल्लागत विवरण*

### २.१.५.६ लोपोन्मुख आदिवासी जनजाति समुदायको मानव अधिकार अवस्था सम्बन्धी अनुगमन

लोपोन्मुख आदिवासी जनजाति समुदायले व्यवहारिकरुपमा भोगिरहेका समस्याहरूको पहिचान गर्ने, संघीय, प्रादेशिक र स्थानीय सरकारबाट भएका प्रयास तथा पहलहरू बुझ्ने, कोशी प्रदेशमा लोपोन्मुख आदिवासी जनजातिको वर्तमान अवस्थालाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने र आदिवासी जनजातिको अधिकार मानव अधिकारको विषय भएकाले यसको सम्मान, संरक्षण, संवर्धन तथा प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझाव तथा सिफारिस गर्ने उद्देश्यले कोशी प्रदेश अन्तर्गत झापा र इलाम जिल्लामा मुख्य बसोबास रहेका लोपोन्मुख आदिवासी जनजाति समुदाय लेप्चा, मेचे र किसानको मानव अधिकारको अवस्था अनुगमन गरिएको छ ।

नेपालमा बसोबास गर्ने सूचीकृत आदिवासी जनजातिमध्ये कोशी प्रदेशमा मुख्य बसोबास रहेको लेप्चा, मेचे र किसान लोपोन्मुख आदिवासी जनजाति हुन् । राज्यले उपलब्ध गराउने सेवा सुविधा, आदिवासी जनजाति समुदायको अवस्था र आवश्यकता अनुरूप प्राथमिकताका आधारमा न्यायोचित ढङ्गले सबैले समान रूपमा पाउन सकुन् भन्ने उद्देश्यले सूचीकृत आदिवासी जनजाति समुदायलाई लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत, सुविधा वञ्चित र उन्नत समूह गरी ५ समूहमा वर्गीकरण गरिएको छ । नेपाल आदिवासी जनजाति महासंघका पूर्व महासचिव प्रा. डा. ओम गुरुङ्गको संयोजकत्वमा गठित कार्यदलले सन् २००४ को मानव विकास सूचकाङ्कहरू र राष्ट्रिय जनगणना, २०५८ को **साक्षरता दर, पक्की घर, भूमिको स्वामित्व, व्यवसाय, भाषा, जनसङ्ख्या तथा स्नातक तह वा सोभन्दा माथिको शैक्षिक स्थिति**को आधारमा वर्गीकरण गरिएको हो[26] ।

कोशी प्रदेश अन्तर्गत बसोबास गर्ने लोपोन्मुख जनजाति समुदायको मानव अधिकारको दृष्टिकोणबाट गरिएको यस अनुगमनले सरकार र सरोकारवाला निकायहरूलाई योजना तथा कार्यक्रम, नीति निर्माणका साथै समन्वय र सहकार्यका लागि मार्गनिर्देशका रूपमा काम गर्न सक्दछ । लोपोन्मुख जनजाति समुदायको पृथक आदिवासी संस्कृतिको निरन्तरताको लागि पनि योगदान हुन सक्छ ।

संविधान, राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूले आदिवासी तथा लोपोन्मुख जनजातिका अधिकारको संरक्षणको व्यवस्था गरेको छ । नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ताले विशेषगरी शिक्षा  आवास र वैदेशिक रोजगारीमा,महत्वपूर्ण योगदान पुगेको देखिन्छ । स्थानीय सरकार र प्रदेश सरकारको पहलमा भाषा प्रशिक्षण, मातृभाषामा शिक्षा, संग्रहालय स्थापना तथा सांस्कृतिक पर्वहरूको संरक्षणका लागि विभिन्न कार्यक्रमहरूको शुरुवात भएको देखिन्छ ।आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा, वैदेशिक रोजगारीमा सुधारोन्मुख र भाषा प्रशिक्षण, मातृभाषामा शिक्षा, संग्रहालय स्थापना तथा सांस्कृतिक पर्वहरूको संरक्षणका लागि विभिन्न कार्यक्रमहरूको शुरुवात भएको भएता पनि  भू-स्वामित्व र आवास, उच्च शिक्षा, नागरिक तथा राजनीतिक अधिकार, राजनीतिक तथा प्रशासनिक समावेशीकरण र प्रतिनिधित्वका लागि अधिकारमा आधारित विकासको अवधारणालाई अवलम्बन गर्दै समुदाय लक्षित कार्यक्रम, पर्याप्त बजेट र कानून निर्माण तथा कार्यान्वयन गर्न संघ–प्रदेश–स्थानीय तहबीच प्रभावकारी समन्वयको आवश्यकता रहेको देखिन्छ ।

प्राविधिक तथा व्यवसायिक शिक्षामा सहज पहुँच सुनिश्चिता र उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, राजनीतिक तथा प्रशासनिक समावेशीकरणमा विद्यमान आरक्षण सम्बन्धी व्यवस्था पुनरावलोकन गरी लोपोन्मुख जनजाति समुदायको लागि आरक्षणको व्यवस्था गर्नुपर्ने र सामाजिक सांस्कृतिक संरक्षण तथा आर्थिक विकासका लागि संरक्षित क्षेत्र घोषणा गर्नुपर्ने देखिन्छ ।

[26] आदिवासी जनजाति आयोग, चौथो वार्षिक प्रतिवेदन, आ.व. २०७९/८०, पुल्चोक, ललितपुर, २०८० ।

### २.१.५.७ निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रका बासिन्दाको मानव अधिकार अवस्था

नेपाल जैविक विविधताका दृष्टिले एक समृद्ध मुलुक हो । हिमाल, पहाड र तराईसम्म फैलिएका विभिन्न पारिस्थितिक प्रणाली, वन्यजन्तु तथा वनस्पतिको संरक्षणका लागि नेपाल सरकारले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा सिकार आरक्ष स्थापना गरेको छ । हाल नेपालमा १२ वटा राष्ट्रिय निकुञ्ज, १ वटा वन्यजन्तु आरक्ष, १ वटा सिकार आरक्ष र ६ वटा संरक्षण क्षेत्र रहेका छन्, जसले देशको करिब २३ प्रतिशत भूभाग ओगटेको छ । यी संरक्षित क्षेत्रहरू जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण भए पनि, ती क्षेत्रसँग ऐतिहासिक रूपमा जोडिएका मानव समुदायका अधिकार, जीविकोपार्जन र सामाजिक न्यायका सवालहरू गम्भीर चुनौतीका रूपमा देखापरेका छन् ।

कोशी प्रदेशमा कोशी टप्पु वन्यजन्तु आरक्ष (सुनसरी, उदयपुर र सप्तरी जिल्ला), मकालु बरुण राष्ट्रिय निकुञ्ज (संखुवासभा र सोलुखुम्बु जिल्ला), सगरमाथा राष्ट्रिय निकुञ्ज (सोलुखुम्बु जिल्ला), कञ्चनजङ्घा संरक्षण क्षेत्र (ताप्लेजुङ जिल्ला) स्थापना भएका छन् । आयोगको यस कोशी प्रदेश कार्यालयले यस आ.व.मा कोशी टप्पु वन्यजन्तु आरक्षका बासिन्दाहरूको मानव अधिकार अवस्था सम्बन्धमा मिति २०८२ पुस ४ गतेदेखि १० गतेसम्म आरक्ष क्षेत्रको सुनसरी, उदयपुर र सप्तरी जिल्लामा अनुगमन गरी आरक्ष प्रशासन, सुनसरी जिल्लाको कोशी गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय बासिन्दाहरूसँग छलफल र अन्तर्किया  सम्पन्न गरेको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्ष विशेषगरी अर्ना संरक्षणका लागि अन्तर्राष्ट्रिय रूपमा समेत महत्वपूर्ण मानिन्छ । आरक्षसँग जोडिएका मध्यवर्ती क्षेत्रमा आदिवासी जनजाति, दलित, मधेसी, भूमिहीन तथा अन्य स्थानीय समुदाय पुस्तौंदेखि बसोबास गर्दै आएका छन् । यी समुदायहरूको जीवनशैली, संस्कृति, जीविकोपार्जन, धार्मिक अभ्यास र पहिचान भूमि, वन, जलस्रोत र जैविक विविधतासँग गहिरो रूपमा जोडिएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम मध्यवर्ती क्षेत्रको अवधारणा स्थानीय समुदायको जीविकोपार्जन र संरक्षणबीच सन्तुलन कायम गर्न ल्याइएको हो । यस अवधारणा अन्तर्गत मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने समुदायलाई सीमित प्राकृतिक स्रोत उपयोगको अधिकार, विकास कार्यक्रम सञ्चालन तथा आरक्षबाट प्राप्त आम्दानीको निश्चित हिस्सा मध्यवर्ती क्षेत्र विकासमा लगानी गर्ने व्यवस्था गरिएको छ । तथापि, व्यवहारमा यी कानूनी तथा नीतिगत व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा संरक्षण र मानव अधिकारबीच द्वन्द्व बढ्दै गएको देखिन्छ ।

कोशी टप्पु वन्यजन्तु आरक्ष तथा यसको मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व, भूमि र आवासको असुरक्षा, जीविकोपार्जनमा आएको संकुचन, क्षतिपूर्ति प्रणालीको जटिलता, न्यायमा पहुँचको अभाव, तथा सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा कमजोर सहभागिता जस्ता समस्या बारम्बार उठ्दै आएका छन् । विशेषगरी हात्ती, अर्ना, गोही र अन्य वन्यजन्तुबाट हुने मानिसको मृत्यु, घाइते र सम्पत्ति क्षतिले स्थानीय समुदायको जीवनको अधिकार र मर्यादामाथि  चुनौती सृजना गरेको छ ।

संरक्षित क्षेत्र व्यवस्थापनका क्रममा आदिवासी जनजाति, दलित, भूमिहीन तथा सीमान्तकृत समुदायका सामूहिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरू पर्याप्त रूपमा सम्बोधन हुन नसक्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धतासँग कार्यान्वयनबीचको अन्तर स्पष्ट देखिन्छ। यस सन्दर्भमा, निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र साथै यसको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने समुदायको मानव अधिकार अवस्था, संरक्षण अभ्यास र संस्थागत संरचनाको समग्र अध्ययन गरी मानव अधिकारमैत्री संरक्षणका लागि नीतिगत सुधारको आवश्यकता पहिचान गर्नु आवश्यक देखिएको छ।

### २.१.५.८ प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को अनुगमन

नेपालको संविधानको प्रस्तावनामा नै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन लगायतका विषय उल्लेख गरिएको छ। स्वच्छ र भयरहित वातावरणमा मतदान गर्न पाउने, उम्मेदवार हुन पाउने, राजनीतिक दल खोल्ने, सभा सम्मेलन गर्न पाउने, समावेशिता लगायतका अधिकारहरू नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, जातीय विभेद विरुद्धको महासन्धि १९६५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ लगायतका नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरूले सुनिश्चित गरेका छन्। त्यसैगरी, राजनीतिक दलको दर्ता, विधान र आन्तरिक लोकतन्त्र, सदस्यता र समावेशिता, निर्वाचनमा सहभागिता लगायतका विषयहरू राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा समेत उल्लेख गरिएका छन्। निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन राजनीतिक दलको भूमिका समेत महत्वपूर्ण रहेको हुन्छ। यसै सन्दर्भमा २०८२ फागुन २१ गते भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको आयोगले विभिन्न अनुगमन टोलीमार्फत देशैभरि नै अनुगमन गरेको छ। यस कार्यालयले पनि आफ्नो कार्यक्षेत्र भित्रका ११ वटै जिल्लामा प्रतिनिधि सभा सदस्य निर्वाचनको सबै चरणको अनुगमन सम्पन्न गरेको छ।

अनुगमन टोलीले प्रमुख निर्वाचन अधिकृतको कार्यालयबाट भएको निर्वाचन तयारी, सुरक्षा निकायबाट भएको तयारी, मनोनयन दर्ता कार्यक्रम, आचारसंहिताको पालनाको स्थिति, शान्तिसुरक्षाको अवस्था लगायतका विषयमा प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखसँग छलफल गरेको थियो। अनुगमनका क्रममा राजनीतिक दल, उम्मेदवार तथा मतदाताहरूसँग समेत आयोगले जानकारी लिएको थियो।

> फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा कोशी प्रदेशका १४ जिल्लाको २८ निर्वाचन क्षेत्रमा ५८.६५ प्रतिशत मतदान भएको छ र कुल ३५,७४,३१० मतदातामध्ये २०,८४,२१९ मत खस्नु र त्यसमा पनि महिलाको सहभागिता पुरुषभन्दा बढी रहनु लैङ्गिक समावेशिताको सकारात्मक पक्ष रहेको पाइएको छ भने सोही निर्वाचनमा जम्मा १,३०, ८४७ मत बदर भएको देखिनुले मतदाता शिक्षामा अझै सुधारको आवश्यकता रहेको देखिएको छ।

निर्वाचन पूर्वको समयमा सो निर्वाचन शान्तिपूर्ण हुन नसक्ला कि भन्ने आशंकाका बाबजुद उच्च सुरक्षा सतर्कता र मतदानस्थलको चुस्त व्यवस्थापनका कारण निर्बाध र शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको पाइएको छ। मानव अधिकारको दृष्टिमा मतदान प्रक्रिया सन्तोषजनक देखिएको छ भने आगामी दिनमा निर्वाचनलाई प्रविधिमैत्री बनाइ बढीभन्दा बढी मतदाताको पहुँच विस्तार गर्न र निर्वाचनलाई थप मानव अधिकारमैत्री बनाउनका लागि समयसापेक्ष सुधार गर्दै लैजान आयोगले विज्ञप्तिद्वारा नेपाल सरकार र निर्वाचन आयोगलाई आग्रह गरेको छ।

| **कार्यालयबाट भएको प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को अनुगमन सम्बन्धी विवरण** | |
|---|---|
| **जिल्ला** | कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्ला (मोरङ, सुनसरी, झापा, इलाम, धनकुटा, भोजपुर, तेह्रथुम, संखुवासभा, ताप्लेजुङ, पाँचथर र उदयपुर) |
| **अनुगमन टोली संख्या** | मतदान पूर्व, मतदानको दिन र मतदान पश्चात गरी जम्मा ९ वटा अनुगमन टोली रहेको |
| **अनुगमन भएका मतदान स्थल र मतदान केन्द्रहरू** | जम्मा ११२ वटा मतदान स्थल, ३६४ वटा केन्द्रहरू |
| **अनुगमन गरिएका अस्थायी मतदान केन्द्रहरू** | झापा, धनकुटा, भोजपुर, ताप्लेजुङ, मोरङ र उदयपुर जिल्ला स्थित कारागार भित्र रहेका अस्थायी मतदान केन्द्रहरू<br>अन्य: ६ वटा |

*तालिका ८ प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को अनुगमन सम्बन्धी विवरण*

### २.१.५.९ झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम जिल्लामा बाढीद्वारा प्रभावितहरूको विपद् अवस्थाको अनुगमन

मिति २०८२ असोज १७ गतेदेखि देशभर परेको अविरल वर्षाका कारण कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा ठूलो जनधनको क्षति भएको विषम परिस्थितिमा विपद् व्यवस्थापनको अवस्था, प्रभावितहरूको मानव अधिकारको स्थिति र सरकारी निकायहरूबाट भइरहेका राहत तथा उद्धार कार्यको स्थलगत अध्ययन गर्न यस कार्यालयले अनुगमन गरेको छ। अनुगमनको मुख्य उद्देश्य प्रभावित क्षेत्रको यथार्थ अवस्था बुझ्ने, स्थानीय सरोकारवाला निकायहरूसँग समन्वय गर्ने तथा विपद्पछिको मानव अधिकारको अवस्थाको अनुगमन गर्नु रहेको थियो।

स्थलगत अनुगमनका क्रममा उदयपुर, सुनसरी, मोरङ, झापा र इलाम जिल्लाका विभिन्न प्रभावित क्षेत्रमा गम्भीर असर देखिएको थियो। उदयपुरको बेलका नगरपालिकामा कोशी नदीको बाढीले करिब ४०० घरधुरी डुबानमा पार्नुका साथै मानवीय र पशु चौपायामा क्षति पुगेको थियो भने लालबजारको Causeway मा पानीको

बहाव बढेर माइक्रोबस दुर्घटना हुँदा १ जनाको मृत्यु भएको थियो। सुनसरी जिल्लाको इनरुवा नगरपालिकाका विभिन्न वडाहरू डुबानमा परेका देखिएको तथा कोशी टप्पु क्षेत्रमा बस्ने बासिन्दाहरूले सुरक्षित स्थानमा जान नमानेका कारण उद्धारमा समेत कठिनाइ परेको जानकारी प्राप्त भएको थियो। मोरङमा विराटनगर र सुनवर्षीका सुकुम्बासी बस्तीहरू बाढीको उच्च जोखिममा परेका थिए।

झापामा करिब ३५०० घरपरिवार डुबानमा परी खानेपानीको अभाव सिर्जना भएको, प्रभावितहरूले राहत तथा क्षतिपूर्ति र भत्किएका घरहरूको पुनर्निर्माणका लागि आयोगमार्फत पहल गरिदिन अनुरोध गरेका थिए। इलाममा पहिरोका कारण ३८ जनाको मृत्यु हुनुका साथै ग्रामीण सडक सञ्जाल, खानेपानी र विद्युत सेवामा गम्भीर क्षति पुग्दा कृषि उपजको निर्यात प्रभावित भएको पाइयो।

निष्कर्षमा, कोशी प्रदेशमा आएको यस विपद्ले नागरिकहरूको बाँच्न पाउने अधिकार, आवास र खाद्य अधिकारमा प्रत्यक्ष असर पारेको देखियो। नेपाली सेना, नेपाल प्रहरी, स्थानीय तह र विभिन्न संघसंस्थाहरूको सक्रियतामा तत्काल उद्धार र राहत वितरण कार्य सन्तोषजनक रूपमा अगाडि बढेको देखिएको थियो। यद्यपि, प्रभावितहरूलाई दिइएको राहत अस्थायी प्रकृतिको मात्र भएकाले दीर्घकालीन पुनर्स्थापना, घर निर्माणमा सहयोग र अवरुद्ध पूर्वाधारहरूको शीघ्र मर्मत गर्नु अपरिहार्य देखिएको छ। विपद्को समयमा मानव अधिकारको संरक्षण गर्न र प्रभावित समुदायको सुरक्षा सुनिश्चित गर्न राज्यका निकायहरूले थप समन्वयकारी भूमिका खेल्नुपर्ने आवश्यकता देखिएको छ।

### २.१.५.१० विद्यालयमा हुने शारीरिक दण्ड तथा बाल अधिकारको अवस्था अनुगमन

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले "कुनै पनि व्यक्तिलाई शारीरिक यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार नगरिने"[27] उल्लेख गरेको छ। बालबालिका सम्बन्धी महासन्धि १९८९ को धारा १९ ले बालबालिकाहरू आफ्नै बाबुआमा, अभिभावक वा अन्य व्यक्तिको हेरचाहमा रहेको अवस्थामा पनि उनीहरूबाट हुन सक्ने कुनैपनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार तथा शोषणबाट बालबालिकालाई जोगाउन राज्यले आवश्यक उपायहरू अपनाउनुपर्छ[28] भन्ने व्यवस्था गरेको छ। सोही महासन्धिको धारा २८[29] बमोजिम विद्यालयहरूमा बालबालिका माथि मानवीय मर्यादा अनुकूलका अनुशासन सम्बन्धी नियमहरू लागू

[27] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (UDHR, 1948) अनुसार कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन (धारा ५)।

[28] बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (CRC, 1989) अनुसार बाबुआमा, कानुनी संरक्षक वा बालबालिकाको हेरचाह गर्ने व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार, शोषण तथा यौन दुर्व्यवहारबाट संरक्षण गर्न पक्ष राष्ट्रहरूले सबै समुचित कानुनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनेछन् (धारा १९(१))।

[29] बालवालिका सम्बन्धी महासन्धि (UNCRC) १९८९ अनुसार बालबालिकाको मानवीय प्रतिष्ठा अनुकूल हुनेगरी र यस महासन्धि अनुरुप विद्यालय अनुशासन कायम गरिएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अपनाउनेछन् (धारा २८(२))।

गर्नुपर्ने र धारा ३७[30] बमोजिम बालबालिकालाई यातना वा अन्य कुनै क्रुर, अमानवीय वा होच्याउने खालको व्यवहार गर्न र सजाय गर्न पाईदैन भन्ने व्यवस्था गरेको छ ।

नेपालमा परम्परागत रूपमा सामान्य कुटपिटलाई कानुनी मान्यता दिँदै दण्ड सजायबाटै अनुशासन कायम हुन्छ भन्ने गलत धारणा स्थापित थियो। नेपालमा पहिलोपल्ट सर्वोच्च अदालतले देवेन्द्र आले विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत रहेको रिट निवेदनको फैसलाद्वारा नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७[31] को प्रतिवन्धात्मक वाक्यांशमा उल्लिखित प्रावधानमध्ये "... वा सामान्य पिटाइ गरेको..." अंश अमान्य र बदर घोषित गरिएको थियो[32]। त्यस्तै, नेपाल सबै स्थानमा शारीरिक सजायको पूर्ण निषेध गर्ने संसारकै ५४ औं देश र एशियाको पहिलो देश हो[33] तर अझै पनि यहाँका विद्यालयहरूमा बालबालिकाहरूलाई अनुशासनको नाममा दिइने यातना र दुर्व्यवहार अन्त्य हुन सकेको छैन। नेपालको संविधानले स्पष्ट रूपमा बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै प्रकारको यातना दिने कार्य निषेध[34] गरेको छ। त्यस्तै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६[35] ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिकाविरुद्धको कसूर भनी उल्लेख गरेको छ र सोही ऐनको दफा ७२[36](३)(क) ले त्यस्तो कार्य गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुने व्यवस्था गरेको छ। साथै, सो ऐनको दफा ७३[37] मा क्षतिपूर्ति भराइदिने कानूनी व्यवस्था गरेको छ। त्यस्तै, यस आयोगले २०६७ साल पुस ११ गते विद्यालय बालसंरक्षण नीति पारित गरी कार्यान्वयनको निम्ति नेपाल सरकारलाई सिफारिस गरेको थियो र बालबालिका सम्बन्धी नीति, २०६९ को रूपमा रहेकोमा हाल सो नीतिलाई पुनरावलोकन गरी राष्ट्रिय बालबालिका नीति, २०८० को रूपमा नेपाल सरकारले लागू गरेको छ तर यस नीतिले कल्पना गरेको संयन्त्र तथा उपायहरूको अझै प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

यसै सन्दर्भमा, कोशी प्रदेशका सातवटा सुनसरी, धनकुटा, तेह्रथुम, झापा, मोरङ, इलाम र पाँचथर जिल्लाहरूमा अनुगमन गरिएको र अनुगमन गरेका कुल १४ वटा विद्यालयहरूमा अध्ययनरत ७१९ जना विद्यार्थीहरू र ५९

---

[30] बालवालिका सम्बन्धी महासन्धि (UNCRC) १९८९ अनुसार कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय गरिने छैन (धारा ३७ (क))।

[31] बालबालिका सम्बन्धी ऐन, २०४८ अनुसार वावु, आमा, परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेकोमा यस दफाको उल्लंघन गरेको मानिने छैन (दफा ७)।

[32] देवेन्द्र आले विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, सर्वोच्च अदालत, विशेष इजलास, ने.का.प. २०६१, निर्णय नं. ७४३४, भाग ४६, अङ्क ९, रिट नं. ५७।

[33] WHO, End Corporal Punishment (ECP) Advisory Committee ।

[34] नेपालको संविधान (२०७२) अनुसार कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन (धारा ३९ (७))।

[35] बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्य गरेमा यस ऐन अन्तर्गतको बालबालिका विरुद्धको कसूर गरेको मानिने छ (दफा ६६(२)(घ))।

[36] बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार कुनै कार्य गरेमा पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद हुने (दफा ७२(३)(क), दफा ६६(२)(घ) )।

[37] बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपूर्ति कसूरदारबाट भराइदिनेछ (दफा ७३ (१) )।

शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरूलाई बाल अधिकार, शारीरिक दण्ड तथा यौनजन्य दुर्व्यवहारको विषयमा अभिमुखीकरण गरिएको थियो। अभिमुखीकरण गराइएका विद्यालयहरूमा हुने शारीरिक दण्ड तथा सजायको वर्तमान अवस्था र यसले विद्यार्थीहरूमा परेको प्रभाव बुझ्न विद्यार्थीहरू, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा शिक्षकहरूबाट प्रश्नावली भराई जानकारी संकलन गरिएको थियो ।

**वर्तमान अवस्था :** प्रस्तुत अध्ययन र अनुगमन कोशी प्रदेशका ७ वटा जिल्लाहरू सुनसरी, धनकुटा, तेह्रथुम, झापा, मोरङ, इलाम र पाँचथर जिल्लामा केन्द्रित रही अनुगमन सम्पन्न गरिएको थियो । यस क्रममा ती जिल्लाका कुल १४ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरू समेटिएका थिए । अनुगमनका क्रममा वास्तविक तथ्य र सूचना संकलनका लागि विद्यालयका कुल ७१९ जना विद्यार्थीहरू र ५९ जना शिक्षकहरू तथा व्यवस्थापन समितिका सदस्यहरूसँग प्रत्यक्ष संवाद, अन्तर्क्रिया तथा प्रश्नावली भराइएको थियो । अनुगमनबाट प्राप्त तथ्याङ्कका आधारमा कुल ७१९ जना विद्यार्थीहरूमध्ये ६८.२८% विद्यार्थीहरूले विद्यालयमा कुनै न कुनै रूपमा शारीरिक तथा मानसिक दण्ड पाउने भनी जानकारी दिएका छन् भने बाँकी ३१.७२ % विद्यार्थीहरूले मात्र दण्ड सजाय नहुने बताएका छन् । विद्यार्थीहरूले खुलासा गरे अनुसार विद्यालयमा दिइने सजायको प्रकृति परम्परागत, कुटपिट गर्ने, कान समातेर उठबस गराउने, कक्षामा उभ्याउने, कक्षा कोठाबाट बाहिर निकाल्ने, घुँडा टेक्न लाउने, जबर्जस्ती कपाल काटिदिने र दुर्व्यवहार गर्ने जस्ता प्रकृतिका दण्ड सजाय दिने गरेको पाइयो । अर्कोतर्फ ५९ जना शिक्षकहरू तथा व्यवस्थापन समितिका सदस्यहरू मध्ये शिक्षकहरूले विद्यालयमा अनुशासन कायम गर्न र विद्यार्थीले गृहकार्य वा अनिवार्य तोकिएको कार्य नगर्दा सामान्य अनुशासन कायम गराउने र उनीहरूको उज्वल भविष्यको लागि डरत्रास देखाउने विद्यार्थीहरूलाई असर नपर्ने गरी शारीरिक दण्ड दिइने भनी १९.२४% शिक्षकले स्वीकार गरेका छन् तथा केही शिक्षकहरूले विद्यार्थीहरूका अभिभावकहरूबाटै विद्यार्थीहरूलाई कुटपिट गरेर भएपनि राम्रोसँग बालबालिकालाई पढाउनु भनेका भनी उल्लेख गरेका छन् भने बाँकी ८०.७६ % शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरूले दण्ड नहुने दाबी गरेका छन् ।

विद्यालयस्तरमा नीतिगत तथा संस्थागत व्यवस्थाको अवस्था मिश्रित देखिएको छ । सबै विद्यालय व्यवस्थापकले आफ्नो विद्यालयमा शारीरिक दण्डसम्बन्धी लिखित नीति रहेको, शिक्षक, विद्यार्थी तथा अभिभावकलाई जानकारी दिइएको तथा शारीरिक दण्ड रोकथामका लागि आवश्यक कदम चालिएको बताएका छन् । तर शिक्षकहरूको प्रतिक्रियामा भने केवल ५% ले मात्र विद्यालयमा लिखित नीति रहेको बताएका छन् । बालमैत्री वातावरण निर्माणका लागि आवश्यक क्षमता विकासको अवस्था पनि सन्तोषजनक देखिएन। ९% शिक्षकले बालमैत्री अनुशासनसम्बन्धी तालिम नपाएको बताएका छन् भने ९५% ले पर्याप्त स्रोत उपलब्ध नभएको उल्लेख गरेका छन् । विद्यालय व्यवस्थापकमध्ये ५०% ले मात्र शिक्षकलाई व्यवहार व्यवस्थापनसम्बन्धी मार्गनिर्देशन, कार्यशाला वा अन्य स्रोत उपलब्ध रहेको बताएका छन् । यसले बालमैत्री अनुशासनलाई संस्थागत रूपमा कार्यान्वयन गर्न क्षमता अभिवृद्धिमा थप लगानी आवश्यक रहेको देखाउँछ ।

विद्यालयमा घटनाको गुनासो, उजूरी तथा संरक्षण प्रणालीका सम्बन्धमा विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिको प्रतिक्रियामा केही अन्तर देखिएको छ। विद्यालयमा सुझाव पेटिका, फोकल

शिक्षक, बाल क्लब, स्काउट, कक्षा तथा हाउस क्याप्टेन, डिसिप्लिन इन्चार्ज लगायतका संरचना रहेको पाइएको छ। विद्यालय व्यवस्थापकहरूले पनि सबै विद्यालयमा सुरक्षित उजूरी प्रणाली रहेको बताएका छन्। तर शिक्षकमध्ये ५०% ले मात्र सुरक्षित उजूरी प्रणाली रहेको बताएका छन् भने ६% लाई उजूरी कहाँ र कसरी गर्ने भन्ने जानकारी नभएको बताएका छन् । यसले विद्यालयमा संरचना भएपनि त्यसबारे सबै सरोकारवालामा समान जानकारी र प्रभावकारी प्रयोग सुनिश्चित हुन नसकेको देखाउँछ। त्यस्तै, विद्यार्थीको विश्वास र अनुभवले पनि उजूरी प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउँछ। ७४.१% विद्यार्थीले उजूरी गर्दा आफ्नो कुरा सुनिने विश्वास व्यक्त गरे पनि केवल ३८.८% ले मात्र उजूरीपछि सुधार भएको अनुभव गरेका छन्। विद्यार्थीहरूले उजूरीलाई गम्भीर रूपमा नलिने, विषयलाई टार्ने, थप दुर्व्यवहार वा गाली गर्ने तथा उल्टै विद्यार्थीलाई दोषारोपण गर्ने जस्ता चुनौतीहरू उल्लेख गरेका छन्। यसले उजूरीको दर्ता, सुनुवाई, अनुसन्धान र सुधारात्मक कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाउँछ।

अभिलेख व्यवस्थापन तथा निगरानीको पक्षमा पनि सुधारको आवश्यकता देखिएको छ। शिक्षकमध्ये ९०% ले शारीरिक दण्डसम्बन्धी उजूरीको अभिलेख वा कारबाहीसम्बन्धी अभिलेख नभएको बताएका छन्। साथै, केवल २५% विद्यालय मात्र "नो-स्टिक जोन" घोषणा गरिएको अवस्था रहेको पाइएको छ । अनुगमनका क्रममा विद्यार्थीको व्यवहार व्यवस्थापनमा चुनौतीहरू देखिएका छन् भने केही विद्यार्थीका अभिभावकले समेत शारीरिक दण्ड दिनुपर्ने धारणा राख्ने गरेको तथ्य प्राप्त भएको छ। व्यवस्थापकहरूले परामर्शबाट अपेक्षित व्यवहार परिवर्तन हुन नसकेको चुनौती पनि औँल्याएका छन् । यसले बालमैत्री अनुशासनलाई विद्यालयभित्र मात्र होइन, अभिभावक तथा समुदायको सहकार्यमा अघि बढाउनुपर्ने आवश्यकता देखाउँछ ।

बालबालिकालाई हुने शारीरिक दण्ड तथा सजाय रोकथाम गरी बालमैत्री र भयरहित  वातावरण निर्माण गर्नु पर्दछ । शिक्षकहरूलाई उनीहरूको प्रारम्भिक र सेवाकालीन तालिमको क्रममा नै बाल अधिकार, बाल मनोविज्ञान, सकारात्मक अनुशासन, तथा शारीरिक दण्ड निषेध सम्बन्धी व्यावहारिक प्रशिक्षण दिनु शारीरिक दण्ड सजाय न्यूनीकरणको उत्तम उपाय हुन सक्छ। यसका साथै, विद्यालयहरूमा सन्देशमूलक पोस्टर, सूचनापाटी र नियमित संवाद कार्यक्रम सञ्चालन गर्न सरकारले आवश्यक पर्ने थप बजेट र प्राविधिक सहयोग उपलब्ध गराएमा कानूनी सुधारसँगै व्यवहारमा पनि सकारात्मक परिवर्तन ल्याउन सहयोग पुग्छ। विद्यालयलाई बाल अधिकारमैत्री, सुरक्षित तथा सम्मानजनक सिकाइ वातावरणका रूपमा विकास गर्न शारीरिक दण्डको पूर्ण अन्त्य गर्दै सकारात्मक अनुशासन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक देखिन्छ ।

## २.२ संवर्धन सम्बन्धी कार्यहरू

आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयले मानव अधिकारको संरक्षण तथा संवर्धनका लागि कार्यालयको कार्यक्षेत्रका संखुवासभा, ताप्लेजुङ र भोजपुर बाहेकका ८ वटा जिल्लामा कुल ३५ वटा संवर्धनात्मक कार्यक्रम सञ्चालन गरेको छ । यस अवधिमा मानव बेचबिखन, संक्रमणकालीन न्याय, आयोगका सिफारिस कार्यान्वयन, व्यवसाय र मानव अधिकार, निर्वाचन, अपाङ्गता भएका व्यक्तिको अधिकार, Gen-Z प्रदर्शनलगायतका १० वटा विषयमा छलफल तथा परामर्श कार्यक्रम, बालविवाहसम्बन्धी प्रादेशिक अध्ययनका लागि ३ वटा KII/FGD तथा परामर्श कार्यक्रम, अन्तर्राष्ट्रिय मानव अधिकार दिवससँग सम्बन्धित २ वटा छलफल कार्यक्रम, Human Rights Run (5K) सहित अन्य २ वटा विशेष कार्यक्रम तथा विद्यालय, कलेज, विश्वविद्यालय र समुदायमा मानव अधिकार, बाल अधिकार, महिला अधिकार तथा आयोगको भूमिकासम्बन्धी १८ वटा अभिमुखीकरण तथा अन्तर्किया कार्यक्रम सञ्चालन गरिएका थिए। यी कार्यक्रमहरूमा सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मी, शिक्षक, विद्यार्थी, व्यवसायी, द्वन्द्वपीडित, महिला, बालबालिका तथा विभिन्न समुदायका प्रतिनिधिहरू गरी समग्रमा ४,९५८ जनाको सहभागिता रहेको थियो।

आ.व. २०८२/८३ मा ३५ वटा संवर्धनात्मक कार्यक्रममा ४९५८ जना सहभागी हुनु भएको छ। सम्पन्न गरिएका संवर्धन सम्बन्धी विभिन्न कार्यक्रमहरूको विषयगत विवरण अनुसूची ५ मा समावेश गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिएका यी संवर्धनात्मक कार्यक्रमहरूले मानव अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि, मानव अधिकारको सम्मान र अधिकारमुखी संस्कृतिको विकास, सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य सुदृढीकरण, मानव अधिकार उल्लङ्घनका संवेदनशील विषयहरूमा सार्वजनिक बहस र नीति संवादको संवर्धन, बालविवाह, मानव बेचबिखन, संक्रमणकालीन न्याय, व्यवसाय र मानव अधिकार तथा अपाङ्गता भएका व्यक्तिको अधिकारजस्ता विषयमा प्रमाणमा आधारित नीतिगत सुझावको विकास, विद्यार्थी तथा युवामा मानव अधिकार शिक्षाप्रति अभिरुचि वृद्धि, मानव अधिकार रक्षक, सञ्चारकर्मी तथा नागरिक समाजको क्षमता अभिवृद्धि, महिला, बालबालिका, द्वन्द्वपीडित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको अधिकारप्रति संवेदनशीलता विस्तार तथा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका, कार्यक्षेत्र र सिफारिस कार्यान्वयनप्रति सरोकारवालाको उत्तरदायित्व र प्रतिबद्धता अभिवृद्धि गर्न उल्लेखनीय योगदान पुगेको छ । साथै, यसले मानव अधिकारको संरक्षण तथा संवर्धनमा सकारात्मक योगदान पुर्‍याएको छ।

**आ.व. २०८२/८३ मा कार्यालयबाट सम्पन्न भएका संवर्धन सम्बन्धी विभिन्न कार्यक्रमहरूको जिल्लागत विवरण निम्न रहेका छन्:**

| संवर्धनात्मक कार्यक्रमको जिल्लागत विवरण | | |
|---|---|---|
| क्र.सं | जिल्ला | कार्यक्रमको सङ्ख्या |
| १ | मोरङ | २० |
| २ | सुनसरी | ३ |

| | | |
|---|---|---|
| ३ | तेह्रथुम | ४ |
| ४ | धनकुटा | १ |
| ५ | भोजपुर | ० |
| ६ | उदयपुर | १ |
| ७ | संखुवासभा | ० |
| ८ | झापा | २ |
| ९ | इलाम | ३ |
| १० | पाँचथर | १ |
| ११ | ताप्लेजुङ | ० |
| **जम्मा** | | **३५ वटा** |

*तालिका ९ आ.व २०८२/८३ मा सम्पन्न भएका संवर्धन सम्बन्धी कार्यक्रमहरूको जिल्लागत विवरण*

## २.२.१ केही विषयगत संवर्धन सम्बन्धी कार्यहरूको छोटकरी विवरण

### २.२.१.१ ७७ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (Human Rights Run 2025 (5K))

संयुक्त राष्ट्र संघद्वारा सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) जारी भएपछि प्रत्येक वर्ष यो दिनलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका रूपमा मनाइँदै आइएको छ। विगतका वर्षहरूमा यो दिवस सरकारी निकाय, गैरसरकारी संस्था र नागरिक समाजका प्रतिनिधिहरूको उपस्थितिमा औपचारिक कार्यक्रमहरू आयोजना गरिन्थ्यो। यस वर्ष आम समुदाय र नागरिक तहसम्म मानव अधिकारका विषयमा व्यापक चेतना फैलाउने उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा एक विशेष र सहभागितामूलक कार्यक्रमको आयोजना गरेको छ।

"मानव अधिकार, हामी सबैको अपरिहार्य आधार" भन्ने मूल नाराका साथ मिति २०८२ मंसिर २४ गते (१० डिसेम्बर २०२५) विराटनगरमा "Human Rights Run 2025 (5K)" दौड कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो। खेलकुदलाई माध्यम बनाएर मानव अधिकारका सार्वभौम मूल्यहरू जीवन, मर्यादा, समानता र स्वतन्त्रतालाई जनस्तरसम्म पुऱ्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो। यो कार्यक्रम कुनै परम्परागत वा व्यवसायिक प्रतिस्पर्धात्मक दौड नभइ समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने, मानव अधिकार र विश्वव्यापी घोषणापत्रका विषयमा व्यापक जनचेतना जगाउने, अन्तर्राष्ट्रिय मानव अधिकार दिवसलाई उत्सवमय र सहभागितामूलक वातावरणमा मनाउने, खेलकुद र सामाजिक संलग्नताको माध्यमबाट युवा तथा आम नागरिकलाई मानव अधिकारको वकालतमा जागरूक बनाउने र समाजमा विविधता, समावेशीकरण र सामाजिक ऐक्यबद्धताको बलियो सन्देश प्रवाह गर्ने यस कार्यक्रमको उद्देश्य रहेको थियो।

यस कार्यक्रम सम्पन्न गर्नका लागि विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका २५ भन्दा बढी संस्थाहरूसँग समन्वय र सहकार्य गरिएको थियो। जसमा जिल्ला प्रशासन कार्यालय, मोरङ; जिल्ला प्रहरी कार्यालय, मोरङ; जिल्ला ट्राफिक प्रहरी कार्यालय, मोरङ; विराटनगर महानगरपालिका, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, धरान रन, तरहरा रन, डाबर नेपाल तथा विभिन्न स्थानीय अस्पतालहरू (लाइफ गार्ड, हाम्रो अस्पताल, पारस अस्पताल) र व्यावसायिक प्रतिष्ठानहरू सामेल थिए। दौडमा सहभागी हुने धावक, आयोजक र स्वयमसेवकलाई हिमगिरी हाइजिन प्रा.लि. र एशियन थाइ फुड्सले टिसर्ट प्रायोजन गरेको थियो।

दौडका लागि कोशी लोकमार्ग अन्तर्गत विराटनगरको राजवंशी चोकदेखि महेन्द्र चोकसम्म करिब ५,२०० मिटर (5K) को दुरी निर्धारण गरिएको थियो। धावकहरूलाई कुनै अवरोध नहोस् भनी ट्र्याकका विभिन्न चोकहरूमा नेपाल प्रहरी, ट्राफिक प्रहरी र स्वयमसेवकहरू परिचालन गरिएको थियो। धावकहरूको स्वास्थ्य र सुरक्षालाई मध्यनजर गर्दै ट्र्याकका विभिन्न बिन्दुहरूमा प्राथमिक उपचार टोली, पर्याप्त खानेपानीको व्यवस्था र २ वटा एम्बुलेन्स तथा बीचमै दौड छोड्न चाहनेहरूका लागि 'स्वीपर गाडी' को समेत व्यवस्था गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश श्री राजनप्रसाद भट्टराईज्यूले राजवंशी चोकमा राखिएको 'Start' गेटमा रिबन काटेर दौडको उद्घाटन गर्नु भएको थियो।  यस दौडमा पाँचथर, इलाम, झापा, सुनसरी र मोरङ लगायतका जिल्लाहरूबाट कुल ५४८ जना धावकहरूले प्रत्यक्ष रूपमा दौडिएर सहभागिता जनाएका थिए। कार्यक्रममा १२/१३ वर्षका बालबालिकादेखि ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, महिला, पुरुष, सुरक्षा निकायका प्रतिनिधि र अपाङ्गता भएका व्यक्तिहरूको समावेशी उपस्थिति थियो। यसका साथै, ट्र्याकको दायाँबायाँ विभिन्न चोकहरूमा ३०० भन्दा बढी कलेज/विद्यालयका विद्यार्थी र सर्वसाधारणहरू मानव अधिकारसम्बन्धी प्लेकार्ड र ब्यानर बोकेर धावकहरूलाई हौसला बढाउन उपस्थित थिए। स्वयमसेवक, प्राविधिक र दर्शकहरू सहित समापन स्थलमा २,००० भन्दा बढी मानिसहरूको भव्य उपस्थिति रहेको थियो।

दौड महेन्द्र चोकमा पुगेर समापन समारोहमा परिणत भएको थियो, जसको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयका प्रमुख सहसचिव श्री वीर बहादुर बुढा मगरले गर्नुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश श्री राजनप्रसाद भट्टराई, अतिथिहरू उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री कैलाश गुरुङ,  जिल्ला प्रशासन कार्यालय, मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेल, मानव अधिकार रक्षक तथा मानव अधिकारकर्मीहरूको प्रतिनिधित्व गर्दै श्री बासुदेव अधिकारी, महिला मानव अधिकार रक्षक तथा महिला मानव अधिकारकर्मीहरूको प्रतिनिधित्व गर्दै श्री विष्णु पन्त हुनुहुन्थ्यो।

व्यावसायिक प्रतिस्पर्धाभन्दा सहभागिता र सामाजिक ऐक्यबद्धतालाई प्राथमिकता दिइएको हुनाले कार्यक्रममा कुनै नगद पुरस्कार राखिएको थिएन। निर्धारित दुरी पार गर्ने सबै ५४८ धावकहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिएको थियो। खुल्ला पुरुष विधा, खुल्ला महिला विधा, भेट्रान पुरुष विधा (४० वर्षमाथि), भेट्रान महिला(४० वर्षमाथि) विधामा प्रथम, द्वितीय र तृतीय हुने विजेताहरूलाई ट्रफी, मेडल र प्रमाणपत्रद्वारा सम्मानित

गरियो । यसका साथै सान्त्वनाका लागि विशेष सम्मान सबैभन्दा सानो उमेरका १२ वर्षीय धावक, ६२ वर्षीया ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई मायाको चिनो र सम्मान प्रदान गरियो ।

यस कार्यक्रमको अर्को उल्लेखनीय पक्ष भनेको सीमित बजेटमा हासिल गरिएको उच्च प्रभाव हो । प्रचलित बजार मूल्य अनुसार यस स्तरको बृहत् कार्यक्रम सम्पन्न गर्न करिब रू.४,३५,००० लाग्ने अनुमान गरिएकोमा विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको भौतिक एवम् प्राविधिक सहयोग (सहकार्य र साझेदारी) का कारण आयोगको कार्यालयको स्वीकृत बजेटबाट ५० हजार रुपैयाँ मात्र खर्च गरी यो भव्य कार्यक्रम सम्पन्न गरियो ।

Human Rights Run 2025 केवल एउटा खेलकुद गतिविधि मात्र नभइ मानव अधिकारलाई सर्वसाधारणको दैनिक जीवन, स्वास्थ्य र सामाजिक सद्भावसँग जोड्ने एक सफल र उदाहरणीय अभ्यास साबित भयो । यस कार्यक्रमले राष्ट्रिय मानव अधिकार आयोगको भूमिका नागरिकसँग प्रत्यक्ष अन्तर्किया  गर्ने र जनचेतना जगाउने संस्थागत प्रतिबद्धतालाई बलियो बनाएको छ । युवा, विद्यार्थी र स्थानीय समुदायको यस्तो सक्रिय सहभागिताले भविष्यमा मानव अधिकारको संस्कृतिलाई जनस्तरमा दीर्घकालीन रूपमा स्थापित गर्न यस कार्यक्रमले कोशेढुङ्गाको काम गर्नेछ ।

### २.२.१.२ विद्यालय तथा कलेज स्तरमा मानव अधिकारसम्बन्धी अभिमुखीकरण, सचेतनामूलक कक्षा तथा अन्तरक्रिया कार्यक्रम

मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्धन गर्ने र मानव अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयबाट विभिन्न मितिमा विद्यार्थी लक्षित विभिन्न अभिमुखीकरण, सचेतनामूलक कक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । विशेषगरी यस क्रममा कोशी प्रदेशका विभिन्न **७ जिल्लामा १४ वटा कार्यक्रम मार्फत २० वटा विद्यालय/कलेज**मा विद्यार्थी तथा शिक्षकलाई लक्षित गरी सचेतनामूलक कक्षाहरू सञ्चालन गरिएको छ । कक्षामा मानव अधिकारको अवधारणा, बाल अधिकार, विद्यालयमा शारीरिक दण्ड निषेध, यौनजन्य दुर्व्यवहार तथा त्यसको रोकथाम, साइबर अपराध तथा सुरक्षित डिजिटल व्यवहार, राष्ट्रिय मानव अधिकार आयोगको उजूरी प्रणाली, आयोगको कोशी प्रदेश कार्यालयको कार्यसम्पादन तथा सेवा, अपाङ्गता भएका व्यक्तिको अधिकार, महिला अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका समसामयिक तथा व्यवहारिक विषयमा सहजीकरण गरिएको थियो । साथै, सहभागीहरूलाई आफ्नो अधिकारको प्रयोगसँगै कर्तव्य तथा जिम्मेवारीका विषयमा पनि जानकारी गराइएको थियो ।

उक्त सबै कार्यक्रमहरूबाट विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक तथा विद्यार्थी सहित **जम्मा १,१७८ जना** प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । कार्यक्रममार्फत मानव अधिकारप्रति सकारात्मक सोचको विकास, बाल अधिकार संरक्षणप्रति संवेदनशीलता अभिवृद्धि, विद्यालय तथा समुदायमा हिंसामुक्त र सम्मानजनक वातावरण निर्माण, आयोगको सेवा तथा उजूरी प्रणालीबारे जानकारी विस्तार तथा मानव अधिकार संरक्षणमा

सबै सरोकारवालाको साझेदारीलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुगेको विश्वास गरिएको छ । उक्त कार्यक्रमहरूको विवरण देहाय बमोजिम रहेको छ:

| अभिमुखीकरण कार्यक्रम | | | | लाभान्वित सहभागी संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | कार्यक्रम मिति | विद्यालयको नाम | जिल्ला स्थान | जम्मा | | विद्यार्थी | | शिक्षक | | विद्यालय व्यवस्थापन समिति | |
| | | | | म | पु | म | पु | म | पु | म | पु |
| १ | २०८२ साउन १५ | इटहरी नमुना कलेज सुनसरी | सुनसरी | ८२ | ११८ | ८१ | ११२ | १ | ५ | - | १ |
| २ | २०८२ असोज ९ | दिल्ली पब्लिक स्कुल | मोरङ | २४ | २८ | - | - | २४ | २७ | - | १ |
| | २०८२ मंसिर २२ | ब्राइट भिजन ल कलेज | मोरङ | ५० | ४६ | ४९ | ४३ | १ | २ | - | १ |
| ३ | २०८२ चैत २६ | जनता आदर्श बहुमुखी क्याम्पस, मोरङ | कार्यालयको सभाहल | ५ | ५ | ५ | ४ | - | १ | - | - |
| ४ | २०८३ जेठ ८,११ र १३ | काठमाडौ स्कुल अफ ल | कार्यालयको सभाहल | १९ | ८ | १९ | ८ | - | - | - | - |
| ५ | २०८३ जेठ २५ | धरान मोडेल स्कुल, धरान | सुनसरी | १७ | २२ | १४ | २० | ३ | १ | - | १ |
| ६ | २०८३ जेठ २६ | तुलशी मेहर स्कुल, धनकुटा | धनकुटा | ३३ | ४९ | ३३ | ४५ | - | ३ | - | १ |
| ७ | २०८३ जेठ २७ | बसन्त मा.वि., बसन्तपुर | तेह्रथुम | ५३ | ६९ | ४९ | ६३ | ४ | ५ | - | १ |
| ८ | २०८३ जेठ २८ | सिंहबाहिनी मा.वि., म्याङ्लुङ | तेह्रथुम | ३१ | ३१ | ३० | २६ | १ | ४ | - | १ |
| ९ | २०८३ जेठ २९ | श्री कृष्ण मा.वि., चामचिम | तेह्रथुम | १४ | ३१ | १४ | २७ | - | ४ | - | - |
| १० | २०८३ असार १० | माउन्ट एभरेस्ट बोर्डिङ स्कुल, गौरादह | झापा | ७२ | ९२ | ७२ | ८९ | - | ३ | - | - |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | २०८३ असार ११ | आदर्श मा.वि, इलाम | इलाम | ८५ | ८० | ८५ | ७६ | - | ३ | - | १ |
| १२ | २०८३ असार १२ | महादेव गुप्तेश्वर मा.वि, पाँचथर | पाँचथर | ३७ | ३६ | ३६ | ३२ | १ | ३ | - | १ |
| १३ | २०८३ असार १४ | उर्लाबारी नगरपालिका स्थित विभिन्न ६ वटा विद्यालयहरू | मोरङ | ७ | १२ | ३ | ५ | ४ | ६ | - | १ |
| १४ | २०८३ असार १२ | इटहरी नमुना कलेज, इटहरी | कार्यालयको सभाहल | १३ | ९ | १३ | ८ | - | १ | - | - |
| | | **जम्मा** | | **५४२** | **६३६** | **५०३** | **५५८** | **३९** | **६८** | **-** | **१०** |
| | **कुल जम्मा** | | | **११७८** | | | | | | | |

*तालिका नं. १० : अभिमुखीकरण कक्षा सञ्चालन गरिएका विद्यालयहरू*

### २.२.१.३ व्यवसाय र मानव अधिकार सम्बन्धी छलफल कार्यक्रम

आयोगको कोशी प्रदेश कार्यालयले व्यवसाय र मानव अधिकार (Business and Human Rights) अवस्था सम्बन्धी अनुगमनको निष्कर्षका आधारमा मिति २०८२ चैत्र २५ गते विराटनगरमा व्यवसाय र मानव अधिकार सम्बन्धी बहुपक्षीय छलफल कार्यक्रम सम्पन्न गरेको छ। कोशी प्रदेशका मोरङ, सुनसरी, उदयपुर, झापा, इलाम, धनकुटा जिल्लाका विभिन्न ३३ वटा खाद्य उत्पादन तथा प्रशोधन उद्योगमा गरिएको स्थलगत अनुगमनपछि आयोजित कार्यक्रममा व्यवसायिक गतिविधि र मानव अधिकारबीचको सम्बन्ध, विशेषगरी श्रमिक अधिकार, उपभोक्ता अधिकार, महिला तथा बालबालिकाको अधिकार, वातावरणीय अधिकार तथा नियामक निकायका उत्तरदायित्वका विषयमा छलफल भएको थियो। अनुगमन खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्राविधिक सहकार्यमा सम्पन्न भएको थियो। कार्यक्रमले जिम्मेवार व्यावसायिक अभ्यास, मानव अधिकारको सम्मान तथा राज्य, निजी क्षेत्र र अन्य सरोकारवालाबीच समन्वय सुदृढ गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ।

कार्यक्रममा आयोगको कोशी प्रदेशको कार्यालयको तर्फबाट संयुक्त राष्ट्र संघद्वारा सन् २०११[38] मा जारी व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको अवधारणा तथा नेपालको व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०८०/८१ - २०८४/८५) कार्यान्वयनको अवस्थाबारे प्रस्तुतीकरण

[38] Guiding Principles on Business and Human Rights, संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालय, https://www.ohchr.org/sites/default/files/documents/publications/guidingprinciplesbusinesshr_en.pdf।

गरिएको थियो । प्रस्तुतिले व्यवसाय सञ्चालनमा मानव अधिकारको सम्मान, जोखिम न्यूनीकरण तथा जवाफदेहितामूलक अभ्यासको संवर्धन आवश्यक रहेको औँल्याइएको थियो । त्यस्तै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको तर्फबाट "खाद्य गुणस्तर मापदण्ड तथा कोशी प्रदेशमा खाद्य गुणस्तरको अवस्था" का बारेमा प्रस्तुतीकरण गरिएको थियो । उक्त प्रस्तुतीकरणमा खाद्य गुणस्तर सम्बन्धी नेपालमा भएका कानूनी व्यवस्थाको बारेमा जानकारी गराउँदै कोशी प्रदेशमा खाद्य गुणस्तर कायम गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको भूमिका र कोशी प्रदेशमा खाद्य गुणस्तरको अवस्थाका बारेमा प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा कोशी प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री, प्रदेशका प्रमुख सचिव, स्थानीय तहका प्रतिनिधि, उद्योग वाणिज्य क्षेत्र, औद्योगिक प्रतिष्ठान, सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले नीति कार्यान्वयन, नियमित अनुगमन, नियमन तथा निजी क्षेत्रको उत्तरदायी भूमिकालाई थप प्रभावकारी बनाउने विषयमा धारणा राखेका थिए । छलफलका क्रममा उद्योग क्षेत्रमा श्रम अधिकार संरक्षण, खाद्य गुणस्तर, सुरक्षित कार्यपरिवेश, उपभोक्ता संरक्षण र वातावरणीय उत्तरदायित्वलाई मानव अधिकारसँग जोडेर हेर्नुपर्ने आवश्यकता औंल्याइएको थियो ।

कार्यालय प्रमुख वीर बहादुर बुढा मगरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय इस्राईल मन्सुरी रहनु भएको थियो । कार्यक्रममा कोशी प्रदेश सरकारका प्रमुख सचिव राजेन्द्र कुमार पौडेल, बुढीगंगा गाउँपालिकाका उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष, नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष, विभिन्न औद्योगिक संगठनका प्रमुख तथा प्रतिनिधि, विभिन्न औद्योगिक प्रतिष्ठानका व्यवस्थापक तथा प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज तथा मानव अधिकारकर्मीहरू लगायत सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

### २.२.१.४ अपाङ्गता भएका व्यक्तिको सेवाप्रदायक निकायमा भौतिक पहुँच तथा अपाङ्गमैत्री भौतिक संरचनाको अवस्था विषयक सरोकारवालासँग छलफल कार्यक्रम:

आयोगको यस कार्यालयबाट अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच तथा अपाङ्गतामैत्री संरचनाबारे जेठ र असार महिनामा गरिएको दुई चरणको अनुगमन पश्चात् सोको प्रतिवेदन तयारीका लागि मिति २०८३ साल असार १६ गते सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम विराटनगरमा आयोजना गरिएको थियो ।
कार्यालय प्रमुख श्री वीर बहादुर बुढा मगरको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रालयका राज्यमन्त्री माननीय शोभा चेम्जोङ र अतिथि राष्ट्रिय अपाङ्ग महासंघ, कोशी प्रदेशका अध्यक्ष श्री नविनचन्द्र ढुङ्गेल रहनुभएको थियो । कार्यक्रममा विराटनगर महानगरपालिकाको महिला, बालबालिका तथा समाज कल्याण शाखाको शाखा प्रमुख र मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेक, सिविन नेपाल, गैसस महासंघ, करुणा फाउन्डेसन, फेडो, सामर्थ्य समाज लगायत अन्य संस्थाहरू समेतबाट प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका सहभागीहरूबाट अपाङ्गता भएका व्यक्तिको सेवा प्रदायक निकायमा भौतिक पहुँच कस्तो रहेको छ? व्यावहारिक कठिनाईहरू के-कस्ता रहेका छन् ? सहज पहुँच बनाउन कुन-कुन निकायबाट के-के गर्नुपर्ने हुन्छ? भन्ने विषयमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए ।

### २.२.१.५ राष्ट्रिय मानव अधिकार आयोगको २६औँ वार्षिकोत्सव समारोह

२०५७ साल ज्येष्ठ १३ गते स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको सम्मान, संरक्षण र संवर्धनका लागि क्रियाशील रहँदै आएको छ। प्रत्येक वर्ष जेठ १३ गते आयोगको वार्षिकोत्सवको रूपमा मनाउँदै आएकोमा मिति २०८३ जेठ १३ गते २६औँ **वार्षिकोत्सव**को अवसरमा कोशी प्रदेश कार्यालय, विराटनगरले एक कार्यक्रम आयोजना गरेको थियो। कार्यालय प्रमुख सहसचिव श्री वीर बहादुर बुढा मगरको सभापतित्वमा आयोजित कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङ, विशेष अतिथि कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयका मन्त्री माननीय रामप्रसाद महतो रहनुभएको थियो।

साथै, अन्य अतिथिहरूमा कोशी प्रदेश सरकारका प्रमुख सचिव श्री राजेन्द्र कुमार पौडेल, जिल्ला समन्वय समिति, मोरङका उपप्रमुख श्री उषा झा, नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउत, दलित महिला संघ कोशी प्रदेशका अध्यक्ष श्री पाण्डु परियार, मानव अधिकार सञ्जालका संयोजक वासुदेव अधिकारी हुनुहुन्थ्यो। कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, विभिन्न मानव अधिकार सम्बन्धी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू तथा नागरिक समाजका प्रतिनिधिहरू, मानव अधिकारको क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरू, सञ्चारकर्मीहरू लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा २०८२ जेठ १३ देखि २०८३ जेठ १२ सम्म कार्यालयले सम्पन्न गरेका कार्यहरूको प्रगति विवरण प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा अतिथिहरूले मानव अधिकारको संरक्षण तथा संवर्धनको आवश्यकता र आयोगको भूमिकासम्बन्धी विचार व्यक्त गर्दै शुभकामना मन्तव्य दिनुभएको थियो।

# परिच्छेद ३: कोशी प्रदेशको मानव अधिकार अवस्था

## ३.१ परिचय

मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारहरू बुझिन्छ, जसमा संविधान, प्रचलित कानून तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरूमा उल्लेखित अधिकारहरू समावेश हुन्छन् । नेपालको संविधान[39] तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८[40] ले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरेको छ । नेपालको संविधान बमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्ने र त्यसलाई संघीय संसदमा प्रस्तुत गरिने[41] व्यवस्था रहेको छ र आयोगको कोशी प्रदेश कार्यालयले आर्थिक वर्ष २०८१/८२ को वार्षिक गतिविधि प्रतिवेदन कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङज्यूसमक्ष मिति २०८२/०४/०४ गते पेश गरेको थियो[42] ।

कोशी प्रदेश नेपालको महत्वपूर्ण तथा उच्च जनसङ्ख्या भएको प्रदेशहरूमध्ये एक हो, जहाँ बहुजातीय, बहुभाषिक र विविध सामाजिक संरचना पाइन्छ । यहाँ ग्रामीण जनसङ्ख्या अझै उच्च भए पनि पछिल्ला वर्षहरूमा शिक्षामा पहुँच विस्तार, स्वास्थ्य सेवामा क्रमिक सुधार र गरिबी दरमा कमी आएको सकारात्मक परिवर्तन देखिन्छ । वैदेशिक रोजगारीले धेरै परिवारको आर्थिक अवस्था सुधार गर्न योगदान दिएको छ । यद्यपि, विकासका अवसरहरूको असमान वितरण, शहरी-ग्रामीण अन्तर र गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा अझै चुनौतीहरू कायम छन् । प्राकृतिक विपत्ति जस्तै बाढी र पहिरोले विशेषगरी सीमान्तकृत समुदायको जीवन, खाद्य सुरक्षा र आवास अधिकारमा असर पुऱ्याउने गरेको छ तर विपद् व्यवस्थापनमा राज्यका प्रयासहरू क्रमशः सुदृढ हुँदै गएका छन् ।

मानव अधिकारको दृष्टिले हेर्दा यस प्रदेशमा अन्य प्रदेशको तुलनामा निर्वाचनमा जनसहभागिता उच्च हुनु, कानूनी संरचना बलियो हुनु र नागरिक अधिकारप्रति बढ्दो सचेतना सकारात्मक पक्षहरू हुन् । महिला, बालबालिका तथा सीमान्तकृत समुदायका अधिकार संरक्षणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् र सामाजिक न्याय प्राप्तिमा क्रमिक प्रगति देखिन्छ । तर घरेलु हिंसा, बाल अधिकार उल्लङ्घन, जातीय विभेद, श्रम शोषण, विद्यालयमा हुने शारीरिक हिंसा तथा यौनजन्य दुर्व्यवहार तथा न्यायिक ढिलाइ जस्ता समस्याहरू अझै विद्यमान छन् । सशस्त्र द्वन्द्वका पीडितहरूको न्याय प्रक्रिया अपूर्ण रहनु, साथै सुशासन र सेवा प्रवाहमा कमजोरी हुनु चुनौतीका रूपमा रहेका छन् ।

समग्रमा, कोशी प्रदेशमा मानव अधिकारको अवस्था सामान्य रहेको देखिन्छ । अधिकारहरू कानूनी रूपमा सुनिश्चित भए पनि व्यावहारिक रूपमा पूर्ण कार्यान्वयन हुन सकेको छैन । त्यसैले समावेशी विकास, प्रभावकारी सेवा प्रवाह, सुशासन, पारदर्शिता र लक्षित कार्यक्रममार्फत मानव अधिकारको वास्तविक उपभोग सुनिश्चित गर्न आवश्यक देखिन्छ ।

---

39 नेपालको संविधान (२०७२), धारा २४८ ।

40 राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, दफा ४ ।

41 नेपालको संविधान (२०७२), धारा २९४ ।

42 प्रेस नोट अनुसूची ८ मा समावेश छ ।

# ३.२ विषयगत मानव अधिकार अवस्था

## ३.२.१ नागरिक तथा राजनीतिक अधिकार

नागरिक तथा राजनीतिक अधिकार भन्नाले राज्यको शक्ति वा अन्य कुनै पनि बाह्य हस्तक्षेपबाट व्यक्तिलाई जोगाउँदै राज्यको शासन प्रणालीमा स्वतन्त्रतापूर्वक सहभागिता सुनिश्चित गर्ने आधारभूत मानव अधिकार हुन् । सन् १९६६ को "नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र" (ICCPR)[43] ले विश्वव्यापी रूपमा स्वीकार गरेका बाँच्न पाउने अधिकार, कानूनी समानता, अभिव्यक्ति स्वतन्त्रता, यातना विरुद्धको संरक्षण, शान्तिपूर्ण भेला हुने अधिकार तथा आवधिक निर्वाचनमा मतदान गर्न पाउने हकहरू यसका मुख्य स्तम्भ हुन् । नेपालले सन् १९९१ मा ICCPR अनुमोदन गरी अन्तर्राष्ट्रिय समुदायसमक्ष यी अधिकारहरूको संरक्षण र कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ[44] । नेपालको संविधानमा उल्लेखित मौलिक हकहरूले यिनै अधिकारहरूलाई कानूनी सुनिश्चितता प्रदान गरेका छन् ।[45] नेपालको संविधानले नागरिकको आत्मसम्मान र स्वतन्त्रताका साथ बाँच्ने हक, समानता, विचार तथा अभिव्यक्ति, सङ्गठन खोल्ने स्वतन्त्रता, राजनीतिक सहभागिता, न्याय सम्बन्धी हक र स्वच्छ सुनुवाइको अवसरजस्ता विषयहरूलाई सुनिश्चित गरेको छ ।

कोशी प्रदेश जातीय, भाषिक, सांस्कृतिक र राजनीतिक दृष्टिले बहुआयामिक प्रदेश हो । यहाँका विभिन्न जिल्लाहरूमा कारागार, बाल सुधार गृह तथा हिरासत कक्षहरूमा क्षमताभन्दा दोब्बर-तेब्बर बढी मानिसहरू राखिँदा कैदीबन्दी, थुनुवा तथा बालबालिकाहरूले पाउनुपर्ने स्वास्थ्य, सरसफाइ र मानवीय सुविधाको अधिकारको उपभोगमा चुनौती रहेको तथ्य यस कार्यालयबाट भएको अनुसन्धान तथा अनुगमनले देखाउँछ । समग्रमा, कोशी प्रदेशमा राजनीतिक सहभागिता सुदृढ हुँदै गए पनि सामाजिक न्याय र कानूनी शासनको पूर्ण पालना हुन नसकेकाले नागरिक अधिकारको रक्षा गर्न अझै थप प्रयासको आवश्यकता रहेको देखिन्छ ।

कोशी प्रदेश सरकारको नीति तथा कार्यक्रममा कोशी प्रदेश सरकारले सामाजिक न्याय, समावेशीकरण र मानव अधिकारको संरक्षणलाई प्राथमिकतामा राखेको छ । सीमान्तकृत समुदाय, महिला, दलित, र अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण तथा राजनीतिक अधिकारलाई सुदृढ पार्न लोकतान्त्रिक मूल्यमान्यता, विधिको शासन र मानव अधिकारको पूर्ण प्रत्याभूतिका लागि जोड दिएको छ । नागरिकका आधारभूत अधिकारहरूलाई सुनिश्चित गर्दै सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र सुलभ बनाउने संकल्प गरेको छ, जसले नागरिकको सूचनाको हक र राज्यका निकायहरूमा पहुँचलाई थप बलियो बनाउँदै, राजनीतिक अधिकारको प्रयोगलाई मर्यादित र अर्थपूर्ण बनाउन आवधिक निर्वाचन, नागरिक सहभागिता र समावेशी लोकतन्त्रलाई

[43] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ।

[44] नेपालले सन् १९९१ मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICCPR) अनुमोदन गरी अन्तर्राष्ट्रिय समुदायसमक्ष यी अधिकारहरूको संरक्षण र कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको ।

[45] नेपालको संविधान (२०७२), भाग ३, मौलिक हक र कर्तव्य ।

आत्मसात् गर्दै प्रदेशको शासन व्यवस्थामा आमनागरिकको अपनत्व र प्रभावकारी संलग्नता अभिवृद्धि गर्ने दिशामा सरकार क्रियाशील रहने छ भनी नीति तथा कार्यक्रममार्फत प्रतिबद्धता जनाएको छ।[46]

| |
|---|
| कार्यालयमा हाल नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत हत्या तथा मृत्युका फाईलहरू जम्मा ६३ वटा रहेका छन्। |

यस कार्यालयले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी विषयलाई हत्या र न्याय प्रशासन गरी दुई भागमा छुट्याइ फरक-फरक फोकल अधिकृतद्वारा हेर्ने व्यवस्था गरेको छ। कार्यालयले यस आ.व. मा नागरिकको स्वतन्त्रता र न्याय सम्बन्धी अधिकारको रक्षाका लागि कार्यालयको कार्यक्षेत्र रहेका जिल्लाका कारागार, बाल सुधार गृह तथा हिरासत कक्षहरूको नियमित अनुगमन, प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को अनुगमन, प्रहरीबाट भएका अपमानजनक व्यवहार, गैरकानूनी थुना, सरकारका निकायबाट भएको मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान, मधेसी तथा दलित समुदायको सांस्कृतिक अधिकार तथा राजनीतिक सहभागितासँग जोडिएका मुद्दाहरूमा अनुगमन, मानव अधिकारका विषयमा अभिमुखीकरण कार्यक्रम, पत्रकार, नागरिक समाज तथा मानव अधिकारकर्मीहरूसँग अन्तर्क्रिया लगायतका कार्यहरू सम्पन्न भएका छन्।

कार्यालयले आगामी आ.व.मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुगमन तथा अनुसन्धानलाई थप प्रभावकारी बनाउने, मानव अधिकार सम्बन्धी प्रवर्धनका कार्यहरूमा थप जोड दिने, संघ, प्रदेश तथा स्थानीय तहहरूसँग समन्वय सुदृढ गर्ने, जनप्रतिनिधि, प्रहरी, न्यायिक निकाय, नागरिक समाज, मानव अधिकारकर्मीहरूसँग सहकार्य/समन्वय गर्ने, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी थप अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्नुका साथ साथै कार्यालयको कार्यक्षेत्रमा आएका चुनौतीमा समेत काम गर्ने योजना बनाएको छ।

| |
|---|
| कार्यालयमा हाल न्याय प्रशासनसँग सम्बन्धित उजूरीको सङ्ख्या जम्मा १७ वटा रहेको छ। |

## ३.२.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ESCR) अन्तर्गत मानव मर्यादा, स्वतन्त्रता र सुरक्षाका लागि आवश्यक पर्ने आधारभूत अधिकारहरू पर्दछन्। यसमा पर्याप्त भोजन, आवास, स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी, सरसफाइ, रोजगारी र सामाजिक सुरक्षाको अधिकार समावेश हुन्छ। अन्तर्राष्ट्रिय स्तरमा, सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घको महासभाले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र[47] (ICESCR) मार्फत यी अधिकारहरूलाई औपचारिकता दिएको थियो। ESCR मा राज्यले आफ्ना उपलब्ध अधिकतम स्रोत साधनको प्रयोग गरी नागरिकका यी अधिकारहरू क्रमशः पूर्ण रूपमा

[46] कोशी प्रदेश सरकार, आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, २०८२।

[47] आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, https://www.ohchr.org/en/instruments-mechanisms/instruments/international-covenant-economic-social-and-cultural-rights।

कार्यान्वयन गर्न सक्रिय र सकारात्मक कदमहरू चाल्नुपर्ने दायित्व हुन्छ। नेपालले १४ मे १९९१ (२०४८ जेठ १) मा ICESCR लाई अनुमोदन गरी यस प्रतिज्ञापत्रप्रति आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले ESCR लाई अदालतबाट कार्यान्वयन गराउन नसकिने "राज्यका निर्देशक सिद्धान्त" मा सीमित राखेको थियो। २०६३ सालको नेपालको अन्तरिम संविधानले यसलाई मौलिक हकको रूपमा स्थापित गरी नेपालको वर्तमान संविधानले सम्पत्तिको हक[48], शिक्षा सम्बन्धी हक[49], भाषा तथा संस्कृतिको हक[50], रोजगारीको हक[51], श्रमको हक[52] ३४, स्वास्थ्य सम्बन्धी हक[53], खाद्य सम्बन्धी हक[54], आवासको हक[55] र सामाजिक सुरक्षाको हक[56] सम्बन्धी अधिकारहरूलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशको आ.व. २०८२/८३ को बजेट वक्तव्य अनुसार आ.व. २०८१/८२ मा कोशी प्रदेशको औसत आर्थिक वृद्धि ४ प्रतिशत रहेको देखिन्छ। कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३४.०५ प्रतिशत, सेवा क्षेत्रको ४९.९ प्रतिशत र उद्योग क्षेत्रको १६.०५ प्रतिशत रहने अनुमान गरिएको छ। प्रति व्यक्तिगत आय अमेरिकी डलर १४०१ पुगेको र कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम अर्थात् १७.२ प्रतिशत रहेको छ। धनी र गरिबबीचको खाडल मापन गर्ने सम्पत्तिमा आधारित गिनी गुणाङ्क आ.व. २०८१/८२ मा ०.३० पुगेको छ र कोशी प्रदेशमा आय असमानता क्रमशः कम हुँदै गएको संकेत गरिएको छ। बैंक तथा वित्तीय संस्थाका शाखा सञ्जालमा भएको विस्तारका कारण बैंकिङ सेवामा जनताको पहुँच क्रमशः बढ्दै गएको छ। मोबाइल बैंकिङ सेवा लिने ग्राहकको सङ्ख्या आर्थिक वर्ष २०७६/७७ मा १६ लाख ११ हजार रहेकोमा क्रमशः वृद्धि हुँदै आ.व. २०८१/८२ को चैतसम्म ३८ लाख ५८ हजार पुगेको पाइएको छ।

कार्यालयमा हाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित जम्मा ५४ वटा उजूरी रहेका छन्।

---

[48] नेपालको संविधान (२०७२) अनुसार प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ (धारा २५(१))।

[49] ऐ. अनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ (धारा ३१(१))।

[50] ऐ. अनुसार प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ तथा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ (धारा ३२(१) (२))।

[51] ऐ. अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ र प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ (धारा ३३(१) (२))।

[52] ऐ. अनुसार प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ र प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ (धारा ३४(१)) (२)।

[53] ऐ. अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन (धारा ३५(१))।

[54] ऐ. अनुसार प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ (धारा ३६(१))।

[55] ऐ. अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ र कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन। (धारा ३७(१) (२))।

[56] ऐ. अनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। (धारा ४३)।

### ३.२.२.१ आर्थिक अधिकार

आर्थिक अधिकार अन्तर्गत व्यक्तिको आर्थिक जीवनसँग सम्बन्धित विभिन्न आधारभूत अधिकारहरू समावेश हुन्छन्, जसले व्यक्ति तथा समुदायलाई आर्थिक रूपले सुरक्षित, सम्मानजनक र समावेशी जीवनयापनको अवसर सुनिश्चित गर्छ । यस अन्तर्गत व्यक्तिले आफुले इच्छाए अनुसार रोजगारी छान्ने स्वतन्त्रता, सुरक्षित र न्यायोचित श्रम शर्तहरू तथा न्यूनतम पारिश्रमिक पाउने अधिकार सुनिश्चित गर्दछ । यस्तै, सुरक्षित कार्य वातावरण, कामको उचित समय, विश्राम र श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षा संरक्षणको ग्यारेन्टी दिने, लिङ्ग, जात, धर्म वा अन्य कुनै आधारमा विभेद नगरी सबैलाई समान पारिश्रमिक सुनिश्चित गर्ने व्यवस्था गर्छ । बेरोजगारी, अपाङ्गता वा अन्य असमर्थ अवस्थामा पर्ने व्यक्तिका लागि आवश्यक सामाजिक सुरक्षा प्रणालीको व्यवस्था गर्ने, जमिन, श्रम, पूँजी, बजार र वित्तीय सेवाहरू (जस्तै ऋण, बीमा, बैंक सेवा) मा समान पहुँच सुनिश्चित गर्छ । साथै, श्रमिकहरूले संगठन बनाउने र आफ्नो हकहितको लागि आन्दोलन गर्न पाउने अधिकार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रता र कानून बमोजिम स्थापित व्यवसाय सञ्चालनमा अवरोध नहुने सुनिश्चितता समेत आर्थिक अधिकार क्षेत्रभित्र पर्छन् । नेपालको संविधानले सम्पत्तिको हक, रोजगारीको हक, श्रमको हक लगायतका मौलिक हकको व्यवस्था गरी आर्थिक अधिकारको सुनिश्चित गरेको छ ।

कोशी प्रदेशको आर्थिक अवस्थाका बारेमा चर्चा गर्नुपर्दा आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको औसत आर्थिक वृद्धिदर २.७२ प्रतिशत रहेको र आ.व २०८२/८३ मा सुधार भइ ३.१३ प्रतिशत रहने अनुमान गरिएको छ । चालु आ.व.मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.५ प्रतिशत, सेवा क्षेत्रको ४९.८ प्रतिशत र उद्योग क्षेत्रको १७.७ प्रतिशत रहने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८१/८२ प्रति व्यक्तिगत आय अमेरिकी डलर १४०१ रहेकोमा यो आ.व मा बढ्न गइ १४१० अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ जुन नेपालको औसत १५१३ भन्दा कम हो । कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम अर्थात् १७.२ प्रतिशत रहेको छ । धनी र गरिबबीचको खाडल मापन गर्ने सम्पत्तिमा आधारित गिनी गुणाङ्क आर्थिक वर्ष २०८१/८२ मा ०.३० पुगेको छ, र कोशी प्रदेशमा आय असमानता क्रमशः कम हुँदै गएको संकेत गरेको छ । बैंक तथा वित्तीय संस्थाका शाखा सञ्जालमा भएको विस्तारका कारण बैंकिङ सेवामा जनताको पहुँच क्रमशः बढ्दै गएको छ । मोबाइल बैंकिङ सेवा लिने ग्राहकको सङ्ख्या आर्थिक वर्ष २०८१/८२ मा ३८ लाख ५८ हजार रहेकोमा क्रमशः वृद्धि हुँदै २०८२/८३ को चैतसम्म ४२ लाख १९ हजार पुगेको छ ।[57]

आयोगको कोशी प्रदेश कार्यालयमा हाल ३३ वटा आर्थिक अधिकारसँग सम्बन्धित उजूरीहरू अनुसन्धानका क्रममा रहेका छन । ती मध्ये प्राय: द्वन्द्वकालीन समयमा घटेका घटनासँग सम्बन्धित रहेका छन् भने यस विषयसँग सम्बन्धित नयाँ उजूरी प्राप्त भएका छैनन् । यस आर्थिक वर्षमा यस कार्यालयबाट आर्थिक अधिकारसँग सम्बन्धित ५ वटा उजूरीउपर अनुसन्धान सम्पन्न गरिएको छ ।

[57] आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८२/८३।

### ३.२.२.२ स्वास्थ्यको अधिकार

स्वास्थ्यको अधिकारले प्रत्येक व्यक्तिलाई उच्चतम स्तरको शारीरिक र मानसिक स्वास्थ्य प्राप्त गर्न सक्षम बनाउने सुनिश्चितता गर्छ । सबै व्यक्तिको स्वास्थ्य सेवामा पहुँच र गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित र मर्यादा सम्पन्न स्वास्थ्य सेवा, स्वास्थ्य सेवामा सहुलियत वा निःशुल्क सेवा पाउने अधिकार, मानसिक रोगको रोकथाम, उपचार र पुनर्स्थापना सेवामा पहुँच, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक (LGBTIQ+) का लागि लक्षित सेवा, सरुवा रोग नियन्त्रण, वायु प्रदूषण न्यूनीकरण र महामारी संकटमा आपतकालीन स्वास्थ्य सेवाको अधिकार रहन्छ । कानूनी रूपमा नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ धारा १२[58] (१)र(२) ले प्रत्येक व्यक्तिको स्वास्थ्यको अधिकार हुने व्यवस्था गरेको छ ।

| |
|---|
| कोशी प्रदेशमा २०८२ चैतसम्म सबै तहका अस्पताल १८२ र आधारभूत स्वास्थ्य सेवा केन्द्र १ हजार ४ सय ५७ गरी जम्मा १ हजार ६ सय ३९ वटा स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको प्रतिवेदन सार्वजनिक भएको छ । कोशी प्रदेशमा व्यक्तिको औसत आयु ७०.४ वर्ष रहेको छ जुन नेपालको औसत आयु ७१.३ भन्दा कम रहेको छ । कोशी प्रदेशमा नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २० रहेको छ भने नेपालमा यसको दर २१ रहेको छ । नेपालमा प्रति लाख जीवित जन्ममा १५१ रहेको मातृ मृत्युदर कोशी प्रदेशमा १५७ रहेको छ । २०८१ चैतसम्म कोशी प्रदेशका ९३.६ प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सुविधा पुगेको छ भने ९७.८३ प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाइ सुविधा पुगेको छ । २०८१ चैतसम्म कोशी प्रदेशका २६ लाख १२ हजार ७ सय ९६ जना नागरिक स्वास्थ्य बीमामा आबद्ध भएकोमा हाल यसको सङ्ख्या बढेर २८ लाख ८५ हजार २ सय ७५ जना पुगेका छन् । |

*स्रोत: आर्थिक सर्वेक्षण, कोशी प्रदेश २०८२/८३*

कोशी प्रदेशको बजेट वक्तव्य २०८३/८४ मा कुल बजेटको ८.५१ प्रतिशत स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गरिएको छ[59] जसलाई सराहनीय कार्यका रूपमा लिन सकिन्छ । कोशी प्रदेशमा सरकारी स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारद्वारा नि:शुल्क प्रदान गर्ने ९८ प्रकारका औषधी अपुग हुने गरेको र स्वास्थ्य बीमा कार्यक्रमको सुविधा पछिल्लो समयमा निजी अस्पतालबाट लिन नपाउने भएकाले पायक पर्ने अस्पतालमा उपचार गराउन नसकिएको र बिलिङमा धेरै समय लाग्ने गरेको जस्ता गुनासोहरू प्राप्त हुने गरेको छ । आयोगबाट हुने अनुगमनका क्रममा कोशी प्रदेशका विकट क्षेत्रहरूमा दरबन्दी अनुसार स्वास्थ्यकर्मी नरहेको, विशेषज्ञ तथा डाक्टरहरूको

[58] आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अनुसार प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् र यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन् (क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था, (ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सबै पक्षहरूको सुधार, (ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण, (घ) विरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्ने (धारा १२(१)(२)) ।

[59] आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य ।

दरबन्दी अनुसार पदपूर्ति नरहेकाले स्वास्थ्य संस्थाको निर्माण गरिएको तर सेवा प्रवाहमा ध्यान नदिइएको भन्ने गुनासो प्राप्त हुने गरेको छ। कोशी प्रदेशको आर्थिक सर्वेक्षणको प्रतिवेदन अनुसार कोशी प्रदेशमा समग्र स्वास्थ्य अधिकारको सन्दर्भमा नेपालको औसत सूचकाङ्क भन्दा कम नै रहेको देखिएकाले यसको विकासका लागि सरकारले थप कार्य गर्नुपर्ने देखिन्छ।

यस कार्यालयमा स्वास्थ्यको अधिकारसँग सम्बन्धित हाल जम्मा ३ वटा उजूरीहरू अनुसन्धानका क्रममा छन्।

### ३.२.२.३ शिक्षाको अधिकार

शिक्षाको अधिकारले व्यक्तिको सम्मानजनक, समावेशी, गुणस्तरीय शिक्षा सुनिश्चित गर्दछ। यसले जात, लिङ्ग, भाषा, धर्म या आर्थिक असमानताबाट शिक्षा विभेदरहित हुनुपर्ने मान्यता राख्छ। नेपालको संविधानमा निःशुल्क र अनिवार्य प्रारम्भिक शिक्षा, माध्यमिक तथा उच्चशिक्षामा पहुँच, गुणस्तरीय शिक्षा, मातृभाषामा प्रारम्भिक शिक्षाको अधिकार, र सांस्कृतिक विविधता अनुसारको पाठ्यक्रमको व्यवस्था समावेश छ। साथै, लैङ्गिक र सामाजिक समावेशिता, छात्रवृत्ति, पोषण, पोसाक र शैक्षिक सामग्रीको निःशुल्क व्यवस्था, जीवन उपयोगी सीप र प्राविधिक शिक्षा, मानव अधिकार र सहिष्णुताको शिक्षालाई जोड दिइएको छ। नेपालको संविधानको धारा ३१ मा शिक्षाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको, धारा ५१ (ङ) समावेशी र समान पहुँच हुने गुणस्तरीय शिक्षा नीति अवलम्बन गरेको छ। त्यस्तै नेपाल पक्ष राष्ट्र बनेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १३ र १४ मा पनि शिक्षाको अधिकारलाई सुनिश्चित गरिएको छ।

कोशी प्रदेशमा कक्षा १-५ को भर्ना दर ९४.६ प्रतिशत र कक्षा ११-१२ को ३८.३ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसत क्रमशः ९४.४ प्रतिशत र ३७.१ प्रतिशत भन्दा बढी रहेको देखिन्छ।[60] कोशी प्रदेशमा विभिन्न विश्वविद्यालयसँग सम्बन्धन प्राप्त २१९ वटा क्याम्पस तथा उच्च शिक्षा प्रदान गर्ने संस्था तथा मनमोहन प्राविधिक विश्वविद्यालय सञ्चालनमा रहेका छन्।[61] यस प्रदेशका सबै जिल्ला साक्षर जिल्ला घोषणा भइसकेको पाइएको छ। प्रदेशका केही विद्यालयमा जबर्जस्ती कपाल काटिदिएको, विद्यालयमा यौन दुर्व्यवहार गरिएको, शारीरिक दण्ड दिइएको तथा अन्य समस्याहरू आएको जानकारी प्राप्त भएको छ। यहाँका विभिन्न जिल्लामा विशेष जाति र समुदायको बाहुल्यता रहेको स्थानमा स्थानीय सरकारले बजेट विनियोजन गरी मातृभाषा अध्यापन गराएको तर कतिपय विद्यालयहरूमा भाषा शिक्षकको अभावले सो मातृभाषा अध्यापनमा समस्या सिर्जना भएको पाइएको छ। मानव अधिकारको दृष्टिकोणले हेर्दा, कोशी प्रदेशमा शिक्षा अधिकार प्राप्त भएको भए तापनि विशेषगरी सेवा र समान अवसरका आयाममा अझै विभेद, गुणस्तरमा असमानता र पूर्वाधार तथा शिक्षकको कमीजस्ता समस्याहरू देखा परेका छन्।

[60] आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, २०८२।

[61] ऐ.।

कोशी प्रदेशको समग्र शिक्षा सम्बन्धी अवस्था हेर्ने हो २०८१ मा कक्षा १-५ को भर्ना दर ९४.६ रहेकोमा २०८२ मा ऋणात्मक भइ ९२.१ प्रतिशत र २०८१ मा कक्षा ११-१२ को ३८.३ प्रतिशत रहेकोमा यस आ.व. मा २२.४ प्रतिशतमा घटेको छ, जुन राष्ट्रिय औसत क्रमशः ९४.४ प्रतिशत र ३७.१ प्रतिशत भन्दा कम हो। कोशी प्रदेशमा विभिन्न विश्वविद्यालयसँग सम्बन्धन प्राप्त २१९ वटा क्याम्पस तथा उच्च शिक्षा प्रदान गर्ने संस्था तथा प्राविधिक विश्वविद्यालय सञ्चालनमा रहेका छन्। यस प्रदेशका सबै जिल्ला साक्षर जिल्ला घोषणा भइसकेका छन्।

*स्रोत: आर्थिक सर्वेक्षण २०८२/८३, अर्थ मन्त्रालय।*

कोशी प्रदेशका पहाडी तथा हिमाली क्षेत्रका विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या कमी हुने गरेको, शिक्षकहरूको दरबन्दी अनुसार पदपूर्ति नरहेको भन्ने तथ्य अनुगमनका क्रममा प्राप्त भएको छ। यसका अलावा आदिवासी/जनजातिको बाहुल्यता रहेको केही स्थानीय तहले बजेट व्यवस्थापन गरी सम्बन्धित आदिवासी समुदायको मातृभाषा पठनपाठन गराउने गरेको पाइएको छ। कोशी प्रदेशको बजेट वक्तव्य २०८३/८४ मा कुल बजेटको २.६२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा बजेट विनियोजन गरिएको छ।[62]

*कोशी प्रदेशका विभिन्न जिल्लामा विशेष जाति र समुदायको बाहुल्यता रहेको स्थानमा स्थानीय सरकारले बजेट विनियोजन गरी मातृभाषा अध्यापन गराएको तर कतिपय विद्यालयहरूमा भाषा शिक्षकको अभावले सो मातृभाषा अध्यापनमा समस्या रहेको भन्ने तथ्य अनुगमनका क्रममा पाइएको छ।*

### ३.२.२.४ आवासको अधिकार

आवासको अधिकारले प्रत्येक व्यक्तिलाई सुरक्षित, मर्यादित, उपयुक्त र पहुँचयोग्य आवासको सुनिश्चितता प्रदान गर्दछ। पर्याप्त, सुरक्षित र उपयुक्त आवासको व्यवस्था, धम्की वा विस्थापनबाट संरक्षण र भाडा वा जग्गाको स्वामित्वको कानूनी सुरक्षा, वातावरणीय जोखिम जस्तै: बाढी, पहिरोबाट सुरक्षित स्थान, आवासमा बिना विभेद समान पहुँचको अधिकार, सीमान्तकृत वर्ग आदिका लागि विशेष प्राथमिकता, बाढी, भूकम्प, आगलागी, द्वन्द्व जस्ता संकटमा अस्थायी आवास वा पुनर्स्थापना व्यवस्था जस्ता अधिकारहरू आवासको अधिकार अन्तर्गत पर्दछन्। नेपालको संविधान २०७२ को धारा ३७ मा आवासको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ, जसको कार्यान्वयनका लागि सरकारले "आवासको हक सम्बन्धी ऐन, २०७५" तर्जुमा गरेको छ भने प्रधानमन्त्री आवास कार्यक्रम, भूमिहीनको पुनर्स्थापना कार्यक्रम आदि जस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ। त्यस्तै अन्तर्राष्ट्रिय रूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी

[62] आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य।

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ११[63] मा उपयुक्त जीवनस्तर, आवास र जीवनोपयोगी अवस्थाको अधिकारको व्यवस्था समेत गरिएको छ ।

कोशी प्रदेशमा जनता आवास कार्यक्रममा आर्थिक वर्ष २०७५/७६ देखि छनौट भएका ८ हजार ६ सय ६९ लाभग्राहीमध्ये २०८१ चैतसम्म ७ हजार २ सय ८४ लाभग्राहीको आवास निर्माण सम्पन्न[64] भएकोमा यो आ.व मा यस क्षेत्रमा कार्य भएको पाइएन । आवासविहीन विपन्न परिवारलाई आवासको व्यवस्था मिलाउन जनता आवास कार्यक्रमलाई "कोशी जनता आवास" कार्यक्रममा रूपान्तरण गरी निरन्तरता दिएको र यसका लागि बजेट पनि विनियोजन गरिएको छ ।[65] त्यस्तै विभिन्न जिल्लाका स्थानीय तहले सञ्चालन गरेको सुरक्षित आवास सम्बन्धी कार्यक्रमले कोशी प्रदेशका नागरिकहरूलाई सुरक्षित आवासमा बस्न पाउने अधिकारलाई सम्बोधन गर्दै गरेको देखिन्छ ।

तथापि विशेष गरी मोरङ, सुनसरी र झापा जस्ता दक्षिणी तराईका जिल्लाहरूमा भूमिसम्बन्धी समस्या अझै पनि ठूलो सवालको रूपमा रहेको छ । विशेष गरी भूमिहीन, मधेसी दलित, विपन्न मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतका समुदायहरू उपयुक्त र सुरक्षित आवासबाट वञ्चित रहेको र धेरै भूमिहीनहरू वर्षौंदेखि बस्तीमा बस्दा समेत कुनै कानूनी मान्यता वा पुनर्स्थापनाको प्रत्याभूति नपाएको तथ्य आयोगको अनुगमनबाट प्राप्त भएको छ ।

यस आर्थिक वर्षमा आवासको हकसँग सम्बन्धित २ वटा उजूरी ग्रहण गरी सम्बन्धित स्थानीय तहसँग समन्वय गरी पीडितलाई आवासको सुनिश्चित गराइएको थियो भने आवासको हकसँग सम्बन्धित १ उजूरी अनुसन्धानको क्रममा छन् ।

कोशी प्रदेशको उदयपुर जिल्लालाई आ.व. २०८०/८१ मा बाढीबाट अति प्रभावित जिल्लाको सूचीमा सूचीकृत गरियो, इलाम जिल्लालाई आ.व. २०८१/८२ मा पहिरोबाट अति प्रभावित जिल्लाको सूचीमा सूचीकृत गरियो जहाँ सयौंको संख्यामा प्रभावित भइ विस्थापित हुनु परेको थियो । सो घटनामा यस कार्यालयबाट अनुगमन गरी सम्बन्धित निकायलाई सुझाव तथा सिफारिस समेत गरिएको थियो । कोशी प्रदेशमा आवासको हकको विषय सामान्य तथा सुधारोन्मुख देखिए पनि यस प्रदेशमा हजारौँ सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू लालपुर्जाबिना बस्दै आएका छन्, जसका कारण उनीहरू जतिबेला पनि उठिबास लाग्न सक्ने जोखिममा छन् र निजहरूको भूमि तथा सुरक्षित जीवनसम्बन्धी अधिकार सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

---

[63] आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अनुसार, प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् (धारा ११(१))

[64] आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य, २०८३, पृ. २ ।

[65] ऐ. पृ. १४ ।

### ३.२.२.५ सांस्कृतिक अधिकार

सांस्कृतिक अधिकारले व्यक्ति र समुदायलाई आफ्नो पहिचान, परम्परा, भाषा र सांस्कृतिक जीवनशैली संरक्षित र अभ्यास गर्न पाउने अधिकारको सुनिश्चित गर्छ । यस अन्तर्गत सबै व्यक्तिलाई आफ्नो मातृभाषा बोल्न, लेख्न, पढ्न र शिक्षा तथा सूचना प्राप्त गर्न पाउने अधिकार साथै जातीय, धार्मिक तथा परम्परागत चाडपर्व, नाचगान, रीतिरिवाज लगायत सांस्कृतिक अभ्यासमा स्वतन्त्रता, विवाह संस्कार, मौलिक सृजनाको संरक्षण र जनजीवनसँग सम्बन्धित परम्पराहरूको रक्षा गर्नु सांस्कृतिक अधिकारका मूल पक्ष हुन् । सीमान्तकृत वा जातीय अल्पसङ्ख्यक समुदायहरूका पहिचानलाई संवैधानिक तथा संस्थागत रूपमा मान्यता दिनु, परम्परागत संस्था र आन्तरिक व्यवस्थामा सांस्कृतिक स्वायत्तता प्रदान गर्नु यसको अर्को पक्ष हो । शिक्षामा मातृभाषाको प्रयोग गर्न पाउनु, राज्य वा बाह्य शक्तिबाट सांस्कृतिक अभ्यासमा कुनै हस्तक्षेप नहुनु, जबरजस्ती भाषा परिवर्तन वा परम्परागत मूल्यहरूको विनाशको विरोध गर्न पाउनु सांस्कृतिक अधिकार अन्तर्गत पर्दछ ।

कोशी प्रदेशमा सांस्कृतिक अधिकारको अवस्थाको बारेमा आयोगबाट यस प्रदेशका विभिन्न जिल्लामा ३ वटा अनुगमन गरिएको छ भने २ नयाँ उजूरी अनुसन्धानको क्रममा रहेको छ । कोशी प्रदेश सांस्कृतिक दृष्टिकोणले नेपालकै सबैभन्दा विविध र समृद्ध प्रदेश हो, जहाँ लिम्बु, राई, थारू, सन्थाल, राजवंशी, मधेसी, मुस्लिम, नेवार, तामाङ, मगर लगायत ४८ भन्दा बढी जातीय समुदायहरूको बसोबास छ[66], र ती सबै समुदायहरूको आ-आफ्नो भाषा, परम्परा, धार्मिक संस्कार, रीतिरिवाज, खानपान, भेषभुषा र जीवनशैली छन् । धार्मिक र सांस्कृतिक अभ्यासको दृष्टिकोणले पाथीभरा, बराहक्षेत्र, विभिन्न देवस्थल ग्रामथान, गढी, खोला तथा नदी आदि महत्त्वपूर्ण सांस्कृतिक स्थलहरू भएका यस प्रदेशमा विकास परियोजनाहरू (जस्तैः पाथीभरा केवलकार), आदिवासी/जनजातिको समाधिस्थलमा निर्माण गरिएका पार्क, सैनिक ब्यारेक र प्रहरी चौकीहरूले तिनको मौलिक महत्त्व घटाएको स्थानीय समुदायको गुनासो छ । प्रदेश सरकारले सांस्कृतिक विविधतालाई संविधानसम्मत रूपमा सम्मान गर्दै समावेशी नीति निर्माण र कार्यान्वयनमा गम्भीरता देखाउने हो भने सांस्कृतिक अधिकारले स्थानीय समुदायहरूको पहिचान, गरिमा र अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान दिन सक्छ ।

## ३.२.३ महिला अधिकार

महिला अधिकार भन्नाले महिलाले जीवनका सबै क्षेत्रमा समानता, स्वतन्त्रता, सुरक्षा, मर्यादा र सम्मानका साथ जीवनयापन गर्न पाउने अधिकारहरू हुन् । यसले महिलाको व्यक्तित्व विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, रोजगारी, सम्पत्ति, न्यायमा पहुँच, निर्णय प्रक्रियामा सहभागिता र समान अवसर जस्ता अधिकारहरूलाई समेट्छ । लिङ्ग, जात, वर्ग, धर्म, भाषा, वैवाहिक अवस्था वा अन्य कुनै पनि आधारमा महिलामाथि भेदभाव नगरी पुरुषसरह समान हक, अवसर र संरक्षण सुनिश्चित गर्नु महिला अधिकारको मूल

[66] राष्ट्रिय तथ्याङ्क कार्यालय, National Population and Housing Census 2021: Provincial Report, Koshi Province ।

उद्देश्य हो । यस अर्थमा महिला अधिकार केवल महिलाका लागि छुट्टै सुविधा नभई मानव अधिकार, सामाजिक न्याय र समतामूलक समाज निर्माणको आधारभूत पक्ष हो ।

| कार्यालयमा हाल महिला अधिकारसँग सम्बन्धित उजूरी जम्मा ४ वटा रहेका छन्। |
|---|

संयुक्त राष्ट्र संघको विश्वव्यापी मानव अधिकारको घोषणापत्र, १९४८ को धारा १[67] र २[68], महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, 1979 (CEDAW) तथा नेपालको संविधानको धारा ३८ ले महिला अधिकारको विशेष व्यवस्था गरेको छ र नेपालमा महिला अधिकारका लागि अन्य विशेष कानूनहरू समेत विद्यमान रहेको छ । महिलाको प्रतिनिधित्वको हक, सम्पत्तिको हक, पारिवारिक हक, प्रजनन स्वास्थ्यको हक, शिक्षाको हक, रोजगारको हक लगायतमा समान अवसर सुनिश्चित गर्नुपर्ने कुरा CEDAW ले उल्लेख गर्दछ । समाजमा समानता र सम्मानका साथ जीवनयापन गर्नको लागि नागरिक, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गरी[69] उचित परिवेश[70] सिर्जना गर्नु नै यसको उद्देश्य रहेको छ।

कोशी प्रदेशमा प्रदेशको कुल जनसङ्ख्याको ५१.२८% महिलाको जनसङ्ख्या रहेको छ ।[71] यद्यपि यस प्रदेशमा महिला हिंसा (घरेलु), बालविवाह, प्रजनन स्वास्थ्यमा समस्या, खुल्ला सीमाले बढाएको लागु औषध ओसारपसारमा महिलाहरूको प्रयोग, खुला सीमाले नै बढाएको मानव बेचबिखनको घटनामा धेरैजसो महिलाहरू नै पीडित भइरहेका, दाइजो, विभेदका घटनाहरू, आत्महत्या लगायतका घटनाहरू दोहोरिनु र नेपाल प्रहरीको तथ्याङ्क अनुसार बढ्दो क्रममा देखिनुले समग्र महिलाको विकासमा बाधा सिर्जना गरेको, कोशी प्रदेशमा मुख्यरूपमा मधेशका तथा मुस्लिम महिलाहरू मानव अधिकारको उपभोगमा पछाडि परेका देखिन्छन् ।

कार्यालयमा हाल महिला विरुद्धका मानव अधिकार उल्लङ्घनका ४ वटा घटनाहरू अनुसन्धानका क्रममा रहेको छ । त्यस्तै महिलाका विषयमा विभिन्न समयमा गुनासो तथा घटनाको जानकारी आउने गरेको छ जसमा आवश्यक कारबाही तथा परामर्श दिइने गरिएको छ । साथै, प्रदेशका विभिन्न जिल्लाहरूमा रहेका कारागार,

---

[67] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ अनुसार सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन् ती सबैको समान अधिकार र महत्व छ । निजहरूमा विचार शक्ति र सद्विचार भएकोले निजहरूले आपस्तमा भ्रातृत्वको भावनाबाट व्यवहार गर्नु पर्छ (धारा १) ।

[68] ऐ. अनुसार जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ ।यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस वा संरक्षित,स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनैतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन (धारा २) ।

[69] महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी, 1979 अनुसार, पुरुष सरह महिलाहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने उद्देश्यकालागि महिलाको पूर्ण विकास र समुन्नति सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै क्षेत्र खासगरी राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्वन गर्नेछन् (धारा 3) ।

[70] ऐ. अनुसार, मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूका पक्ष राष्ट्रहरूको सम्पूर्ण आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनैतिक अधिकारहरू पुरुष र महिलाले समान रुपले उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने दायित्व रहेको कुरा उल्लेख गदै.......... देहायका कुरामा सहमत भएका छन् (प्रस्तावना) ।

[71] राष्ट्रिय तथ्याङ्क कार्यालय, National Population and Housing Census 2021: Provincial Report, Koshi Province, Kathmandu: Government of Nepal, 2023, p. 1 ।

हिरासत कक्ष, सुरक्षित गृह (Safe Houses), र पुनर्स्थापना केन्द्रहरूको नियमित अनुगमन गरी महिला कैदीबन्दी तथा हिंसापीडित महिलाहरूको सुरक्षा र मानव अधिकारको अवस्था सुनिश्चित गर्न आवश्यक कदम चालिएका छन् । मानव अधिकारको संवर्धनका लागि स्थानीय तह, नागरिक समाज, र सरोकारवाला निकायहरूसँगको समन्वयमा लैङ्गिक हिंसा विरुद्धको सचेतना, कानूनी साक्षरता, र मानव अधिकार संरक्षणमा महिलाको भूमिका सम्बन्धी अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरिएका छन् ।

हाल कोशी प्रदेश सरकारले आफ्ना विभिन्न मन्त्रालयहरूमार्फत लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget) को अवधारणालाई आत्मसात् गर्दै महिलाहरूको क्षमता विकास, स्वरोजगारी संवर्धन, र उद्यमशीलताका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न बजेट विनियोजन गरेको देखिन्छ । विशेष गरी 'मुख्यमन्त्री महिला सशक्तीकरण कार्यक्रम', सीपमूलक तालिम, र दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि हवाई उद्धार र पोषण भत्ता जस्ता गम्भीर प्रकृतिका स्वास्थ्य कार्यक्रमहरूलाई नीतिगत रूपमै प्राथमिकता दिइएको छ ।[72] यद्यपि, नीति तथा कार्यक्रममा समेटिएका कतिपय योजनाहरू लक्षित वर्गसम्म पूर्ण रूपमा पुग्न नसक्नु, विनियोजित बजेटको कार्यान्वयन सुस्त हुनु, र स्थानीय तहसम्म प्रभावकारी समन्वयको अभाव हुनु अझै पनि मुख्य चुनौतीका रूपमा रहेका छन् । महिला अधिकारको पूर्ण सुनिश्चितता र लैंङ्गिक हिंसा न्यूनीकरणका लागि बजेटको परिमाणात्मक वृद्धि मात्र नभई त्यसको वस्तुगत र परिणाममुखी कार्यान्वयनका साथै दण्डहीनताको अन्त्यका लागि ठोस नीतिगत प्रतिबद्धता आवश्यक देखिएकाले आयोगले यस सम्बन्धमा प्रदेश सरकारको  विभिन्न कार्यक्रम तथा समन्वयत्मक भेटद्वारा ध्यानाकर्षण गराउँदै आएको छ । अतः कोशी प्रदेशमा महिला अधिकारका सवालमा सुधार आएको देखाए तापनि आयोगले परामर्श प्रदान गरिरहेको महिलाहरूको सङ्ख्या, विभिन्न समयमा आयोगबाट गरिएका अनुगमन तथा अनुसन्धानका क्रममा गरिएका छलफल र नेपाल प्रहरीको तथ्याङ्क समेतले महिलाका सन्दर्भमा सामाजिक तथा व्यवहारिक परिवेशमा परिवर्तन आवश्यक देखिन्छ ।

### ३.२.४ बाल अधिकार

बालबालिका कुनै पनि राष्ट्रको भविष्य निर्माणका आधार हुन् । उनीहरूको उचित पालनपोषण, संरक्षण, शिक्षा, स्वास्थ्य र अर्थपूर्ण सहभागिता सुनिश्चित हुनु सामाजिक न्याय, मानव अधिकार र दिगो विकासका लागि अपरिहार्य मानिन्छ । नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ र बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको सर्वाङ्गीण हितलाई केन्द्रमा

[72] कोशी प्रदेश सरकार, आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, २०८२; आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश ।

राखेर विशेष कानूनी अधिकार[73] तथा बालबालिकाप्रतिको दायित्वको[74] व्यवस्था गरेको छ। यसैगरी, नेपाल संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि (CRC) लगायत बाल अधिकारसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूको पक्ष राष्ट्र रहेको छ। बालविवाह, बालश्रम, यौनजन्य दुर्व्यवहार, जबर्जस्ती करणी, बाल दुर्व्यवहारलगायत विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरूले समेत बालबालिकाको संरक्षण, बालमैत्री न्याय प्रणाली र सुरक्षित वातावरण निर्माणका लागि महत्वपूर्ण मार्गदर्शन प्रदान गर्दै आएका छन्।

कोशी प्रदेशमा बाल अधिकारको क्षेत्रमा कानूनी र नीतिगत आधारहरू तयार भए तापनि व्यावहारिक रूपमा बालश्रम, बालविवाह, अनलाइन माध्यमबाट हुने यौनजन्य दुर्व्यवहार, र विद्यालय बाहिर रहेका बालबालिकाहरूको सङ्ख्या अझै पनि चुनौतीका रूपमा रहेका छन्। विशेषगरी आर्थिक रूपमा विपन्न, सीमान्तकृत र ग्रामीण क्षेत्रका बालबालिकाहरू आधारभूत स्वास्थ्य र गुणस्तरीय शिक्षाको अवसरबाट अझै पनि वञ्चित हुनुपरेको अवस्था छ, जसले गर्दा बाल अधिकारको पूर्ण उपभोगमा गम्भीर अवरोध सिर्जना भएको देखिन्छ।यस सन्दर्भमा कोशी प्रदेशका स्थानीय तहहरूले बाल अधिकारको संरक्षण र संवर्धनका लागि विभिन्न सकारात्मक प्रयासहरू अगाडि बढाएका छन्। स्थानीय सरकारहरूले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत बालबालिकाका लागि लक्षित बजेट विनियोजन गर्दै 'बालमैत्री स्थानीय शासन' (Child Friendly Local Governance) को अवधारणालाई संस्थागत गर्न थालेका छन्।[75]

*यस कार्यालयले आर्थिक वर्ष २०८२/८३मा बाल अधिकारको संरक्षण र संवर्धनमा विशेष ध्यान दिँदै कार्यालयको कार्यक्षेत्रका कारागारमा रहेका आश्रित बालबालिकाको अवस्था, हिरासतमा रहेको बाल निगरानी कक्ष तथा बाल सुधार गृहको अवस्थाको अनुगमन तथा झापा, मोरङ, इलाम, धनकुटा, पाँचथर, तेह्रथुम र सुनसरी जिल्लाका विद्यालयहरूमा 'शारीरिक दण्ड' सम्बन्धी अनुगमन तथा बाल अधिकारका विभिन्न विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन्। कार्यालयमा हाल बाल अधिकार सम्बन्धी २ वटा उजूरी अनुसन्धानरत रहेका छन् र यस आ.व.मा जम्मा १३ वटा बाल अधिकार सम्बन्धी गुनासो आएकोमा उक्त गुनासो परामर्श तथा समन्वयबाट समाधान गरिएका छन्।*

प्रदेशका कतिपय स्थानीय तहहरूले बालविवाह मुक्त वडा तथा पालिका घोषणा अभियान चलाएका छन् भने विद्यालयहरूमा 'स्यानिटरी प्याड' वितरण, दिवा खाजा कार्यक्रमको प्रभावकारी सञ्चालन, र विद्यालय भर्ना अभियानमार्फत बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने कार्य गरिरहेका छन्। साथै, स्थानीय तहमा

[73] बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार बालबालिकाको अधिकार, बाँच्न पाउने अधिकार; नाम, राष्ट्रियता र पहिचानको अधिकार; भेदभाव विरूद्धको अधिकार; बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार; संरक्षणको अधिकार; सहभागिताको अधिकार; अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार; संस्था खोल्न र शान्तिपूर्वक भेला हुने अधिकार; गोपनीयताको अधिकार; अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार; पोषण तथा स्वास्थ्यको अधिकार; खेलकुद, मनोरञ्जन तथा सँस्कृतिक अधिकार; शिक्षाको अधिकार (परिच्छेद २, दफा ३–१५)।

[74] ऐ. अनुसार बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने, परिवार वा संरक्षकको दायित्व, राज्यको दायित्व, सञ्चार क्षेत्रको दायित्व उल्लेखित छ (दफा १६–१९)।

[75] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८; बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ र प्रगति विवरण।

बाल क्लबहरूको गठन, बाल कल्याण अधिकारीको नियुक्ति र आकस्मिक बाल संरक्षण कोषको स्थापना जस्ता संरचनागत कार्यहरू समेत सम्पादन गरिएका छन्। तथापि, स्थानीय तहहरूमा बाल अधिकारसम्बन्धी संवर्धनका कार्यक्रमहरू बढी केन्द्रित हुने तर गम्भीर प्रकृतिका बाल अधिकार उल्लङ्घन (जस्तै बालश्रम र सडक बालबालिकाको पुनर्स्थापना) का घटनामा ठोस र दीर्घकालीन सम्बोधन हुन नसकेको अवस्थालाई ध्यानमा राखी आयोगले स्थानीय सरकारहरूलाई थप जिम्मेवार र परिणाममुखी बन्न सुझावहरू दिएको छ।

आर्थिक वर्ष २०८१/८२मा जम्मा १३१ जना (४६ जना बालक र ८५ जना बालिका) बालबालिकाले आत्महत्या गरेका छन् जुन चालु आ.व.मा बढ्दो संख्यामा रहेको छ र बालबालिकामा हुने मानसिक समस्या समेत बढेको देखिन्छ।

कोशी प्रदेशमा बालबालिकाको संरक्षण तथा संवर्धनका लागि बालबालिकालाई बाल क्लब, बाल सञ्जाल, स्काउट, रेडक्रस तथा अन्य कार्यक्रममा सहभागिता गराएको देखिन्छ। प्रदेश कानून र स्थानीय कानूनमा बालहितका लागि नीतिगत सुधार आउनुले तुलनात्मक रूपमा कोशी प्रदेशमा बालबालिकाको अवस्था सन्तोषजनक रहेको देखिन्छ।

हाल यस कार्यालयमा बाल अधिकारसँग सम्बन्धित उजूरी २ वटा रहेका छन्।

## ३.२.५ जातीय विभेद उन्मूलन सम्बन्धी अवस्था

जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD) सन् १९६५ मा संयुक्त राष्ट्रसंघबाट पारित भई सन् १९६९ देखि कार्यान्वयनमा आएको मानव अधिकारसम्बन्धी एक महत्वपूर्ण महासन्धि हो, जसको ध्येय जात जाति, वर्ण, वंश र राष्ट्रियता वा जातीय उत्पत्तिका आधारमा हुने सबै प्रकारका विभेदलाई निषेध गर्दै विश्वभर समानता र भ्रातृत्वको संवर्धन गर्नु हो। सन् १९७१ मा यस महासन्धिको पक्ष राष्ट्र बनेको नेपालले जातीय तथा छुवाछुतजन्य विभेदको अन्त्यका लागि राष्ट्रिय कानून, प्रशासनिक संरचना र सामाजिक व्यवहारमा आवश्यक सुधार गर्दै समानतामूलक समाज निर्माण गर्ने कानूनी तथा नैतिक दायित्व वहन गरेको छ। जातीय तथा अन्य सामजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले जातीय विभेद तथा छुवाछुतलाई फौजदारी कसूर मानी दण्ड सजायको स्पष्ट व्यवस्था गरेको छ।
संविधान र कानूनले जातीय छुवाछुत र विभेदलाई पूर्णतः निषेध गरे तापनि व्यवहारमा जातीय विभेदको स्वरूप अझै पनि जटिल र बहुआयामिक छ। कोशी प्रदेशमा दलित समुदाय सार्वजनिक स्थल, भोजभतेर, धार्मिक तथा सांस्कृतिक क्रियाकलाप लगायतमा विभेदको सिकार भइरहेका छन्। बसाइँसराइका क्रममा वा सहरी क्षेत्रमा घर भाडामा लिँदा भोग्नुपर्ने अपमान, अन्तरजातीय विवाहका घटनामा हुने पारिवारिक र सामाजिक बहिष्कार तथा दलित समुदायलाई बालविवाह, अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणी जस्ता मुद्दामा फसाइ कानूनको दुरुपयोग गर्ने प्रवृत्ति देखिन्छ।

सामाजिक दबाब अपहेलना र कानूनी सहायतामा पहुँचको कमीजस्ता समस्या विद्यमान छ। कानूनमा समावेशी प्रतिनिधित्वको संवैधानिक व्यवस्था भए तापनि नीति निर्माण तहमा दलित, आदिवासी जनजाति र मधेसी समुदायको उपस्थिति न्यून देखिन्छ। स्थानीय तहमा दलित महिला उम्मेदवारको अनिवार्य व्यवस्थालाई धेरै ठाउँमा केवल औपचारिकतामा मात्र सीमित गरिएको छ। समाजमा जातीय विभेदको घटनाहरू विद्यमान रहे तापनि विभिन्न निकायमा उजूरी दर्ताको सङ्ख्या न्यून छ। सामाजिक दबाब, पीडकसँगको सामाजिक र आर्थिक निर्भरता र न्याय प्रक्रियाको जटिलताका कारण धेरै घटनाहरू बाहिर आउनै पाउँदैनन्। जसले गर्दा न्यायिक निकायमा मुद्दा दर्ता गरे तापनि प्रमाण जुटाउने चुनौती र मेलमिलापका लागि गरिने अत्याधिक दबाबले न्याय प्रक्रियालाई कमजोर बनाएको छ।

जातीय विभेद अन्त्य गर्न जातीय विभेद उन्मूलनको महासन्धि र राष्ट्रिय कानूनको प्रभावकारी कार्यान्वयनका लागि केवल दण्ड सजाय पर्याप्त छैन। यसका लागि प्रदेश र स्थानीय स्तरमा गठित जातीय विभेद निगरानी समितिहरूलाई क्रियाशील र उत्तरदायी बनाउनुपर्छ। पीडितहरूका लागि निःशुल्क कानूनी सहायता र सुरक्षाको ग्यारेन्टी आवश्यक छ। विद्यालय तहको पाठ्यक्रमदेखि नै जातीय समता र सामाजिक न्यायका लागि शिक्षालाई व्यापक बनाउनुपर्छ, सामाजिक चेतना अभिवृद्धि गर्दै दलित समुदायको राज्यका सबै अङ्गमा अर्थपूर्ण सहभागिता र पहुँच हुनुपर्छ।

कानून कार्यान्वय गर्ने निकायहरूका अधिकारीहरूले जातीय छुवाछुत तथा विभेदसँग सम्बन्धित मुद्दाहरूमा संवेदनशील भइ मानव अधिकार सम्मत ढंगले संवैधानिक तथा कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## ३.२.६ बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार

बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को प्रस्तावना तथा धारा २ ले यस विषयलाई विश्वव्यापी कानूनी दायराभित्र बाँधेको छ। महासन्धि अनुसार राज्यका संयन्त्र वा राज्यको अधिकार, समर्थन वा सहमतिमा काम गर्ने व्यक्ति वा समूहहरूद्वारा कुनै पनि व्यक्तिलाई गिरफ्तारी, थुना, अपहरण वा अन्य कुनै पनि माध्यमबाट स्वतन्त्रताबाट वञ्चित गर्नु नै बलपूर्वक बेपत्ता पार्नु हो। यसले पीडित व्यक्तिलाई कानूनको न्यूनतम सुरक्षाबाट समेत पूर्ण रूपमा बाहिर धकेल्छ। सरल शब्दमा भन्दा राज्य वा विद्रोही पक्षले कुनै पनि बहानामा नागरिकलाई आफ्नो नियन्त्रणमा लिई निजको स्थिति अज्ञात राख्नु नै बलपूर्वक बेपत्ताको अवस्था हो।

नेपालले बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ मा हस्ताक्षर गरिसकेको भए तापनि हालसम्म यसको अनुमोदन (Ratification) गर्न सकेको छैन। यसले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको मानव अधिकारप्रतिको निष्ठा र प्रतिबद्धतामाथि नैतिक प्रश्न खडा गरेको छ। नेपालले थाती रहेको संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन र मानव अधिकारको विश्वव्यापी मान्यता अनुरूप अघि बढ्न बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्ध स्पष्ट राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्नैपर्छ। यसका लागि उक्त अभिसन्धिको अविलम्ब अनुमोदन आजको आवश्यकता हो।

बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार केवल एक व्यक्तिको कानूनी अधिकार मात्र नभई समग्र सामाजिक न्याय र लोकतन्त्रको जगसँग जोडिएको विषय हो। नेपालमा दशक लामो सशस्त्र द्वन्द्व (२०५२–२०६३) को समयमा हजारौँ नागरिकहरू बलपूर्वक बेपत्ता पारिए जसको गहिरो खत नेपाली समाजमा अझै जीवित छ। राज्यपक्षबाट बेपत्ता पारिएका हुन् वा तत्कालीन विद्रोही पक्षबाट अपहरणमा परेका, पीडित परिवारहरू विगत लामो समयदेखि न्याय र सत्यको पर्खाइमा रहेका छन्।
आयोगले द्वन्द्वकालीन समयमा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न विभिन्न समयमा सरकारलाई महत्त्वपूर्ण सिफारिसहरू गर्दै आएको छ। नागरिक समाजसँगको सहकार्यमा आयोगले धेरै घटनाहरूको सत्य तथ्य बाहिर ल्याएका उदाहरणहरू प्रशस्त छन्। आयोगद्वारा गरिएका अनुसन्धान, अनुगमन र शवोत्खनन (Exhumation) का कार्यहरूले पीडित परिवारलाई केही हदसम्म राहत र चित्त बुझाउने ठाउँ त दियो तर पूर्ण न्याय अझै टाढा छ। परिवारको एउटै आवाज छ "कि सास चाहियो, कि लास चाहियो।" यो केवल एउटा माग मात्र नभएर राज्यको विवेकमाथि पीडितहरूको कठोर प्रश्न हो। हाल संक्रमणकालीन न्याय निरुपण तथा विशेषगरी बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन र स्थिति सार्वजनिक गर्ने उद्देश्यले गठित बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले आफ्नो कार्य अघि बढाइरहेको छ।

हाल कोशी प्रदेशमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार सम्बन्धी ४० वटा उजूरीहरू रहेका छन्। तत्कालीन सशस्त्र द्वन्द्वसँग सम्बन्धित रहेका यी उजूरीहरूमध्ये राज्यपक्षबाट बेपत्ता पारिएका २८ वटा र विद्रोही पक्षबाट अपहरणमा परेका १२ वटा घटनाहरू समावेश छन्। आर्थिक वर्ष २०८२/८३ को अवधिमा १३ वटा उजूरीको अनुसन्धान सम्पन्न भइसकेको छ।

नेपालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार रक्षा र न्याय निरुपणको मुख्य चुनौती भनेकै उनीहरूको वास्तविक स्थिति सार्वजनिक गर्नु हो। नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.२ मा आफ्ना कब्जामा रहेका मानिसहरूका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् भन्ने उल्लेख थियो।[76] त्यसैगरी, बुँदा नम्बर ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धका समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनलाई जानकारी गराउने[77] व्यवस्था गरिएको थियो, तर सम्झौताको दुई दशक बित्न लाग्दा पनि वास्तविक स्थिति सार्वजनिक नभएकै कारण पीडित परिवारहरू आजसम्म पनि अन्यौल, छटपटी र मानसिक प्रताडनामा बाँच्न विवश छन्।

तमाम चुनौतीहरूका बाबजुद बेपत्ताको स्थिति सार्वजनिक गर्ने कार्यलाई राज्यले प्राथमिकतामा राख्नुपर्छ। पीडित परिवारको अपेक्षालाई सम्बोधन गर्न र दिगो शान्ति स्थापनाका लागि नेपाल सरकार, सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र राष्ट्रिय मानव अधिकार आयोगबीच

[76] वि.सं. २०६३ मा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच सम्पन्न भएको विस्तृत शान्ति सम्झौता, बुँदा नम्बर ५.२.२
[77] ऐ., बुँदा नम्बर ५.२.३

समन्वय हुन जरुरी छ। यस्तो संस्थागत सहकार्य र दृढ राजनीतिक प्रतिबद्धताबाट मात्र नेपालमा संक्रमणकालीन न्यायको निरूपण सम्भव देखिन्छ।

| |
|---|
| कार्यालयमा हाल बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित जम्मा ४० वटा उजूरी रहेका छन्। |

## ३.२.७ यातना विरुद्धको अधिकार

सामान्यत: यातना भन्नाले व्यक्तिबाट सूचना वा स्वीकारोक्ति लिने, उसलाई वा तेस्रो पक्षलाई दण्ड दिन, डर त्रास फैलाउने वा कुनै भेदभावको आधारमा गरिने त्यस्तो कार्यलाई जनाउँछ जसमा जानाजान शारीरिक वा मानसिक पीडा दिइन्छ र जुन कार्य राज्यको अधिकारी वा उसको अनुमति, समर्थन वा मौन सहमतिमा गरिन्छ ।[78] मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५[79], नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICCPR), १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनका व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ (CAT) तथा नेपालको संविधानको धारा २२[80] ले थुनामा रहेको व्यक्तिलाई कुनै प्रकारको शारीरिक वा मानसिक यातना दिन नहुने व्यवस्था गरेको छ। यातना विरुद्वको अधिकार सम्बन्धमा नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा २१ मा अपराध पीडितको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २३ निवारक नजरबन्द विरुद्धको हक र धारा २९ ले शोषण विरुद्धको हक समावेश गरेको छ। यस व्यवस्थालाई थप दण्डनीय बनाउन मुलुकी अपराध संहिता, २०७४ को दफा १६७[81] ले यातनाको विषयलाई अपराधीकरण समेत गरेको छ।

कोशी प्रदेशमा यातनाका घटनामा तुलनात्मक रूपमा कमी आएको तथ्य कोशी प्रदेश अन्तर्गत रहेका कारागारहरू तथा हिरासतहरूको अनुगमन प्रतिवेदनबाट निष्कर्ष निकाल्न सकिन्छ। सुरक्षाकर्मीहरूमा आएको मानव अधिकारसम्बन्धी चेतनाको व्यवहारिक अबलम्बन र सरकारी तवरबाट नै यातनाका घटनालाई गम्भीर अपराधको रूपमा परिभाषित गर्नुले यातनाको घटनामा कमी आएको तथ्यलाई सकारात्मक मान्न सकिन्छ।

---

[78] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४, धारा १।

[79] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ अनुसार कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन साथै निर्दयी, अमानविय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन (धारा ५)।

[80] नेपालको संविधान (२०७२) अनुसार यातना विरुद्धको हकमा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन र यी कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ (धारा २२)।

[81] मुलुकी अपराध संहिता, २०७४ अनुसार यातना दिन नहुनेः (१) प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन हुँदैन। (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको गम्भीरता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। (३) उपदफा (१) बमोजिमको कसूर गर्न आदेश दिने व्यक्ति वा यस दफा बमोजिमको कसूर गर्न सहयोग गर्ने मतियारलाई मुख्य कसूरदार सरह सजाय हुनेछ। (४) उपदफा (१) बमोजिम कसूर गर्ने कुनै व्यक्तिले आफूभन्दा माथिका अधिकारीको आदेश पालना गरी त्यस्तो कसूर गरेको भन्ने दावी लिन पाउने छैन र निजले त्यस्तो आधारमा त्यस्तो कसूर गरेबापत हुने सजायबाट उन्मुक्ति पाउने छैन (दफा १६७)।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश, कार्यालयमा आ.व. २०८२/८३ सम्ममा २७ वटा यातना सम्बन्धमा उजूरी रहेकोमा यस आ.व.मा १२ वटामा अनुसन्धान सम्पन्न भइ हाल कार्यालयमा १६ वटा उजूरी अनुसन्धानरत रहेका छन् । कोशी प्रदेशमा यातनाका घटनामा तुलनात्मक रूपमा कमी आएको यस आ.व.मा कोशी प्रदेश अन्तर्गत रहेका ८ वटा कारागारहरू तथा १३ वटा हिरासतहरूको अनुगमन भएको छ । सुरक्षाकर्मीहरूमा आएको मानव अधिकारसम्बन्धी चेतनाको व्यवहारिक अबलम्बन र सरकारी तवरबाट नै यातनाका घटनालाई गम्भीर अपराधको रूपमा परिभाषित गर्नुले यातनाको घटनामा कमी आएको अवस्थालाई सकारात्मक रूपमा ग्रहण गरिएको छ ।

यातनालाई नेपालको संविधान र मुलुकी फौजदारी संहितामा दण्डनीय अपराधको रूपमा परिभाषित गरेको तथा सुरक्षा निकायमा सकारात्मक सुधार आएको भए तापनि कारागार तथा हिरासतमा हुने धैरैजसो यातनाका घटनामा संलग्नता प्रहरीकै हुने भएकाले प्रहरीले यस्ता विषयमा जाहेरी लिने कुरालाई व्यावहारिक मान्न सकिन्न । उदाहरणका लागि यातनाका कुनै घटनामा प्रहरीको संलग्नता रहेकोमा त्यस्ता घटनाहरूको जाहेरी दरखास्त लिएको तथा अदालतबाट दोषी करार भएको देखिएको छैन । प्रहरी हिरासत तथा अनुसन्धान प्रक्रियामा दुर्व्यवहारका गुनासाहरू कहिलेकाहीँ यस कार्यालयमा आउने गरेका देखिन्छन् । अतः पीडितले न्याय पाउन ढिलाइ हुने र उजूरी प्रक्रियामा जटिलता रहनु चुनौतीको रूपमा रहेको पाइएको छ ।

कार्यालयमा हाल यातना विरूद्धको अधिकारसँग सम्बन्धित जम्मा १६ वटा उजूरी रहेका छन्।

## ३.२.८ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

हाल संसारभर १ अर्बभन्दा बढी व्यक्तिहरू कुनै न कुनै रूपमा अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् । विश्वव्यापी रूपमा मानव अधिकारको आधुनिक बहसले अपाङ्गता भएका नागरिकहरूको मर्यादा र अस्तित्वलाई केन्द्रमा राखेको छ । उनीहरूलाई दया वा परोपकारको परम्परागत बुझाइबाट बाहिर निकालेर सम्मान, समान अवसर र एउटा पूर्ण समावेशी समाजको प्रत्याभूति गराउनु आधुनिक लोकतान्त्रिक राज्यको प्राथमिक दायित्व हो । अन्तर्राष्ट्रिय स्तरमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) लाई नेपालले २७ डिसेम्बर २००९ मा अनुमोदन गरेसँगै यस क्षेत्रमा अधिकारमुखी आन्दोलनले कानूनी वैधता पाएको हो । यस महासन्धिको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण, प्रभावकारी र सम्मानजनक अधिकार सुनिश्चित गर्नु हो, जसले समानता र अविभेद, सूचना, पूर्वाधार, यातायात तथा सेवामा पहुँचयोग्यता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा समान पहुँच, र राजनीतिक सहभागितालाई अनिवार्य सर्त मानेको छ । यसबाहेक संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य (SDGs: 2030) ले मार्गनिर्देश गरेको 'कोही पनि पछाडि नछुटून्' (Leaving No One Behind) भन्ने मूल मर्म र एसिया प्रशान्त क्षेत्रको इन्चोन रणनीति (Incheon Strategy) जस्ता बलिया अन्तर्राष्ट्रिय अभ्यासहरूले अपाङ्गताको विषयलाई विकासको मूल धारसँग जोड्नुपर्ने वकालत गर्दछन्, जसको प्रत्यक्ष प्रभाव नेपालको आधुनिक कानून निर्माणमा पनि परेको देखिन्छ ।

नेपालको संवैधानिक र कानूनी संरचनालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउने प्रयास स्वरूप नेपालको संविधानको धारा १८ मा समानता र विशेष सुरक्षाको हक, धारा ४२ मा राज्यका निकायहरूमा समावेशी सहभागिताको सुनिश्चितता, धारा ४३ मा सामाजिक सुरक्षाको हक, तथा धारा ५१ मा समावेशी नीति निर्माणका लागि राज्यका निर्देशक सिद्धान्तहरू तय गरिएका छन् । यही संवैधानिक मर्मलाई कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ जारी गरियो, यसका साथै अपाङ्गता परिचयपत्र वितरण मापदण्ड, समावेशी शिक्षा नीति र अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८० तथा अपाङ्गतामैत्री पूर्वाधार मापदण्डहरू मार्फत राज्यले भौतिक र प्रणालीगत अवरोधहरू हटाउने प्रयास गरेको देखिन्छ । यद्यपि, पश्चिमा मुलुकहरूमा अभ्यासमा रहेको युरोपेली पहुँचयोग्यता ऐनजस्ता नेपालका कानूनहरूमा पनि डिजिटल र प्रविधिगत पहुँचलाई कडा रूपमा अनिवार्य गर्ने र उल्लङ्घनकर्तालाई कडा कारबाही गर्ने कानूनी छिद्रहरू अझै सुधार्न बाँकी नै छ ।

प्रादेशिक तथा स्थानीय स्तरमा अधिकारको हस्तान्तरण र कार्यान्वयनको पाटोलाई हेर्दा कोशी प्रदेश सरकारले केही रचनात्मक नीतिगत फड्को मारेको देखिन्छ । प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, सीप विकास र रोजगारका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूसँग समन्वय बढाएको छ जसका लागि प्रदेश स्वास्थ्य नीति, २०८१, निःशुल्क स्वास्थ्य बीमा तथा उपचार सेवा, र स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण एवं संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ जस्ता कानूनी व्यवस्थाहरू कार्यान्वयनमा ल्याइएका छन् । राष्ट्रिय जनगणना २०७८ (National Census 2021) को जनसांख्यिकीय आँकडा अनुसार कोशी प्रदेशमा कुल जनसङ्ख्याको २.४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्, जसमा महिलाको हिस्सा २.१ प्रतिशत र पुरुषको हिस्सा २.४ प्रतिशत रहेको छ । यो तथ्याङ्कले प्रदेशको नीति र बजेट तर्जुमा गर्दा झन्डै साढे दुई प्रतिशत जनसङ्ख्याको विशिष्ट आवश्यकतालाई उपेक्षा गर्न नमिल्ने तथ्यलाई उजागर गर्दछ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार कोशी प्रदेशमा अपाङ्गताका प्रकारका आधारमा वर्गीकरण गरेर हेर्दा ३४.५% शारीरिक अपाङ्गता, १६.४% कमजोर दृष्टिको अपाङ्गता, ५.४% दृष्टिविहिन, ७.८% श्रवण अशक्त, ४.७% मनोसामाजिक अपाङ्गता, ९.५% श्रवण कम्जोर, १.७% श्रवणदृष्टि दोहोरो अपाङ्गता, ७.३% बोल्न असमर्थ, १.९% बौद्धिक अपाङ्गता, ०.७% हीमोफिलिया, ०.८% अटिजम, ९.३% बहुअपाङ्गता रहेको पाइएको छ ।

मानव अधिकारको रक्षा र न्यायमा पहुँचको दृष्टिकोणबाट राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगरमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उल्लङ्घन र विभेदसँग सम्बन्धित ३ वटा उजूरीहरूमध्ये १ वटा उजूरीको अनुसन्धान सम्पन्न भएको छ । आयोगले आफ्ना हरेक गतिविधिहरूमा समावेशी सहभागिता सुनिश्चित गर्दै भौतिक संरचनाहरूलाई अपाङ्गतामैत्री बनाउन राज्यका निकायहरूलाई प्रोत्साहन गर्ने र नागरिक समाजका संवाहकहरू जस्तै राष्ट्रिय अपाङ्ग महासंघ (NFDN), दलित अपाङ्ग संघ तथा अन्य सरोकारवाला संस्थाहरूसँगको समन्वयमार्फत सम्बन्धित सरकारी संयन्त्रहरूलाई जवाफदेही बनाउन निरन्तर खबरदारी निरन्तर गर्दै आएको छ । यसै सम्बन्धमा हालै दुई चरणमा कोशी प्रदेशका ११ वटा

जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच र अपाङ्गतामैत्री संरचनाबारे अनुगमन सम्पन्न गरिएको छ।

तमाम कानूनी र संस्थागत संयन्त्रहरू क्रियाशील हुँदाहुँदै पनि व्यावहारिक धरातलमा रहेका संरचनागत र प्रणालीगत खाडलहरू अझै पुरिन सकेका छैनन्। विशेष गरी ग्रामीण क्षेत्रहरूमा पहुँचयोग्य पूर्वाधारको चरम अभाव हुनु, अपाङ्गताका विभिन्न प्रकृतिका आधारमा आवश्यक पर्ने विशिष्टीकृत शिक्षण सामग्री (जस्तैः ब्रेल लिपि, साङ्केतिक भाषा) र सीपमूलक तालिम केन्द्रहरूको न्यूनता हुनु, आधुनिक डिजिटल प्रविधि र सरकारी सूचनाहरूमा सहज पहुँच नहुनु, योजना तर्जुमा गर्दा समावेशी बजेट निर्माणको अभ्यास पूर्ण रूपमा लागू हुन नसक्नु र अपाङ्गता वर्गीकरणमा वैज्ञानिक एकरूपता तथा Real-time Data को अभाव हुनु आजका मुख्य चुनौतीहरू हुन्। अमेरिका वा युरोप जस्ता विकसित मुलुकहरूमा भौतिक संरचना बन्दा नै Universal Design को अवधारणा अनिवार्य गरिने तर नेपालमा भने अझै पनि संरचना बनाइसकेपछि मात्र अपाङ्गतामैत्री बनाउने सोच राखिँदा नीति र व्यवहारबीच ठूलो खाडल देखिएको छ।

यस परिस्थितिलाई चिर्न र अधिकारको वास्तविक सुनिश्चितताका लागि अब परम्परागत ढाँचाभन्दा बाहिर निस्केर Action-oriented र Data-driven दृष्टिकोण अपनाउनु अपरिहार्य भइसकेको छ। अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि र आत्मनिर्भरता वृद्धिका लागि स्वरोजगारका प्याकेजहरू सञ्चालन गर्ने, हरेक स्थानीय तहमा सूचना र सेवा सहज बनाउन सहजीकरण केन्द्रहरू स्थापना गर्ने, प्रदेशस्तरीय अपाङ्गता मैत्री नीतिहरूलाई स्थानीय कानूनसँग सामञ्जस्यता गराउने र बजेट विनियोजनमा उनीहरूको हिस्सा अनिवार्य रूपमा सुनिश्चित गरिनुपर्ने देखिन्छ। कोशी प्रदेश र समग्र देशमै व्यावहारिक रूपान्तरणका लागि तीनै तहका सरकारहरूबीच बलियो समन्वय, क्षमता अभिवृद्धि, पहुँचको न्यायोचित विस्तार र प्रभावकारी अनुगमन प्रणालीलाई संस्थागत गर्नु नै समावेशी लोकतन्त्रको सुन्दर मार्गचित्र हुन सक्छ।

| कार्यालयमा हाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित जम्मा २ वटा उजूरी रहेका छन्। |
|---|

## ३.२.९ आप्रवासी कामदारको अधिकार

हाल विश्वभर करिब २८ करोडभन्दा बढी आप्रवासी कामदारहरू श्रम बजारमा क्रियाशील छन्। नेपालको सन्दर्भमा वैदेशिक रोजगारी राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड नै बनेको छ जसले देशको कुल गार्हस्थ्य उत्पादन (GDP) मा झन्डै २५ प्रतिशतभन्दा बढी योगदान पुऱ्याउँदै आएको छ। आप्रवासी कामदारहरू केवल श्रमका साधन मात्र होइनन्, उनीहरू मानव अधिकार र श्रम अधिकारका पूर्ण हिस्सेदार हुन्। उनीहरूको सम्मान, न्यायोचित ज्याला र कार्यस्थलको सुरक्षा सुनिश्चित गर्नु सबै पक्षको साझा कानूनी दायित्व हो। अन्तर्राष्ट्रिय परिदृश्यलाई हेर्दा आप्रवासी कामदारहरूको अधिकार स्थापित गर्ने सवालमा संयुक्त राष्ट्रसङ्घको १५ डिसेम्बर १९९० को महासन्धि (ICRMW: International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families) एउटा ऐतिहासिक दस्तावेज हो। यसका साथै अन्तर्राष्ट्रिय श्रम सङ्गठन ILO Convention No. 97 (Migration for Employment) र ILO

Convention No. 143 तथा सन् २०१८ मा पारित भएको Global Compact for Migration (GCM) ले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनका लागि स्पष्ट मार्गचित्र तय गरेका छन्, जसले मानव अधिकारको विश्वव्यापी घोषणापत्रको मर्मलाई श्रम बजारमा संस्थागत गर्ने कुराको वकालत गर्दछन् ।

नेपालले यी अन्तर्राष्ट्रिय मूल्य मान्यताहरूलाई आत्मसात् गर्दै आफ्ना नागरिकहरूको सुरक्षित आप्रवासनका लागि बलियो संवैधानिक र कानूनी जग निर्माण गरेको छ । नेपालको संविधानको धारा ३३ (रोजगारीको हक) ले प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्ने हक दिएको छ भने धारा ३४ (श्रमको हक) ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यास, उचित पारिश्रमिक र सामाजिक सुरक्षाको संवैधानिक ग्यारेन्टी प्रदान गरेको छ । यही संवैधानिक भावना अनुरूप नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ कार्यान्वयनमा ल्याएको छ जसले कामदारहरूको ठगी नियन्त्रण, क्षतिपूर्ति, र कल्याणकारी कोषको व्यवस्थामार्फत आप्रवासी श्रमिकहरूको हकहित संरक्षण गर्ने लक्ष्य राखेको छ । यसका साथै वैदेशिक रोजगारी सम्बन्धी नीति, २०६८ र सरकारले विभिन्न प्रमुख गन्तव्य मुलुकहरू (जस्तै: मलेसिया, कतार, UAE, र साउदी अरेबिया) सँग गरेका द्विपक्षीय श्रम सम्झौताहरूले Free Ticket, Free Visa (शून्य लागत) को अवधारणा र न्यूनतम ज्याला सुनिश्चित गर्ने प्रयास गरेका छन् । यद्यपि, कानूनी रूपमा यी व्यवस्थाहरू सुन्दर देखिए पनि मध्यपूर्वमा कफाला प्रणाली (Kafala System) को विद्यमानता, घरेलु महिला कामदारहरूको सुरक्षाका लागि स्पष्ट कानूनी संयन्त्रको अभाव र अवैध मार्गबाट देशभित्र तथा बाहिर हुने आप्रवासनलाई रोक्न नसक्नु हाम्रा कानूनी र नीतिगत प्रणालीका मुख्य चुनौतीहरू हुन् ।

प्रादेशिक र स्थानीय स्तरमा आप्रवासनको व्यवस्थापन र कामदारहरूको सुरक्षाका लागि कोशी प्रदेश सरकारले पनि पछिल्लो समय केही रचनात्मक कदमहरू चालेको देखिन्छ । प्रदेश सरकारले वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप परीक्षण र उद्यमशीलता विकासका लागि कोशी प्रदेश श्रम तथा रोजगार नीति को मर्म अनुरूप विभिन्न कार्यक्रमहरू अघि सारेको छ । यस अन्तर्गत स्थानीय तहहरूसँगको समन्वयमा संचालित सामी परियोजना मार्फत सम्भावित आप्रवासी कामदारहरूलाई प्रस्थानपूर्वको अभिमुखीकरण, सीपमूलक तालिम, वित्तीय साक्षरता र कानूनी परामर्श उपलब्ध गराइँदै आएको छ । राष्ट्रिय जनगणना २०७८ को जनसांख्यिकीय तथ्याङ्क अनुसार कोशी प्रदेशबाट मात्रै लाखौंको संख्यामा युवाहरू देश बाहिर (विशेष गरी खाडी मुलुक र मलेसिया) श्रम बजारमा रहेका छन् जसले पठाउने विप्रेषणले यस प्रदेशको ग्रामीण अर्थतन्त्र, शिक्षा र स्वास्थ्यको स्तर सुधारमा प्रत्यक्ष योगदान पुऱ्याएको छ । यद्यपि तथ्याङ्कले वैदेशिक रोजगारीमा जाने युवाहरूको सुरक्षा र फर्केकाहरूले देशमै केही गर्नका लागि प्रादेशिक तहमा छुट्टै र बलियो बजेटरी व्यवस्थाको आवश्यकतालाई समेत इंगित गर्दछ ।

आप्रवासी कामदारहरूको मानव अधिकार अनुगमन र न्यायमा पहुँचको दृष्टिकोणबाट राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगरको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका, अलपत्र परेका, जेल परेका वा कार्यस्थलमा दुर्घटनामा परी अङ्गभङ्ग भएका कामदार तथा तिनका परिवारका तर्फबाट आयोगमा नियमित रूपमा उजूरी र उजूरीमाथिको अनुसन्धान हुने गरेको छ । आयोगले यस आर्थिक वर्षमा यस सम्बन्धमा ७ वटा निवेदनहरू प्राप्त गरी आवश्यक समन्वय तथा आवश्यक

परामर्श प्रदान गरेको छ। साथै, आयोगले आप्रवासी श्रमिकहरूको अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरू र नागरिक समाजको सञ्जालसँग मिलेर सुरक्षित आप्रवासनका लागि नीतिगत पैरवी गरी यस विषयमा हुने क्रियाकलापहरू अझ प्रभावकारी बनाउन निरन्तर खबरदारी गर्दै आएको छ।

यस क्षेत्रमा भएका सकारात्मक कानूनी प्रयासहरूका बाबजुद व्यावहारिक धरातलमा भने आप्रवासी कामदारहरूले अझै पनि गम्भीर संरचनागत र प्रणालीगत अवरोधहरूको सामना गरिरहेका छन्। वैदेशिक रोजगारीको भर्ना प्रक्रियामा हुने चरम ठगी, नक्कली कागजातको प्रयोग, स्वास्थ्य परीक्षणमा हुने लापरवाही, र गन्तव्य मुलुकमा पुगेपछि हुने श्रम शोषण, मानव बेचबिखन र मानव तस्करीको जोखिम आजको कटु यथार्थ हो। विशेष गरी महिला आप्रवासी कामदारहरू कार्यस्थलमा हुने मानसिक र शारीरिक हिंसाको उच्च जोखिममा छन्, जसका कारण कतिपय अवस्थामा उनीहरू गन्तव्य मुलुकमै अलपत्र पर्ने वा कानूनी संरक्षण विहीन हुन पुग्छन्। विकसित देशहरूले आप्रवासी कामदारहरूको अधिकारलाई पूर्ण श्रम कानून अन्तर्गत राखेर सामाजिक सुरक्षा कोषमा आबद्ध गर्छन्, तर खाडी मुलुकहरूमा अझै पनि श्रमिकहरूले न्यूनतम मानव अधिकार र व्यावसायिक स्वास्थ्य र सुरक्षाको उचित प्रत्याभूति पाउन सकेका छैनन्।

अत: आप्रवासी कामदारहरूको अधिकारको वास्तविक सुनिश्चितताका लागि अब परम्परागत र प्रक्रियामुखी ढाँचाभन्दा बाहिर निस्केर Action-oriented र Active Diplomacy अपनाउनु अपरिहार्य भइसकेको छ। नेपाल सरकारले गन्तव्य मुलुकहरूसँग श्रम कूटनीतिलाई सुदृढ बनाउँदै द्विपक्षीय सम्झौताहरूको कडा कार्यान्वयन गराउनुपर्ने तथा दूतावासहरूको क्षमता अभिवृद्धि गरी २४ घण्टे हेल्पलाइन र कानूनी सहायता केन्द्रहरू सञ्चालन गर्नुपर्ने देखिएको छ। स्थानीय तहहरूमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको वास्तविक तथ्याङ्क सङ्कलन गरी उनीहरूको सीप र पुँजीलाई स्वदेशमै उपयोग गर्ने गरी सम्मानजनक प्याकेजहरू ल्याउनुपर्ने देखिन्छ। नेपालले अन्तर्राष्ट्रिय श्रम मापदण्डका प्रतिबद्धतादेखि आन्तरिक ऐन निर्माणसम्म उल्लेखनीय कोशेढुङ्गा तय गरेको भए तापनि यसको व्यावहारिक रूपान्तरणका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच बलियो समन्वय, सुरक्षित आप्रवासनको ग्यारेन्टी र प्रभावकारी अनुगमन प्रणालीलाई संस्थागत गर्नु नै हाम्रा श्रमशक्तिको पसिनाको वास्तविक कदर र मानव अधिकारको पूर्ण सम्मान हुनेछ।

## ३.२.१० सामूहिक अधिकार

### ३.२.१०.१ ज्येष्ठ नागरिकको अधिकार

जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ अनुसार नेपालमा ६० बर्ष पूरा गरेका नागरिकहरूलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरिएको छ।[82] नेपालमा ज्येष्ठ नागरिकलाई विभिन्न समूहमा वर्गीकरण गरिएको छ, जुन सामाजिक सुरक्षा वा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि वर्गीकरण गरिएको हो। मानव अधिकारको

[82] जेष्ठ नागरिकसम्बन्धी ऐन २०६३ अनुसार ज्येष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ (दफा २(क))।

विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २२[83] र २५[84]; संयुक्त राष्ट्र संघको महासभाद्धारा पारित संकल्प प्रस्ताव ४७/५, १९९२; ज्येष्ठ नागरिकका लागि भियना अन्तर्राष्ट्रिय कार्ययोजना, १९८२; ज्येष्ठ नागरिकहरूको लागि संयुक्त राष्ट्रसंघीय सिद्धान्त, १९९१; ज्येष्ठ नागरिकका सम्बन्धमा एसिया प्यासिफिकका लागि मकाओ घोषणा पत्र, १९९८; ज्येष्ठ नागरिकका लागि अन्तर्राष्ट्रिय कार्ययोजना म्याड्रिड घोषणापत्र, २००२ तथा दिगो विकासका लक्ष्य, २०१६-२०३० ले अन्तर्राष्ट्रिय स्तरमा ज्येष्ठ नागरिकको अधिकारहरूको सुनिश्चित गरेको देखिन्छ। नेपालको संविधानको धारा ४१[85] ले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ज्येष्ठ नागरिकको हकलाई सुनिश्चित गर्नुको साथै निजहरूको सम्मान र संरक्षणको सम्बन्धमा परिवार तथा अन्य सबैको कर्तव्य हुने उल्लेख गरेको छ।

जनसङ्ख्याको हिसाबले कोशी प्रदेशको कुल जनसङ्ख्या ४९,६२,४१२ रहेको छ भने ज्येष्ठ नागरिकको सङ्ख्या ५,५६,४६४ अर्थात् कुल जनसङ्ख्याको ११.२२ प्रतिशत रहेको छ[86] र प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम र बजेटमा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिँदै आएको छ। त्यस्तै, प्रदेशका विभिन्न स्थानमा रहेका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, मिलन केन्द्रहरू, भेटघाट चौतारीहरू जस्ता संस्थाहरूको विवरण अद्यावधिकका लागि स्थानीय तहमार्फत प्राप्त विवरणबमोजिम स्थानीय तहमा वित्तीय हस्तान्तरण हुँदै आएको देखिन्छ। साथै, स्थानीय तहहरूको साझेदारीमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, मिलन केन्द्रहरू, भेटघाट चौतारीहरू जस्ता संस्थाहरू सक्रिय रहेको देखिन्छ।

राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिक ऐन, २०६३ को कार्यान्वयन अवस्था सम्बन्धी कोशी प्रदेश लगायतका ३ प्रदेशका ६ जिल्ला र १४ स्थानीय तहहरूलाई नमुना छनोट गरी अध्ययन गरेको छ र प्रतिवेदन प्रकाशन गरेको छ। उक्त प्रतिवेदनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई विभिन्न विषयमा ज्येष्ठ नागरिकको उचित संरक्षण, सम्मान र सहभागिताको लागि सिफारिस गरेको छ।

### ३.२.१०.२ उपभोक्ताको अधिकार

नेपालको संविधानको धारा ४४[87]ले उपभोक्ताको हितको संरक्षण पाउने अधिकारको व्यवस्था गरेको छ। त्यस्तै उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ताको स्वास्थ्य, जानकारी, सेवा गुणस्तर, मूल्य पारदर्शिता, र क्षतिपूर्तिको सुनिश्चितता प्रदान गरेको छ।[88] उपभोक्ताले अनुचित व्यापार अभ्यास, भ्रामक विज्ञापन र अस्वस्थ

[83] मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ अनुसार प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने र राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोग मार्फत र प्रत्येक राष्ट्रको संगठन र स्रोतहरू अनुरुप निजको प्रतिष्ठाकोलागि र निजको व्यक्तित्वको स्वतन्त्र विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्रप्तिको अधिकार हुनेछ (धारा २२)।

[84] ऐ. अनुसार प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत पर्याप्त जीवनस्तरको अधिकार तथा वेरोजगारी, विरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबू बाहिरका परिस्थितिहरूमा जीविकोपार्जनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ (धारा २५(१)।

[85] नेपालको संविधान (२०७२) अनुसार ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ (धारा ४१)।

[86] राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८: प्रारम्भिक नतिजा, काठमाडौं: नेपाल सरकार, २०७८।

[87] नेपालको संविधान (२०७२) अनुसार प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवाप्राप्त गर्ने हक हुनेछ र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ (धारा ४४)।

[88] उपभोक्ता संरक्षण ऐन, २०७५, दफा ३।

वस्तुबाट बाँच्न पाउने कानूनी अधिकार पाएका छन् । संयुक्त राष्ट्रसंघको उपभोक्ता संरक्षण सम्बन्धी मार्गदर्शन (UN Guidelines for Consumer Protection, 1985/2015) ले उपभोक्तालाई आठ मुख्य अधिकारहरू सुनिश्चित गरेको छ जसमा सुरक्षा पाउने अधिकार, जानकारी पाउने अधिकार, रोज्ने अधिकार, सुनुवाई हुने अधिकार, क्षतिपूर्ति पाउने अधिकार, उपभोक्ता शिक्षा पाउने अधिकार, आधारभूत आवश्यकताहरू पाउने अधिकार र स्वस्थ वातावरणमा बाँच्ने अधिकार रहेका छन् ।[89]

कोशी प्रदेशमा खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, म्याद नाघेका खाद्य वस्तुको बिक्री, कृत्रिम मुल्यवृद्धि जस्ता समस्याहरू बेलाबखतमा समाचारमा आउने गरेको छ । गुणस्तरीय वस्तु, उत्पादन सञ्चय वा भण्डारण, ढुवानीमा समस्याको अवस्था विद्यमान छ । ग्राहकलाई गलत सूचना र प्रलोभनमा पार्ने विज्ञापनको प्रचारप्रसार चुनौतीको रूपमा देखिएका छन् । विभिन्न समयमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालबाट नियमित अनुगमन भइरहेको देखिए पनि दैनिक उपभोग्य वस्तुहरू चामल, दाल, चिनी, तेल, दुध, मिठाई, माछामासु, ग्याँस, औषधी, फलफुल, तरकारी लगायतका वस्तुहरूको गुणस्तरमा उठ्ने प्रश्न र त्यस्ता अखाद्य र मिसावटयुक्त वस्तुको उपभोगले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हितमा पार्ने प्रभाव तथा नापतौलमा कमी, उपभोग्य वस्तु तथा सेवाको खरीद तथा बिक्री मूल्य पारदर्शी नहुने जस्ता समस्याहरू कायम नै रहेको देखिन्छ ।

आ.व. २०८२/८३ मा यस कार्यालयले मोरङ, झापा, इलाम, सुनसरी, उदयपुर र धनकुटा स्थित ३३ वटा खाद्य प्रशोधन तथा उत्पादन गर्ने उद्योगहरूमा अनुगमन गरेको थियो । उक्त अनुगमन खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको खाद्य निरीक्षकको सहयोगमा गरिएको थियो भने अनुगमनमा खाद्यान्नको गुणस्तरलाई विशेष ध्यान दिइएको थियो ।

ग्रामीण क्षेत्रका उपभोक्ताहरूको न्यायमा पहुँच अत्यन्त न्यून छ । क्षतिपूर्ति प्रक्रिया ढिलो, जटिल र खर्चिलो छ जसले गर्दा उपभोक्ताको अधिकारको उचित कार्यान्वयनका लागि उपभोक्ता अधिकारका विषयमा व्यापक सचेतना अभियान सञ्चालन गर्नुपर्ने तथा कानूनको कार्यान्वयन पक्षलाई थप सुधार गर्न जरूरी रहेको देखिएको छ । उपभोक्ता अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी संरचना भए तापनि प्रभावकारी कार्यान्वयन, सूचना प्रवाह, र जनसहभागिताका माध्यमबाट मात्र उपभोक्ताहरूलाई सुरक्षित, समान, र सम्मानजनक सेवा उपभोग गर्ने वातावरण सुनिश्चित गर्न सकिन्छ । उपभोक्ताको अधिकार सुनिश्चित गर्न बनेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न तीनै तहका सरकारहरूको अनिवार्य दायित्व रहन्छ । उपभोक्ता हित संरक्षणका लागि सरोकारवालाहरू र स्थानीय सरकार बढी जिम्मेवार बन्न आवश्यक देखिन्छ ।

### ३.२.१०.३ आदिवासी जनजातिको अधिकार

[89] संयुक्त राष्ट्रसंघ, संयुक्त राष्ट्रसंघको उपभोक्ता संरक्षण सम्बन्धी मार्गदर्शन (UN Guidelines for Consumer Protection, 1985/2015) ।

नेपालको संघीय संरचना अनुसार पूर्वी भूगोललाई समेटेर बनेको कोशी प्रदेश जातीय, भाषिक र सांस्कृतिक रूपमा विविधतायुक्त प्रदेश हो। यस क्षेत्रमा राई, लिम्बु, याख्खा, सुनुवार, धिमाल, सन्थाल, मेचे, राजवंशी, ताजपुरिया, लेप्चा, किसान र शेर्पालगायतका आदिवासी जनजातिहरूको ऐतिहासिक थातथलो र बाहुल्यता रहँदै आएको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को परिभाषा[90] र उक्त ऐनको अनुसूचीमा समावेश गरिएका आदिवासी जनजातिमध्ये कुल कोशी प्रदेशको जनसङ्ख्याको **४८.३१** प्रतिशत आदिवासी/जनजाति समुदायको बसोबास रहेको[91] छ । नेपालको संविधानले पहिचान, समावेशिता र बहुसांस्कृतिक समाजको मर्मलाई आत्मसात् गर्दै प्रादेशिक संरचना निर्माण र स्रोत साधनको बाँडफाँडको वर्तमान चरणमा आदिवासी जनजातिको मानव अधिकारको सुदृढीकरणका लागि थप कार्य गर्न प्रयासरत रहेको छ। तर राज्यको नीति र आदिवासी समुदायको आकांक्षाबीचको सन्तुलन नमिल्दा यस प्रदेशमा पहिचान र मानव अधिकारका विविध आयामहरूमाथि बेलाबेला बहस हुने गरेको देखिन्छ।

आदिवासी जनजातिको मानव अधिकारको संरक्षण र संवर्धनका लागि नेपाल पक्ष राष्ट्र भएका र नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम देशभित्र स्वतः कानून सरह लागू हुने अन्तर्राष्ट्रिय दस्तावेजहरूमा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP, २००७) को पक्ष राष्ट्र बनी आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं. १६९ लाई २२ अगस्ट २००७ मा अनुमोदन गरेको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, १९६६) को धारा २७ ले भाषिक र सांस्कृतिक अल्पसङ्ख्यकलाई आफ्नो संस्कृति र भाषा प्रयोगको अधिकार सुनिश्चत गरेको छ । यी अन्तर्राष्ट्रिय कानूनहरूले आदिवासी स्व-पहिचानको अधिकार, भूमि, जल, वन लगायतका परम्परागत स्रोतमाथिको अधिकार, विभिन्न परियोजनाहरूमा भाग लिदा स्वतन्त्र, पूर्व र सुसुचित सहमति (Free, Prior and Informed Consent - FPIC) गरिनुपर्ने र मातृभाषामा शिक्षामा आदिवासीको अधिकारलाई सुनिश्चित गरेको छ। नेपालको संविधानको धारा ३२[92] र ४२[93] ले मौलिक हक र धारा ५१ (ञ)[94] मा आदिवासी जनजातिको आत्मसम्मान र स्वशासनको अधिकार सुनिश्चित गर्दै उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पहिचान संवर्धन गर्ने राज्यको नीति अपनाएको छ। त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४

[90] आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार 'आदिवासी जनजाति' भन्नाले आफ्नो मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनुपर्छ (दफा २(क))।

[91] राष्ट्रिय तथ्याङ्क कार्यालय, National Population and Housing Census 2021: Provincial Report, Koshi Province, काठमाडौं: नेपाल सरकार, २०२३

[92] नेपालको संविधान (२०७२) अनुसार प्रत्येक व्यक्ति र समुदायलाई आफ्नोभाषा प्रयोग गर्ने हक हुनेछ (धारा ३२ (१))।

[93] ऐ. अनुसार सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ (धारा ४२ (१))।

[94] ऐ. अनुसार आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति (धारा ५१(ञ))।

ले स्थानीय तहलाई स्थानीय (रैथाने) ज्ञान र मातृभाषाको संरक्षण गर्दै त्यसको प्रवर्धन अधिकार दिएको छ भने जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ ले जातीय आधारमा हुने विभेदलाई फौजदारी कसूर मानी दण्डनीय बनाएको छ ।
कोशी प्रदेशको सरकारी कामकाजको भाषामा  सरकारी सेवामा प्रवेश गर्नका लागि आरक्षणको व्यवस्था, सीपमूलक तालिम, मातृभाषा शिक्षाको संवर्धन र सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरूले आदिवासी जनजातिको सशक्तीकरणका लागि राज्यको प्रयासले सकारात्मक प्रभावहरू देखिएका छन् । लोपोन्मुख समुदायलाई सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको ठूलो हिस्सा बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा खर्च हुने गरेको सकारात्मक पक्ष रहेको देखिन्छ ।

कोशी प्रदेशमा आदिवासी जनजातिहरूले ऐतिहासिक रूपमा प्रयोग गर्दै आएको भूमि, क्षेत्र र प्राकृतिक स्रोतहरूमा पहुँच तथा प्रयोगको अधिकार विभिन्न कानूनी र प्रशासनिक सीमाहरूबाट खुम्च्याइएको देखिन्छ । विकास निर्माण, आयोजना तथा परियोजना निर्माणका क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून अनुसार गरिनुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), प्रारम्भिक अध्ययन प्रतिवेदन (IEE) तथा स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (FPIC) को कार्यान्वयन अत्यन्त कमजोर रहेको पाइएको छ । परापूर्वकालदेखि प्रयोगमा रहेका वन, जल, जमिन जस्ता स्रोतहरूमा राज्यले निकुञ्ज, संरक्षण क्षेत्र, आरक्षण क्षेत्र तथा सामुदायिक वनका नाममा कानूनी प्रतिबन्ध लगाएर आदिवासी जनजातिहरूलाई परम्परागत रूपमा प्रयोग हुँदै आएको जडिबुटी, संस्कार-संस्कृतिसँग जोडिएका काठ तथा वस्तुहरूको प्रयोगबाट वञ्चित गराउन खोजिएको भन्ने गुनासोहरू रहेका छन् । नीति निर्माणका क्रममा समुदायका प्रतिनिधिको औपचारिक परामर्श सुनिश्चित नगरी पहुँचवाला व्यक्तिसँग मात्रै छलफल गर्ने प्रचलन रहेको गुनासो पनि व्यापक छ । पेशा र रोजगारको सन्दर्भमा, आदिवासीहरूको परम्परागत ज्ञान अनुसार वैद्य, देवारी र पुजारीहरूले जंगलबाट जडिबुटी ल्याउँदा चोरी वा तस्करीको आरोप लाग्ने गरेको र आदिवासी महिलाहरूले बनाउने घरेलु मदिराको बेचबिखनमा कानूनी प्रतिबन्ध हुनुले आदिवासीको परम्परागत ज्ञानमा आधारित पेशा तथा रोजगारमा राज्यले अप्रत्यक्ष रूपमा हस्तक्षेप गरेको देखिन्छ भने उर्जाशील अधिकांश युवाहरू वैदेशिक रोजगारमा रहेकाले आदिवासी जनजातिको ठूलो हिस्सा विप्रेषणमा निर्भर रहेको छ ।

परम्परागत रूपमा आफुले वन फडानी गरी प्रयोग गर्दै आइरहेको भूमिमा औपचारिक स्वामित्व नहुनु,  भाषा र संस्कृति संरक्षणका लागि मातृभाषाको शिक्षा कार्यान्वयनमा ढिलाइ हुनु, राजनीतिक प्रतिनिधित्व सीमित हुनु, अधिकार पाउन आन्दोलन नै गर्नुपर्ने बाध्यता हुनु र विकास परियोजनाहरूमा अन्तर्राष्ट्रिय कानून बमोजिमका राष्ट्रिय कानूनको निर्माण नभैसकेकाले FPIC सम्बन्धी नीति लागु गर्न नसक्नु कोशी प्रदेशमा आदिवासी जनजातिको अधिकारको सन्दर्भमा सबैभन्दा ठूलो चुनौती हो । आदिवासी/जनजाति समुदायको अधिकार, पहिचान र सहभागिता सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ । नीति निर्माणदेखि कार्यान्वयनसम्म आदिवासी समुदायको आवाज प्रतिनिधित्व गरिने प्रणाली निर्माण गरेर मात्र समावेशी लोकतन्त्र र दिगो शान्तिको आधार तयार गर्न सकिन्छ । यदि राज्यले समयमै

आदिवासी जनजातिका अधिकारलाई सुनिश्चित गर्न सकेन भने असन्तोष र द्वन्द्वको स्थिति उत्पन्न हुने खतरा देखिन्छ ।

यस आर्थिक वर्षमा राष्ट्रिय मानव अधिकार आयोगको कोशी प्रदेश कार्यालयबाट झापा र इलाम जिल्लामा बसोबास गर्ने मेचे, किसान र लेप्चा जातिका लोपोन्मुख आदिवासी जनजातिको मानव अधिकार अवस्थाबारे अनुगमन गरिएको छ । यसका साथै यस आर्थिक वर्षमा आदिवासी जनजातिसँग सम्बन्धित १ वटा उजुरी ग्रहण गरी हाल ३ वटा उजुरी फाइल यस कार्यालयमा अनुसन्धानरत रहेको छ ।

### ३.२.१०.४ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक(LGBTQ++)को मानव अधिकार

संयुक्त राष्ट्र संघको मानव अधिकारको घोषणापत्र, १९४८ को धारा १[95] ले सबै व्यक्ति जन्मजात स्वतन्त्र र समान रहने भनी उल्लेख गरेको छ । सोही सिद्धान्तलाई धारा २[96] ले समेत कुनै व्यक्तिलाई कुनै पनि आधारमा विभेद गर्न नहुने कुरा उल्लेख गरेको छ । यसैलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २[97] मा भेदभावपूर्ण कार्यहरू मानव अधिकार विरोधी भएकाले कुनै पनि आधारमा विभेद नगर्ने पक्ष राष्ट्रहरूको प्रतिज्ञा रहेको प्रष्ट देखाउँछ । यसर्थ लिङ्गका आधारमा हुने जुनसुकै भेदभाव मानव अधिकारको सिद्धान्तअनुसार अस्वीकार्य र विभेदपूर्ण हुन्छ । मुख्यत: लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका मानव अधिकारको विश्वव्यापी कानूनलाई यौनिकता र लिङ्ग पहिचानसँग सम्बद्ध विषयमा कसरी लागू गर्ने भन्ने स्पष्ट मार्गदर्शन योग्याकार्टा सिद्धान्तले तयार गरेको छ । नेपालले प्रत्यक्ष रूपमा यो दस्तावेजमा हस्ताक्षर नगरे पनि यसको सिद्धान्तहरूले संवैधानिक व्यवस्था[98], न्यायिक फैसलाहरू[99] र सरकारी नीतिहरूमा महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

कोशी प्रदेशको सन्दर्भमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको जनसङ्ख्या ३०४ जना रहेको[100] देखिए पनि यस समुदायले आफ्नो संख्या बढी रहेको दाबी गर्छन् । कोशी प्रदेश सरकार लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सुदृढीकरणका पक्षमा केही हदसम्म सकारात्मक रहेको पाइएको छ । सामाजिक विकास मन्त्रालयमार्फत क्षमता विकास तालिम अन्तर्गत प्रदान गरिएको कुक/वारिष्टा तालिममार्फत अधिकार

[95] मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ अनुसार सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन् ती सबैको समान अधिकार र महत्व छ । निजहरूमा विचार शक्ति र सद्विचार भएकोले निजहरूले आपस्तमा भ्रातृत्वको भावनाबाट व्यवहार गर्नु पर्छ (धारा १) ।

[96] ऐ. अनुसार जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ ।यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनैतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन (धारा २) ।

[97] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अनुसार पक्ष राष्ट्रहरूले आफ्ना ईलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन् (धारा २) ।

[98] नेपालको संविधान (२०७२) अनुसार सबै व्यक्तिलाई कानूनको दृष्टिमा समानता हुनेछ (धारा १८(१)) ।

[99] सर्वोच्च अदालत, *सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार* [समलिंगी अधिकारको मुद्दा], ने.का.प. २०६४, निर्णय नं. ८९०५ ।

[100] राष्ट्रिय तथ्याङ्क कार्यालय. National population and housing census 2021: Provincial report (Koshi Province), 2023 ।

सुनिश्चितताका लागि केही हदसम्म पहल गरेको देखिन्छ। अल्पसङ्ख्यक र फरक पहिचान भएकै आधारमा यो समुदायले विभेदमा पर्नु परेको छ। यस्तो विभेदलाई कार्यक्रमिक, सहभागितामूलक, कानूनी र न्यायिक पहलकदमीबाट न्यूनीकरण गर्नुपर्ने देखिन्छ।

### ३.२.१०.५ विकास र वातावरणको अधिकार

मानव सभ्यताको निरन्तरता, आर्थिक प्रगति र भौतिक पूर्वाधार निर्माणका लागि विकास अपरिहार्य छ भने मानवको समग्र जीवनचक्रको अस्तित्व रक्षाका लागि स्वच्छ वातावरण अनिवार्य सर्त हो। परम्परागत रूपमा विकासलाई केवल प्राकृतिक स्रोतहरूको दोहन र भौतिक संरचनाको विस्तारका रूपमा हेरिँदा आज विश्वले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र वातावरणीय प्रदूषण जस्ता गम्भीर संकट भोगिरहेको छ। नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा वातावरण संरक्षण र जलवायु न्यायका पक्षमा दृढ प्रतिबद्धता जनाउँदै आएको छ। नेपाल पक्ष राष्ट्र बनेका पेरिस सम्झौतामा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न र विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने प्रयासमा नेपालले प्रतिबद्धता जनाएको छ। यसै अन्तर्गत नेपालले सन् २०२६ सम्ममा आफ्नो कार्बन उत्सर्जन शून्यमा पुर्‍याउने लक्ष्य लिएको छ। सिमसार क्षेत्रहरूको संरक्षण र दिगो उपयोगका लागि नेपालले आफ्ना प्रमुख सिमसारहरूलाई रामसार सूचीमा सूचीकृत गरेको छ।

नेपालले आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न र आन्तरिक रूपमा विकास र वातावरणबीच सन्तुलन कायम गर्न बलियो कानूनी संरचना तयार पारेको छ। नेपालको संविधानको धारा ३०[101] मा स्वच्छ वातवारणको हक र धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति[102] र विकास प्रक्रियामा दलित, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायहरूलाई समावेश गर्ने नीति अनिवार्य गरिएको छ। साथै, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत प्रदान गरिएको छ। वातावरण संरक्षण ऐन, २०७६ मा विकास आयोजनाहरू निर्माण गर्नुअघि तिनले वातावरणमा पार्ने प्रभावको मूल्याङ्कन गर्न संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ।

कोशी प्रदेश नेपालको आर्थिक र भौगोलिक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण प्रदेश हो। यो प्रदेश प्राकृतिक सौन्दर्य, जैविक विविधता र जलस्रोतमा धनी छ। यस प्रदेशमा जलविद्युत उत्पादनका लागि संखुवासभा, ताप्लेजुङ र सोलुखुम्बु जस्ता पहाडी तथा हिमाली जिल्लाहरूमा अरुण र तमोर नदी बेसिनमा ठूला जलविद्युत आयोजनाहरू बनिरहेका छन्। विकासका लागि यो सकारात्मक भए तापनि यी आयोजनाहरूले स्थानीय

---

[101] नेपालको संविधान (२०७२) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ (धारा ३०)।

[102] ऐ. अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने राज्यका प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति रहेको छ (धारा ५१)।

नदीजन्य पारिस्थितिक प्रणालीलाई खलबल्याएका छन् । पहाडी क्षेत्रमा वातावरणीय अध्ययन र इन्जिनियरिङ डिजाइन बिना सञ्चालन गरिने आयोजनाहरूले वर्षेनी बाढी पहिरोको जोखिम बढाएको छ, तल्लो तटीय क्षेत्र (तराई) मा बाढी, डुवान र गेग्रानले समस्या पार्ने गरेको छ । कोशी नदीमा आउने बाढी, मानव-वन्यजन्तु द्वन्द्व, र नदीको प्रदूषणका कारण यसको जैविक विविधता सङ्कटमा परेको छ ।

अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय कानूनको जगमा उभिएर कोशी प्रदेशले आफ्नो विकासको प्रक्रियालाई रूपान्तरण गर्नु आवश्यक छ । सडक वा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री प्रविधिको प्रयोग गर्ने, इन्जिनियरिङ र वातावरणीय मूल्याङ्कनलाई अनिवार्य बनाउने, IEE र EIA लाई केवल आयोजना स्वीकृत गराउने कागजी प्रक्रिया मात्र सीमित नबनाएर यसको कार्यान्वयन पक्षलाई बलियो बनाउन आवश्यक रहेको छ । कोशी प्रदेश सरकारले स्थानीय तहहरूसँग समन्वय गरी आयोजनाहरूले वातावरणीय मापदण्ड पालना गरे नगरेको कडा अनुगमन गर्नुपर्छ । जलवायु परिवर्तनको मारमा परेका गरिब, भूमिहीन र सीमान्तकृत समुदायका लागि स्थानीय अनुकूलन कार्ययोजना (LAPA)[103] लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउने र नेपाल जस्तो भौगोलिक रूपमा संवेदनशील र आर्थिक रूपमा विकासोन्मुख मुलुकका लागि वातावरणलाई जोगाउँदै दिगो विकासको लक्ष्य पूरा गर्नु आजको मुख्य चुनौती रहेको छ ।

आयोगको यस कार्यालयमा स्वच्छ वातावरणसँग सम्बन्धित ७ वटा उजूरी अनुसन्धानका क्रममा रहेका छन् । यस आर्थिक वर्षमा कोशी प्रदेशमा व्यवसाय र मानव अधिकार अवस्थाको अनुगमनका क्रममा यस प्रदेशका विभिन्न ७ जिल्लाका ३३ वटा उद्योगहरूले स्थानीय समुदायमा पारेको वातावरणीय असरको समेत अनुगमन गरिएको छ ।

### ३.२.१०.६ जलवायु परिवर्तन र मानव अधिकार

कोशी प्रदेश हिमाल, पहाड र तराईसम्म फैलिएको छ र यहाँ नेपालको होचो भू-भाग मध्येमा पर्ने केचनाकवल देखि विश्वकै सबैभन्दा अग्लो शिखर सगरमाथा रहेको छ । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि. अर्थात नेपालको कुल भूभागको १७.६०% रहेको छ ।[104] यस प्रदेशमा वन क्षेत्रले ओगटेको क्षेत्रफल ४४.४४% र ४.५२% बुट्यान गरी जम्मा क्षेत्र ४८.९६% रहेको छ । यस प्रदेशमा जलवायुको विविधताका कारण वनजंगल र वनस्पतिको प्रकार (Forest and vegetation types) मा समेत धेरै विविधताहरू रहेको छ ।[105] कोशी प्रदेशमा उष्ण प्रदेशीय वन (Tropical forest),उपोष्ण प्रदेशीय वन (Sub-tropical forest), समशितोष्ण वन (Temperate forest) र शितोष्ण वन (Sub-alpine forest) पाइन्छ । यस प्रदेशमा ३७११ वटा सामुदायिक

[103] नेपाल सरकार, National Framework on Local Adaptation Plans for Action, २०११, http://climate.mohp.gov.np/downloads/National_Framework_Local_Adaptation_Plan.pdf ।

[104] राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय, मोरङ, कोशी प्रदेशको तथ्याङ्कीय रूपरेखा-२०८२ ।

[105] पृष्ठभूमी, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, https://motfe.koshi.gov.np/pages/background100-42/ ।

वन, ५ वटा साझेदारी र चक्ला वन, ९८५ वटा कबुलियती वन, ४४ वटा धार्मिक वन र २०८२ वटा निजी वन रहेका छन् भने ५९८४७.२४ हेक्टर वन सरकारद्वारा व्यवस्थित वनको रूपमा व्यवस्थापन भएको छ ।[106]

कोशी प्रदेशमा २ वटा राष्ट्रिय निकुञ्ज, १ वटा आरक्ष, १ वटा संरक्षण क्षेत्र र ३ वटा रामसार क्षेत्र रहेका छन् । कोशी प्रदेशमा लोपोन्मुख, संकटापन्नदेखि सामान्य खालका वन्यजन्तुहरू पाइन्छन् । यस क्षेत्रमा पाइने संरक्षित वन्यजन्तुहरू जंगली हात्ती, अर्ना, कस्तुरी मृग, हाब्रे (Red Panda), डल्फिन, सालक, ध्वाँसे चितुवा, हिउँ चितुवा, गौरीगाई, सुनगोहोरो, अजिङ्गर, डाँफे र मुनाल रहेका छन् । कोशी प्रदेशमा कृषि, जलस्रोत, ऊर्जा र वन क्षेत्रमा जलवायु परिवर्तनको उच्च जोखिम छ । यसको सामना गर्न प्रदेशले अनुकूलन तथा उत्थानशीलता अभिवृद्धि गर्ने रणनीतिहरू अपनाएको भए तापनि जलवायु परिवर्तनको जोखिम न्यूनीकरण भने हुन सकेको देखिदैन ।

प्रदेश वातावरण संरक्षण ऐन, २०७६[107]ले वातावरण संरक्षण र नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्ने उद्देश्य राखेको छ । यस प्रदेशमा कानूनत: विकासका गतिविधिहरू गर्दा वातावरणीय जोखिम न्यूनीकरण गर्नुपर्ने र प्राकृतिक स्रोतको दिगो प्रयोग हुनुपर्नेमा जोड दिइएको भए तापनि कार्यान्वयनको पक्ष फितलो रहेको पाइएको छ । प्रदेशले जलवायु परिवर्तन अनुकूलनका माध्यमबाट विपद् जोखिम न्यूनीकरण र उत्थानशील समाजको निर्माण गर्ने लक्ष्य राखेको पाइएतापनि हरेक वर्ष बाढी, पहिरो, आगलागी जस्ता जोखिम कोशी प्रदेशमा विद्यमान रहेको पाइएको छ ।

कोशी प्रदेश सरकारले EIA/IEE लगायत वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने तथा वातावरणीय अनुगमन गर्ने कार्य निकै न्यून मात्रामा गरेको पाइएको छ । त्यस्तै, राज्यको फोहोर व्यवस्थापन प्रणाली निकै कमजोर रहेको र धेरै उद्योगहरूले उत्पादन गरेका फोहोर जलाएर नष्ट गर्ने गरिएको र यसले वातावरणमा थप जोखिम उत्पन्न गरेको देखिएको छ । जलवायु परिवर्तन, वातावरण संरक्षण र विकासको अधिकार एक आपसमा अन्तरसम्बन्धित विषयहरू हुन्, जसमा दिगो विकासका लागि वातावरणीय सन्तुलन आवश्यक छ । बाढी, पहिरो, डुबान तथा वन विनाशका कारण वातावरणीय असन्तुलनले खासगरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र आदिवासी जनजाति तथा सीमान्तकृत समुदायको मानव अधिकार जोखिममा पर्छ । जलवायु परिवर्तनका प्रभावहरू बढ्दो क्रममा रहेकाले यस विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले प्रभावकारी पहल गर्नुपर्ने देखिन्छ ।

### ३.२.१०.७ मानव अधिकार रक्षकहरूको अधिकार

मानव अधिकारको संरक्षण, संवर्धन र रक्षाका लागि व्यक्तिगत वा संस्थागत रूपमा शान्तिपूर्ण तवरले कार्य गर्ने व्यक्ति, समूह, संगठन नै मानव अधिकार रक्षक हुन् । कुनै पनि वर्ग, वर्ण, लिङ्ग, समुदायको भेदभाव नगरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितताका लागि आवाज उठाउन

[106] ऐ. ।

[107] कोशी प्रदेश सरकार, प्रदेश वातावरण संरक्षण ऐन, २०७६ ।

र खबरदारी गर्न संयुक्त राष्ट्रसंघको सन् १९९८ को घोषणापत्र[108] अनुसार, राज्यलाई जवाफदेही बनाउँदै कानूनी शासन, मानव अधिकारको रक्षा र सामाजिक न्याय स्थापना गर्न खोज्ने व्यक्तिहरू सञ्चारकर्मी, वकिल, अधिकारकर्मी, सामाजिक अभियन्ता नागरिक समाज आदि मानव अधिकार रक्षक हुन्। मानव अधिकार रक्षक भन्नाले ती व्यक्ति, समूह वा संस्था भन्ने बुझिन्छ, जसले स्वेच्छिक रूपमा शान्तिपूर्ण तरिकाले मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण र संवर्धनमा प्रत्यक्ष र सक्रिय भूमिका निर्वाह गर्ने कार्य गर्दछन् । समाजमा भइरहेका अन्याय, विभेद, शोषण र मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्दै पीडितलाई न्याय दिलाउने काम गर्नु मानव अधिकार रक्षकको कार्य हो ।

मानव अधिकारको रक्षा गर्नु चुनौतीपूर्ण र जोखिमपूर्ण काम हो, मानव अधिकार रक्षकहरूले थुप्रै गम्भीर समस्या र चुनौतीहरू भोग्नु परिरहेको हुन्छ । राज्य संयन्त्रबाट नै मानव अधिकार रक्षकहरूमाथि भौतिक आक्रमण, धम्की, मानसिक तनाव र झुट्टा मुद्दा लगाउने जस्ता कार्यहरू भइरहेका देखिएका छन् । दुर्गम क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू जातीय विभेद, महिला हिंसा र भ्रष्टाचार विरुद्ध बोल्दा सामाजिक बहिष्कार र असुरक्षाको सिकार हुनुपर्ने अवस्था छ । सञ्चार र प्रविधिको विकाससँगै मानव अधिकार रक्षकहरूमाथि डिजिटल निगरानी, अनलाइन बुलिङ र चरित्र हत्याका प्रयासहरू समेत बढेका छन्, जसले गर्दा मानव अधिकार रक्षक स्वतन्त्र र भयरहित तवरले काम गर्न वञ्चित भएका छन् । कोशी प्रदेशमा मानव अधिकार रक्षकहरूको अवस्था चुनौतीपूर्ण रहेको देखिन्छ । यस प्रदेशमा खासगरी आन्दोलनहरूका क्रममा मानव अधिकार रक्षक र सञ्चारकर्मीहरूले सुरक्षाको जोखिम व्यहोर्नु परेको छ । सामाजिक सञ्जाल वा अप्रत्यक्ष माध्यमबाट धम्की आउने गरेको यस प्रदेशका रक्षकहरूले भोग्ने साझा समस्या रहेको देखिन्छ ।

कतिपय अवस्थामा अधिकार रक्षकहरूमाथि अपराध गर्नेहरू सजिलै उम्किने परिपाटी रहेको छ, जसले उनीहरूको मनोबल कमजोर बनाएको छ । मानव अधिकार रक्षकको सुरक्षाका लागि गृह मन्त्रालय र राष्ट्रिय मानव अधिकार अयोगले निर्देशिकाहरू जारी गरे तापनि स्थानीय स्तरमा प्रभावकारी सुरक्षा संयन्त्र र राहतको अभाव स्पष्ट देखिन्छ । त्यसैले लोकतन्त्र र न्यायलाई जीवित राख्नका लागि राज्यले मानव अधिकार रक्षकहरूको सुरक्षाको पूर्ण ग्यारेन्टी गर्दै मानव अधिकार रक्षकलाई काम गर्ने अनुकूल र सुरक्षित वातावरण सृजना गर्नु आजको आवश्यकता हो ।

### ३.२.१०.८ संक्रमणकालीन न्यायको अवस्था

नेपालमा संक्रमणकालीन न्यायको प्रक्रिया वि.सं. २०६३ मा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच सम्पन्न भएको विस्तृत शान्ति सम्झौता[109] पश्चात् प्रारम्भ भएको हो । यो सम्झौतालाई शान्ति प्रक्रियाको महत्वपूर्ण आधारस्तम्भ मानिन्छ । यस प्रक्रियाको उद्देश्य सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानून उल्लङ्घनका घटनाको सत्यनिरूपण, पीडितलाई सत्य, न्याय, परिपूरण र पुनर्स्थापनाको अधिकार सुनिश्चित गर्नु, दोषीलाई जवाफदेही बनाउनु तथा दिगो शान्ति र मेलमिलाप

[108] मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र, डिसेम्बर ९, १९९८ (UN Declaration on Human Rights Defenders) ।

[109] वि.सं. २०६३ मा नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच सम्पन्न भएको विस्तृत शान्ति सम्झौता ।

स्थापना गर्नु हो । संक्रमणकालीन न्यायको सुनिश्चितता नेपालको अन्तरिम संविधान, २०६३[110], नेपालको संविधान[111], बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (संशोधित सहित)[112] तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानून सम्बन्धी दायित्वहरूमा आधारित रहेको छ ।

आयोगले आफ्नो संवैधानिक तथा कानूनी व्यवस्था अनुसार संक्रमणकालीन न्याय प्रक्रियालाई मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता र नेपालको संवैधानिक व्यवस्था अनुरूप पीडितकेन्द्रित, निष्पक्ष, प्रभावकारी र विश्वसनीय बनाउन आवश्यक अनुगमन, अनुसन्धान, परामर्श, नीतिगत पैरवी तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने कार्य गर्दै आएको छ । यस कार्यालयले यसै सन्दर्भमा २०८२ कार्तिक २५ गते धरानमा द्वन्द्वपीडितहरूसँग संक्रमणकालीन न्यायको वर्तमान अवस्थासम्बन्धी छलफल कार्यक्रम आयोजना गरिएको थियो । छलफलमा पीडितहरूले सत्य, न्याय, परिपूरण र पुनर्स्थापनाको अधिकार प्रभावकारी रूपमा सुनिश्चित गर्न, संक्रमणकालीन न्याय प्रक्रियालाई समयबद्ध रूपमा टुङ्ग्याउन तथा पीडितहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याएका थिए । साथै, यसै आर्थिक वर्षमा कोशी प्रदेश कार्यालयले द्वन्द्वकालीन घटनासँग सम्बन्धित ८२ वटा उजूरीहरूको विषयमा अनुसन्धान सम्पन्न गरेको छ । यसबाट संक्रमणकालीन न्याय प्रक्रियामा तथ्यमा आधारित अभिलेखीकरण, पीडितको न्यायमा पहुँच र आयोगको संवैधानिक भूमिकालाई थप प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

गत आ.व.मा पाँचथर जिल्लामा भएको विष्फोटक पदार्थ विस्फोटन भएको घटना तथा अन्य यस्तै द्वन्द्वकालीन घटनाको सम्बन्धमा आयोगले पटक-पटक गरेका सिफारिस मार्फत सशस्त्र द्वन्द्वको समयमा प्रयोग भएका विस्फोटक पदार्थहरू निष्क्रिय पारी पुनः यस प्रकारका घटना दोहोरिन नदिन, द्वन्द्वका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न, पीडितलाई क्षतिपूर्ति तथा परिपूरणका व्यवस्थापन गर्न, द्वन्द्वकालीन घटनाकै कारण भविष्यमा हुन सक्ने दीर्घकालीन रोगको उपचारको समेत व्यवस्था गर्ने लगायतको विषयमा नेपाल सरकारलाई सिफारिस गरेको छ । तर, द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गर्न नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरे तापनि द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्य–तथ्य पत्ता लगाउने, दण्डहीनताको अन्त्य गरी न्याय प्रदान गर्ने, पीडितलाई न्यायसहित परिपुरण प्रदान गर्ने, मेलपिलाप गर्ने र भविष्यमा त्यस्ता घटना नदोहोरिने कुराको सुनिश्चितता प्रदान गर्ने जस्ता विशेष विषयमा अझै बिलम्ब भएको र सो को प्रत्यक्ष प्रभाव यस प्रदेशका द्वन्द्व पीडितलाई समेत परेको पाइएको छ ।

## ३.२.११ दिगो विकास (Sustainable Development) र मानव अधिकार

[110] नेपालको अन्तरिम संविधान, २०६३ ।

[111] नेपालको संविधान (२०७२) ।

[112] बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (संशोधित सहित) ।

दिगो विकास (Sustainable Development) र मानव अधिकार (Human Rights) एकअर्काका परिपूरक हुन्। दिगो विकासले भावी पुस्ताको अधिकार सुरक्षित गर्दै वर्तमानको आवश्यकता पूरा गर्छ भने मानव अधिकारले विकासको केन्द्रमा मानिसलाई राख्छ। संयुक्त राष्ट्रसंघको २०३० एजेन्डा अन्तर्गतका १७ दिगो विकास लक्ष्य (SDGs) मानव अधिकारको जगमा आधारित छन्, जसले गरिबी निवारण, समानता, र स्वस्थ वातावरणको अधिकार सुनिश्चित गर्दछ।

दिगो विकास लक्ष्यहरूले कोही पछाडि नछुटुन् (Leave No One Behind) भन्ने मान्यता राख्दछन्। यसले आवाजविहीन, पहुँचविहीन तथा सीमान्तकृत समुदायको विकासमा समावेश गर्ने कुराको वकालत गर्दछ। मानव अधिकारको संरक्षणविना दिगो विकास सम्भव छैन। दिगो विकासका लक्ष्यहरू (SDGs) ले परिकल्पना गरेका समानता, गरिबी निवारण र न्याय जस्ता विषय मानव अधिकारका आधारभूत स्तम्भ हुन्। यी दुई एक-अर्काका परिपूरक हुन् र विकास प्रक्रियामा कसैको पनि अधिकार हनन नहोस् भन्ने सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको भूमिका महत्त्वपूर्ण हुन्छ। दिगो विकास लक्ष्यहरू मानव अधिकारकै विषय भएकोले तिनको कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका रहने कुरा २०१५ मा मेक्सिकोको मेरिडामा भएको मानव अधिकार संस्थाहरूको विश्व सम्मेलनबाट पारित Merida Declaration, 2015 ले उल्लेख गरेको छ।

उल्लेखित घोषणापत्रमा उल्लेख भूमिका बमोजिम नै आयोगको यस कार्यालयले पनि ती दिगो विकास लक्ष्यहरूलाई सहयोग पुग्ने गरी आफ्ना भूमिका खेलिरहेको छ। विशेषगरी नागरिक तथा राजनीतिक अधिकारका अलावा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई जोड दिँदै अनुसन्धान, अनुगमन तथा संवर्धनात्मक कार्य गर्दै आइरहेको छ। मुख्य गरी यस आ.व.मा गरिएका व्यवसाय र मानव अधिकार विषयक अनुगमन, हिरासत तथा कारागार अनुगमन, वातावरण र मानव अधिकार विषयक अनुगमन, अपाङ्गता भएका व्यक्तिको भौतिक पहुँच तथा अपाङ्गतामैत्री भौतिक संरचना विषयक अनुगमन, विद्यालयमा हुने शारीरिक यातना विषयक अनुगमन तथा मानव अधिकार उल्लङ्घनका विविध उजूरीउपर अनुसन्धान र सो बमोजिम सुझाव सहितको प्रतिवेदन लगायतका गतिविधिहरूबाट दिगो विकास लक्ष्य प्राप्तिमा आयोगको यस कार्यालयबाट विशेष योगदान भएको थियो। त्यस बाहेक आयोगको यस कार्यालयबाट अन्य सरकारी निकायहरूबाट दिगो विकास लक्ष्य कार्यान्वयन विषयमा अनुगमन गरी आवश्यक सुझाव पनि पेश गर्ने कार्य भएको छ।

यी विविध गतिविधिबाट आयोगको यस कार्यालयले दिगो विकास लक्ष्य पुरा गर्न मेरिडा घोषणापत्रमा उल्लेख भए बमोजिम तथा आयोगको रणनीतिक योजनामा व्यवस्था भए बमोजिमको भूमिका खेलेको छ। राष्ट्रिय मानव अधिकार आयोगको यस कार्यालयले दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धति अपनाउन सरोकारवाला निकायहरूलाई जोड दिँदै आएको छ। विकासका क्रियाकलापमा स्थानीय समुदायको सक्रिय सहभागिता, जवाफदेहिता र पारदर्शिताबाट नै मानव अधिकारको रक्षा गर्दै दिगो विकास लक्ष्य हासिल गर्न आयोगले जोड दिँदै आएको छ।

# परिच्छेद ४: प्रशासन तथा लेखा सम्बन्धी गतिविधि

## ४.१ प्रशासन सम्बन्धी गतिविधि

यस कार्यालयको प्रशासन शाखाले दैनिक कार्यालय सञ्चालनमा नियमित रुपमा सहजीकरण गर्ने कार्य गर्दै आएको छ। कर्मचारीहरूको अभिलेख व्यवस्थापन, कार्यालय व्यवस्थापन र सरसफाइ, सार्वजनिक खरिद, कार्यालय अन्तर्गतका भौतिक साधनहरूको आवश्यकतानुसार मर्मत–सम्भार तथा रेखदेख गर्ने, कार्यालयको सवारी साधन व्यवस्थापन र भैपरी आउने अन्य कार्यहरू गर्ने गराउने कार्य गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७[113] बमोजिम मूल्य नखुलेका ४६ थान सम्पत्ति तथा जिन्सी मालसामानहरूको मूल्य कायम गरिएको र जिन्सी निरिक्षण प्रतिवेदन २०८१/८२ को प्रतिवेदनको सिफारिस बमोजिमका ९७ थान सम्पत्ति तथा जिन्सी मालसामानहरूको लिलाम बिक्री गरिएको छ। प्रशासन शाखाबाट सम्पादित प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन् :

- कार्यालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,
- कार्यालयको जनशक्ति व्यवस्थापन तथा कर्मचारीहरूको विवरण अध्यावधिक गर्ने,
- सार्वजनिक खरिदसम्बन्धी कार्यालयको लागि आवश्यक कार्यालय सामग्री, मसलन्द लगायत अन्य मालसामान खरिद कार्य गर्ने,
- कार्यालयको भौतिक साधनहरूको निरीक्षण गर्ने र आवश्यकतानुसार मर्मत–सम्भार तथा रेखदेख गर्ने,
- ब्राईट भिजन ल कलेगको कानून संकायमा अध्ययन गर्ने ४ जना विद्यार्थीलाई इन्टर्नसिपमा सहभागी गराइ आवश्यक व्यवस्थापन गर्ने,
- कार्यालयको सवारी व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- इन्धन खरिद र कुपन वितरणको अभिलेख व्यवस्थापन गर्ने,
- कार्यालयको स्रोतसाधनहरूको भण्डारण गरी अभिलेख राख्ने,
- कार्यालयको स्रोतसाधनहरूको अवस्था सम्बन्धी विवरण अध्यावधिक गर्ने,
- कार्यालयको भौतिक साधनहरूको जिन्सी निरीक्षण कार्यमा सहजीकरण गर्ने,
- जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम प्रक्रिया सम्पन्न गरिएको,
- खरिद र जिन्सी सम्बन्धी प्रतिवेदनहरू तयार गर्ने,

उल्लेखित कार्य बाहेक दैनिक र भैपरी आउने अन्य कामहरू समेत सम्पादन गरी यस शाखा मार्फत यस आ.व.मा कार्यालयको लक्षित कार्यक्रम सफलतापूर्ण सम्पन्न पार्न सहजीकरण गरिएको छ।

113 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७।

## ४.२ बजेट तथा खर्च सम्बन्धी विवरण

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरको आर्थिक प्रशासन शाखाले आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने जिम्मेवारी अनुसार कर्मचारीहरूको मासिक रूपमा तलब भत्ता भुक्तानी गर्ने, रीत अनुसार प्राप्त भुक्तानीका निवेदनहरूको चेक जाँच गरी भुक्तानी गर्ने, बिद्युत महशुल, टेलिफोन महशुल, इन्टरनेट महशुल आदि भुक्तानी गर्ने लगायतका आर्थिक कारोबार गर्ने, ती कारोबारहरूको प्रचलित लेखा प्रणााली बमोजिम लेखाङ्कन गर्ने र अभिलेख राख्नुका साथै मासिक, त्रैमासिक, वार्षिक प्रतिवेदन गर्ने कार्यहरू नियमित रुपमा गरेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षकको कार्यालयबाट हुने लेखा परीक्षणमा आर्थिक कारोवारको श्रेस्ता र अन्य आर्थिक विवरणहरू उपलव्ध गराइ लेखापरीक्षण सम्पन्न गर्न सहजीकरण गर्दै आएको छ। आर्थिक कारोबार गर्दा सरकारी लेखा नीति, लेखा विधि, लेखाका आधार र सिद्धान्तहरू अवलम्बन गरेको छ। आर्थिक प्रशासन सम्बन्धी कार्यहरूमा कार्यालय प्रमुखले अख्तियारी प्राप्त गरी स्वीकृत कार्यक्रमहरूको अधिनमा रही आर्थिक कारोबार सञ्चालन गर्ने साथै कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी बहन गरी कार्यालयको आर्थिक, भौतिक तथा जनशक्तिको वास्तविक स्थितिको विवरण तयार गरी सार्वजनिक गरिएको छ। कार्यालयको आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण काम मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, पारदर्शिता, स्वच्छ प्रस्तुतीकरण, उच्च जिम्मेवारी र उत्तरदायित्व जस्ता लेखाका आधारभूत सिद्धान्तहरूको पालना गरिएको छ। आर्थिक प्रशासन शाखाबाट सम्पादित भएका प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन् :

- केन्द्रीय कार्यालयबाट प्राप्त सीमाभित्र रहेर मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा कार्यालयको वार्षिक बजेट प्रविष्टि गर्ने,
- तलब भत्ता लगायत बिद्युत, टेलिफोन, इन्टरनेट आदिको आवधिक रूपमा भुक्तानी गरी आर्थिक कारोबार गर्ने,
- कार्यालय सामग्री, मसलन्द लगायत अन्य मालसामान खरिद कार्यको रीतपूर्वक भुक्तानी गरी आर्थिक कारोबार गर्ने,
- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,
- बेरुजु फछर्यौटसम्बन्धी कार्य गर्ने,

बार्षिक कार्ययोजनाको लक्ष्य हासिल गर्न उल्लेखित कार्य बाहेक अन्य कामहरू समेत सम्पादन गरी यस शाखाबाट आवश्यक सहजीकरण गरिएको छ।

| बजेट र खर्च सम्बन्धी विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ। |
|---|

# परिच्छेद ५: उपलब्धि, चुनौती र सरोकारवालालाई सुझाव

## ५.१ उपलब्धि

**क. न्यायमा पहुँच र उजूरी व्यवस्थापन:** आयोगको कोशी प्रदेश कार्यालयमा यस अवधिमा प्राप्त हुन आएका १०५ वटा उजूरी निवेदनमध्ये ९६ वटा निवेदनउपर प्रत्यक्ष परामर्श र समन्वय गरिएको तथा यसै आर्थिक वर्षमा दर्ता भएका ९ वटा उजूरीमाथि अनुसन्धान गरिएकोमा ४ वटाको अनुसन्धान सम्पन्न भएको छ ।

**ख. अनुगमन र हस्तक्षेप:** यस कार्यालयको कार्यक्षेत्रभित्रका ११ वटै जिल्लालाई समेट्ने गरी यस आर्थिक वर्षमा ४३ वटा विषयगत अनुगमन सम्पन्न भएका छन् । विशेष गरी कारागार, हिरासत र बाल सुधार गृहहरूको अवस्थामा सुधार ल्याउन आयोगको निरन्तर उपस्थिति र निर्देशनले कैदीबन्दीको मर्यादा र अधिकारको संरक्षणमा सहयोग पुगेको छ । हालै सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लामा अनुगमन गरी आयोगबाट नेपाल सरकारलाई सुझाव सहितको सिफारिस गरिएको छ।

**ग. व्यवसाय र मानव अधिकार (Business and Human Rights) को नयाँ अवधारणामा महत्वपूर्ण कार्य:** व्यवसाय र मानव अधिकार (Business and Human Rights) लाई मानव अधिकारको क्षेत्रमा नयाँ आयामको रूपमा मानिन्छ । यस आर्थिक वर्षमा कोशी प्रदेशका ६ जिल्लाका ३३ वटा खाद्य उत्पादन तथा प्रशोधन गर्ने उद्योगमा अनुगमन गरिएको छ। यस अनुगमनमा श्रमिकको अधिकार, उपभोक्ताको अधिकार, वातावरणको अधिकार, महिला तथा बालबालिकाको विशेष अधिकार तथा आप्रवासी कामदारको अधिकारको अवस्था अनुगमन गरिएको थियो। यस अनुगमनबाट व्यवसायीले व्यवसाय सञ्चालन गर्दा मानव अधिकारको सम्मान गर्दै जिम्मेवार व्यवसायप्रति प्रतिबद्ध हुन प्रेरित हुने अपेक्षा गरिएको छ ।

**घ. विद्यालयमा हुने शारीरिक दण्डको अनुगमन र सचेतनामा निरन्तरता:** अघिल्लो आर्थिक वर्षमा गरिएको विद्यालयमा हुने शारीरिक दण्ड र यौनजन्य दुर्व्यवहारको अनुगमन विषयलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । यस आ.व.मा गरिएको अनुगमनको क्रममा ७ जिल्लाका विद्यार्थी र शिक्षक गरी जम्मा ७७८ जनालाई प्रश्नावली भराइ जानकारी संकलन गरिएको तथा २० वटा विद्यालय/कलेजस्तरमा १४ वटा अभिमुखीकरण कार्यक्रम मार्फत जम्मा १,१७८ जनालाई अभिमुखीकरण गरिएको छ । यसबाट मानव अधिकार, बाल अधिकार, शारीरिक दण्ड र यौनजन्य दुर्व्यवहारका विषयमा शिक्षक र स्थानीय तहसमेतलाई सचेत गराइ विद्यालयमा भयरहित वातावरणमा अध्ययन गर्न पाउने विद्यार्थीको अधिकार र बाल अधिकारमैत्री अध्यापन अभ्यासमा जोड दिइएको छ ।

ङ. **अपाङ्गतामैत्री पूर्वाधार र पहुँचमा अनुगमन तथा पैरवी:** कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ११ वटै जिल्लाका तीनै तहका सरकारका प्रतिनिधि कार्यालयहरू जिल्ला प्रशासन कार्यालय, अस्पताल तथा स्थानीय तहमा भौतिक पहुँच र पहुँचयुक्त संरचनाको अनुगमन गरिएको छ। यसले सार्वजनिक निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँचका लागि नीतिगत र भौतिक सुधारको बाटो खोल्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

च. **प्राकृतिक प्रकोपमा सक्रियता:** कोशी प्रदेशमा २०८२ सालको असोज १७ गतेको अविरल वर्षापछि आएको बाढी पहिरोको अनुगमनबाट वास्तविकतालाई उजागर गरी  राहत तथा पुनर्स्थापना कार्यमा स्थानीय तह र स्थानीय प्रशासन समेतलाई अनुगमनकै क्रममा तत्कालै गरिएको ध्यानाकर्षणलाई महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ।

छ. **लोपोन्मुख समुदायको मानव अधिकार:** प्रदेशमा लोपोन्मुख आदिवासी जनजातिको वर्तमान अवस्थालाई मानव अधिकारको दृष्टिकोणबाट विश्लेषण गर्दै नागरिक तथा राजनीतिक, आर्थिक तथा सामाजिक अधिकार तथा राज्यको निकायमा पहुँच समेतको अनुगमन गरी जन्मसिद्ध अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझाव तथा सिफारिस गर्ने उद्देश्यले कोशी प्रदेश अन्तर्गत झापा र इलाममा जिल्लामा मुख्य बसोबास रहेका लोपोन्मुख जनजाति समुदाय लेप्चा, मेचे र किसानको मानव अधिकारको अवस्था अनुगमनले यस समुदायको अधिकारको संरक्षण तथा संवर्धनमा सहयोग पुग्ने आशा गर्न सकिन्छ।

ज. **उजूरी अनुसन्धानमा उल्लेख्य प्रगति:** यस अवधिमा मानव अधिकार उल्लङ्घनका १०६ वटा उजूरीमाथि अनुसन्धान भएकोमा ८९ वटा उजूरीको अनुसन्धान सम्पन्न भएको तथा यसै अवधिमा केन्द्रीय कार्यालय पठाइएका १० उजूरीमाथि निर्णय भएकोमा ३ वटा उजूरीमा नेपाल सरकारलाई सिफारिस भएको देखिन्छ।

झ. **मानव अधिकार प्रवर्धन र सचेतना:** यस अवधिमा कार्यालयबाट ३५ वटा प्रवर्धनात्मक कार्यक्रमहरू मार्फत ४९५८ जनालाई मानव अधिकार सचेतना प्रदान गरिएको छ।

ञ. **संस्थागत जवाफदेहितामा निरन्तरता:** कार्यालयमा मानव अधिकार सम्बन्धित विषयमा प्राप्त हुन आएका निवेदनहरूमा सम्बन्धित सरकारी निकायहरूलाई गरिएको ध्यानाकर्षण र समन्वयले संस्थागत जवाफदेहिता कायम राख्न मद्दत गरेको छ।

## ५.२ चुनौती

### क. आन्तरिक चुनौती

अ. **भौतिक संरचनाको सीमितता:** क्षेत्रीय कार्यालयको रूपमा वि.सं. २०६१ सालमा स्थापना भएको यस कार्यालयको आफ्नै भवन नभएकाले भाडामा सञ्चालन भइरहेको छ। कार्यालयको दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गर्न भवनमा पर्याप्त स्थानको अभाव देखिएको छ।

आ. **विषयगत तथा प्राविधिक तालिम:** मानव अधिकारको सवालमा कतिपय अनुसन्धान तथा अनुगमन गर्दा जटिल अवस्थाहरू सृजना हुने गरेको छ । यस्ता समस्या सम्बोधनका लागि कर्मचारीलाई समयानुकूल विषयगत तथा विशिष्टीकृत तालिम दिनुपर्ने देखिएको छ।

इ. **पुरानो सवारी साधन तथा भूगोलमैत्री सवारी साधनको अभाव:** कार्यालयमा रहेको सवारी साधन पुरानो भएकाले अनुसन्धान र अनुगमनकै क्रममा छिटै समस्या देखिने तथा विशेषगरी प्रदेशका पहाडी भूगोलमा रहेका कच्ची मार्ग भएर जानुपर्ने स्थानहरूमा पुग्न पहाडी भूगोलमैत्री सवारी साधन चाहिने भएकाले त्यस्ता स्थानहरूमा पुग्न असहज भएको देखिन्छ।

ई. **मानव अधिकारका नवीनतम आयामहरू:** आयोगको यस कार्यालयले यस आर्थिक वर्षमा व्यवसाय र मानव अधिकार सम्बन्धी अनुगमन र अनुगमनपछि अन्तर्क्रिया सम्पन्न गर्नु महत्वपूर्ण उपलब्धि रह्यो। यसका अलावा जलवायु न्याय, कृत्रिम बौद्धिकता, डिजिटल अधिकार, विकासको अधिकारजस्ता विषयमा दक्ष जनशक्तिको विकास गर्नुपर्ने देखिएको हुँदा प्रशिक्षण प्रदान गर्नुपर्ने देखिएको छ।

## ख. बाह्य चुनौती

अ. **सिफारिस कार्यान्वयनमा उदासीनता:** आयोगको सिफारिसलाई कानूनी रूपमा कार्यान्वयन गराउने सवालमा राज्यका विभिन्न निकायहरूमा रहेको ढिलासुस्ती र उदासीनता नै गम्भीर चुनौती बनेको छ।

आ. **अभिव्यक्ति र सुरक्षाबीचको द्वन्द्व:** विभिन्न आन्दोलन तथा प्रदर्शनको क्रममा नागरिकको अभिव्यक्ति स्वतन्त्रता र राज्यको सुरक्षा संयन्त्रले गर्ने बल प्रयोगको सन्तुलन कायम गर्नमा जटिलता देखिएको छ। प्रदर्शनको क्रममा प्रदर्शनकारीबाट भएका हिंसात्मक गतिविधि र सुरक्षा निकायबाट हुने अत्यधिक बल प्रयोगले मानव अधिकारको परिपालनामा चुनौती सृजना गरेको छ।

इ. **सामाजिक र सांस्कृतिक अवरोध:** जातीय विभेद, दाइजो, बोक्सी प्रथा र लैङ्गिक हिंसाजस्ता कुरीतिहरू अझै पनि गहिरो रूपमा जरो गाडेर बसेका छन्, जसलाई कानूनी उपचारका साथै सामाजिक रूपान्तरणमार्फत सम्बोधन गर्नुपर्ने देखिन्छ।

ई. **सङ्क्रमणकालीन न्याय र सरकारको भूमिका:** सशस्त्र द्वन्द्वका समयमा बेपत्ता भएका, ज्यान गुमाएका तथा अन्य तवरबाट पीडित भएका व्यक्तिहरूका सम्बन्धमा विस्तृत शान्ति सम्झौतामा उल्लेख भए बमोजिमका प्रावधानमा सरकारको प्रतिबद्धता भए पनि यसको कार्यान्वयनमा भएको ढिलासुस्तीले द्वन्द्वपीडितको न्याय प्राप्त गर्ने हकमा बिलम्ब भएको छ।

उ. **प्राकृतिक प्रकोप:** कहिलेकाहीँ अनपेक्षित रुपमा आइपर्ने प्राकृतिक प्रकोपहरूले मानव अधिकारमा गम्भीर असर पुग्ने गरेको छ । यो प्रत्यक्ष रुपमा कुनै निकायबाट भएको मानव अधिकार उल्लङ्घन नभए तापनि यसको सम्बोधनका लागि सरकार गम्भीर रहनुपर्ने तथा पूर्व सूचना प्रणाली व्यवस्थापनमा समेत सरकारको सक्रिय भूमिका हुनुपर्ने कुरामा चुनौती देखिएको छ ।

ऊ. **मानव अधिकार रक्षकको सुरक्षा:** मानव अधिकार रक्षकहरूले पीडित तथा पीडित पक्षको पैरवी गरिरहँदा  निजहरूमाथि नै सुरक्षामा चुनौती रहेको भनी बारम्बार प्रश्न उठ्ने गरेको छ ।

## ५.३ सरोकारवालालाई सुझाव तथा सिफारिस

### ५.३.१. प्रदेश सरकारलाई सुझाव तथा सिफारिस

अ. **मानव अधिकारमुखी विकास र सहभागिता:** लक्षित तथा सीमान्तकृत समुदायको मानव अधिकार संरक्षण र संवर्धनका लागि आवश्यक कार्यक्रम र बजेट विनियोजन गर्ने तथा योजना निर्माणदेखि मूल्याङ्कनको चरणसम्म अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

आ. **मौलिक हकको कार्यान्वयन:** संविधानप्रदत्त मौलिक हकहरू नागरिकले प्रत्यक्ष अनुभूति गर्न सक्ने गरी नीतिगत सुधार, उपयुक्त कार्यक्रम र पर्याप्त बजेटको व्यवस्था गर्ने ।

इ. **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताको परिपालनामा तत्परता:** नेपालले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेको प्रतिबद्धताको पालनाका लागि गम्भीर हुन तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

ई. **कानूनी सुधार तथा विवाद समाधान:** मानव अधिकारका सर्वमान्य सिद्दान्तका आधारमा कानून निर्माण तथा परिमार्जन गर्ने र विकास निर्माणका क्रममा आउने विवादहरूलाई वार्ता र संवादको माध्यमबाट समाधान गर्ने।

उ. **मानव अधिकार रक्षकको सुरक्षा:** मानव अधिकार रक्षकहरूले पीडित तथा पीडित पक्षको पैरवी गरिरहँदा  निजहरूमाथिको सुरक्षा चुनौतीको विश्लेषण गरी पहिचान, मर्यादा र सुरक्षाका लागि कानून निर्माण गर्ने तथा जोखिममा परेकालाई उद्धार र पुनर्स्थापना गर्ने ।

ऊ. **प्रकोप व्यवस्थापन:** प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्न पूर्वतयारी तथा प्रकोपपछिको उद्धार, राहत तथा पुनर्स्थापनामा सदैव तयार हुन ।

### ५.३.२ स्थानीय तहलाई सुझाव तथा सिफारिस

अ. **मर्यादित सेवा प्रवाह:** विकास निर्माणमा मानव अधिकारमुखी पद्धति अवलम्बन गर्ने र सेवाग्राहीले मर्यादित ढङ्गले सेवा पाउने व्यवस्थाको सुनिश्चितता गर्ने ।

आ. **लक्षित वर्ग र समावेशी सहभागिता:** सीमान्तकृत समुदायको अधिकारका लागि कार्यक्रम र बजेट विनियोजन गर्ने तथा योजनाका हरेक चरणमा सबै पक्षको सहभागिता सुनिश्चित गर्ने ।

इ. **सचेतना र संवर्धन:** स्थानीय स्तरमा मानव अधिकारको संवर्धन र सचेतनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न ।

ई. **कानूनी सुधार तथा विवाद समाधान:** मानव अधिकारका सर्वमान्य सिद्धान्तका आधारमा कानून निर्माण तथा परिमार्जन गर्न र विकास निर्माणका क्रममा आउने विवादहरूलाई वार्ता र संवादको माध्यमबाट समाधान गर्न ।

ऋ. **राहत तथा पुनर्स्थापनाको तयारी:** प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्तिहरूको आधारभूत हक सुनिश्चित गर्न पूर्वतयारी तथा प्रकोपपछिको उद्धार, राहत तथा पुनर्स्थापनामा बजेट, योजना तथा प्राथमिकतामा राख्न।

## ५.३.३ मानव अधिकार समुदाय, नागरिक समाज र सञ्चार जगतलाई सुझाव

नेपालको संविधान, मौजुदा कानूनहरू तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा मानव अधिकारको मूल्यमान्यता बमोजिम नागरिकका मानव अधिकार संरक्षण र संवर्धनका लागि अझ सक्रियताका साथ कार्य गर्दै मानव अधिकारका मुद्दाहरूमा आवश्यकता अनुसार सरकार र आयोगसँग सहकार्य, समन्वय र खबरदारी गर्न ।

B B B

# अनुसूचीहरू

## अनुसूची १ - कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरू (क्षेत्रफल र कुल जनसङ्ख्या)



| कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरूको क्षेत्रफल र कुल जनसङ्ख्या[114] | | |
|---|---|---|
| जिल्ला | क्षेत्रफल (व.कि.मि.) | २०७८ सालको जनगणना अनुसार कुल जनसङ्ख्या (जना) |
| मोरङ | १८५५ | ११४८१५६ |
| सुनसरी | १२५७ | ९२६९६२ |
| झापा | १६०६ | ९९८०५४ |
| पाँचथर | १२४१ | १७२४०० |
| उदयपुर | २०६३ | ३४०७२१ |
| इलाम | १७०३ | २७९५३४ |
| धनकुटा | ८९१ | १५०५९९ |
| ताप्लेजुङ | ३६४६ | १२०५९० |
| भोजपुर | १५०७ | १५७९२३ |
| तेह्रथुम | ६७९ | ८८७३१ |
| संखुवासभा | ३४८० | १५८०४१ |

[114] तथ्याङ्क समन्वय कार्यालय, मोरङ, कोशी प्रदेशको तथ्याङ्कीय रूपरेखा-२०८२।

## अनुसूची २ - आयोगको कोशी प्रदेश कार्यालयमा कार्यरत कर्मचारीको विवरण

| क्र.स | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | वीर बहादुर बुढा मगर | सहसचिव | कार्यालय प्रमुख |
| २ | दयाराम पाठक | उपसचिव | अनुसन्धान, अनुगमन र प्रवर्धन |
| ३ | चिरञ्जीवी कोइराला | मानव अधिकार अधिकृत | उजूरी ग्रहण, अनुसन्धान, अनुगमन र प्रवर्धन |
| ४ | कृष्ण नारायण श्रेष्ठ | लेखा /प्रशासन अधिकृत | लेखा तथा प्रशासन सम्बन्धी कार्य |
| ५ | डिल्लीराम लम्साल | मानव अधिकार अधिकृत | उजूरी ग्रहण, अनुसन्धान, अनुगमन र प्रवर्धन |
| ६ | तुलशा कार्की | मानव अधिकार अधिकृत | उजूरी ग्रहण, अनुसन्धान, अनुगमन र प्रवर्धन |
| ७ | यमराज आङदेम्बे | मानव अधिकार अधिकृत | उजूरी ग्रहण, अनुसन्धान, अनुगमन र प्रवर्धन |
| ८ | भिमसेन थापा मगर | मानव अधिकार अधिकृत | उजूरी ग्रहण, अनुसन्धान, अनुगमन र प्रवर्धन |
| ९ | सुमिना आचार्य | सूचना प्रविधि सहायक | सूचना प्रविधि सम्बन्धी कार्यहरू |
| १० | श्रीराम साह | सहायक प्रथम | प्रशासनिक कार्यहरू |
| ११ | विष्णु पराजुली | सवारी चालक | सवारी साधनको रेखदेख र सञ्चालन |
| १२ | पशुपति चौधरी | सवारी चालक | सवारी साधनको रेखदेख र सञ्चालन |
| १३ | देवेन्द्र रेग्मी | कार्यालय सहयोगी | कार्यालय सञ्चालनमा सहयोग |
| १४ | मथुरा थापा रेग्मी | कार्यालय सहयोगी | कार्यालय सञ्चालनमा सहयोग |
| १५ | ज्ञानचन्द्र राजवंशी | सुरक्षा गार्ड | कार्यालय सुरक्षासम्बन्धी कार्य |

## अनुसूची ३ - आ.व. २०८२/८३ मा सम्पन्न अनुसन्धान सम्बन्धी कार्य विवरण

| क्र.सं. | मिति र जिल्ला | अनुसन्धानको विषय | फाइल संख्या | अनुसन्धान टोली |
|---|---|---|---|---|
| १ | २०८२ श्रावण ६<br>मोरङ | CAT | १ वटा | • मा.अ.अ. डिल्लीराम लम्साल<br>• मा.अ.अ. सुदिप्ती सुवेदी |
| २ | २०८२ भाद्र ७ देखि २०८२ भाद्र १३ गतेसम्म मोरङ, उदयपुर र सुनसरी | ICCPR. ICESCR, CAT, ICPED,CEDAW | ८ वटा | • मा.अ.अ. डिल्लीराम लम्साल<br>• मा.अ.अ. भिमसेन थापा मगर |
| ३ | २०८२ भाद्र २२<br>धनकुटा | ICPED | १ वटा | • मा.अ.अ तुलशा कार्की<br>• मा.अ.अ. यमराज आङदेम्बे |
| ४ | मिति २०८२ पुष १ गतेदेखि ५ गतेसम्म मोरङ, सुनसरी, धनकुटा | ICCPR. ICESCR, CAT, ICPED,CEDAW | ९ वटा | • मा.अ.अ. तुलशा कार्की<br>• मा.अ.अ. यमराज आङदेम्बे |
| ५ | मिति २०८२ पुष १३-१९<br>मोरङ र झापा | CAT, ICESCR, ICPED,CEDAW | ९ वटा | • मा.अ.अ. डिल्लीराम लम्साल<br>• मा.अ.अ. चिरञ्जीवी कोइराला |
| ६ | २०८२ चैत ६-१२<br>सुनसरी, मोरङ र झापा | ICCPR. CRC ICESCR, ICPED,CEDAW | १२ वटा | • मा.अ.अ. डिल्लीराम लम्साल<br>• मा.अ.अ. चिरञ्जीवी कोइराला |
| ७ | २०८२ चैत २९ गतेदेखि २०८३ वैशाख १० गतेसम्म ताप्लेजुङ | ICCPR. ICESCR, CAT, ICPED,CEDAW | २१ वटा | • मा.अ.अ. यमराज आङदेम्बे<br>• मा.अ.अ. भिमसेन थापा मगर |
| ८ | २०८३ वैशाख ९ देखि १५ गते सम्म मोरङ र सुनसरी | ICCPR. ICESCR, CAT, ICPED,CEDAW | ११ वटा | • मा.अ.अ. डिल्लीराम लम्साल<br>• मा.अ.अ. चिरञ्जीवी कोइराला |
| ९ | २०८३ जेठ १-७ इलाम, झापा, ताप्लेजङ, सुनसरी | ICCPR,ICESCR, CAT, CMW | ११ वटा | • मा.अ.अ. यमराज आङदेम्बे<br>• मा.अ.अ. भिमसेन थापा मगर |
| १० | २०८३ जेठ २-८ | ICCPR, ICESCR, ICPED,CRC | १० वटा | • उपसचिव दयाराम पाठक<br>• मा.अ.अ. डिल्लीराम लम्साल |
| ११ | २०८३ जेठ २२<br>मोरङ | CAT, CEDAW | २ वटा | • मा.अ.अ. डिल्लीराम लम्साल<br>• मा.अ.अ. तुलशा कार्की |
| १२ | २०८३ असार ३ मोरङ | CEDAW | १ वटा | • मा.अ.अ. तुलशा कार्की |
| १३ | २०८३ असार ३-९ झापा र इलाम | ICCPR, CAT, ICESCR ICPED, CRC | १० वटा | • उपसचिव दयाराम पाठक<br>• मा.अ.अ. यमराज आङदेम्बे |
| जम्मा | | | १०६ वटा | |

## अनुसूची ४ - आ.व. २०८२/८३ मा सम्पन्न अनुगमन सम्बन्धी कार्य विवरण

| क्र.सं. | अनुगमनको मिति, स्थान | अनुगमन गरिएको विषय | अनुगमन टोली |
|---|---|---|---|
| १ | २०८२ श्रावण ३० सुनसरी | अटिजम समस्या भएका व्यक्तिलाई केयर सेन्टरमा कुटपिट भएको भनिएको विषयमा अनुगमन | मा.अ.अ. चिरञ्जीवी कोइराला<br>मा.अ.अ. डिल्लीराम लम्साल |
| २ | २०८२ श्रावण ६ मोरङ | यातना विरुद्धको हक: प्रहरीले हिरासत र पक्राउ गर्ने क्रममा यातना दिएको भनिएको विषयमा अनुगमन | मा.अ.अ. डिल्लीराम लम्साल<br>मा.अ.अ. सुदिप्ती सुवेदी |
| ३ | २०८२ भदौ २३ र २४ सुनसरी | जेन्जी समूहद्वारा प्रदर्शन तथा प्रदर्शनका क्रममा मृत्यु भएका मृतकहरूको शवको वि.पि. प्रतिष्ठान धरानको Mortuary मा गइ अनुगमन | मा.अ.अ. तुलशा कार्की<br>मा.अ.अ. यमराज आङदेम्बे |
| ४ | २०८२ भदौ २३ र २४ मोरङ | विराटनगरको विभिन्न स्थानमा जेन्जी समूहद्वारा गरिएको प्रदर्शनको अनुगमन | मा.अ.अ. डिल्लीराम लम्साल |
| ५ | २०८२ भदौ २६ मोरङ | जेन्जी समूहद्वारा गरिएको प्रदर्शनको विभिन्न कार्यालयमा भएको क्षतिको अनुगमन | मा.अ.अ. तुलशा कार्की<br>मा.अ.अ. डिल्लीराम लम्साल |
| ६ | २०८२ भदौ २७ मोरङ र सुनसरी | जेन्जी आन्दोलनका क्रममा सुनसरी जिल्लाको निषेधाज्ञा जारी गरिएको इटहरी चोक, धरान, विराटनगरको र नेपाल-भारतको सीमाक्षेत्र रानी नाकाको मानव अधिकार अवस्थाको स्थलगत अनुगमन | मा.अ.अ डिल्लीराम लम्साल<br>मा.अ.अ. यमराज आङदेम्बे |
| ७ | २०८२ भदौ ३० गते देखि असोज ४ गतेसम्म झापा, उदयपुर मोरङ र सुनसरी | जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त कार्यालयहरू, सीमानाको स्थलगत अनुगमन, उक्त घटनामा घाइते भइ उपचाररत प्रदर्शनकारी तथा प्रहरीहरूलाई भेटिएको, विभिन्न दलका क्षतिग्रस्त पार्टी कार्यालयको स्थलगत अनुगमन तथा राजनीतिक दलका नेता, मानव अधिरकारकर्मी र सञ्चारकर्मीहरूसँग छलफल गरी मानव अधिकार अवस्थाको अनुगमन गरिएको | मा.अ.अ. तुलशा कार्की<br>मा.अ.अ. यमराज आङदेम्बे |
| ८ | २०८२ असोज २३ - २८ गतेसम्म झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम | यस क्षेत्रका बाढी पहिरोबाट प्रभावितहरूको मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरिएको | मा.अ.अ. डिल्लीराम लम्साल<br>मा.अ.अ. भिमसेन थापा मगर |

| क्र.सं. | अनुगमनको मिति, स्थान | अनुगमन गरिएको विषय | अनुगमन टोली |
|---|---|---|---|
| ९ | २०८२ असोज ३० कार्तिक १ झापा र मोरङ | जेन्जी आन्दोलनका विषयमा अनुगमन | के.का. बाट संरक्षण विभाग प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी<br>मा.अ.अ. डिल्लीराम लम्साल |
| १0 | २०८२ कार्तिक १३ मोरङ | अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी अनुगमन | मा.अ.अ. डिल्लीराम लम्साल<br>मा.अ.अ. तुलशा कार्की |
| ११ | २०८२ कार्तिक १३ सुनसरी | पतिले धारिलो हतियारले टाउकोमा प्रहार गरेको घटनाको प्रहरी कार्यालयमा जाहरी दर्ता नगरिएको भनिएको विषयमा अनुगमन | मा.अ.अ. डिल्लीराम लम्साल<br>मा.अ.अ. तुलशा कार्की |
| १२ | २०८२ कार्तिक २१ मोरङ | प्रहरीले हिरासतमा यातना दिएको भनिएको विषय | मा.अ.अ. डिल्लीराम लम्साल<br>मा.अ.अ. तुलशा कार्की |
| १३ | २०८२ मंसिर ९-१४ झापा, मोरङ र सुनसरी | - झापा, मोरङ र सुनसरी जिल्लाका विभिन्न हिरासतमा राखिएका थुनुवाहरूको मानव अधिकार अवस्था अनुगमन गरिएको<br>- झापा, मोरङ र सुनसरी जिल्लाका कारागारहरूको अनुगमन गरिएको<br>- मोरङ जिल्लामा रहेको बाल सुधार गृहको अनुगमन गरिएको | मा.अ.अ. चिरञ्जीवी कोइराला<br>मा.अ.अ. तुलशा कार्की |
